मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

पूर्णांक ८२, साउन ०५९
(August 2002)

प्रकाश मानवअधिकार पुरस्कार-०५८

महिलाअधिकार संघर्षको अर्को नाम

वसन्तीदेवी झा

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ११, पूर्णाङ्क ४२, साउन २०५९

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

आवरण तथा ले-आउट
गोविन्द त्रिपाठी

विशेष सहयोगी
गीता माली

फोटो
विमलचन्द्र शर्मा

व्यवस्थापन
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं

पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन - २७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

साथमा

- फेरि पनि प्रकाशकै सम्झनामा - ३
- मानवअधिकारका अविश्रान्त सिपाही- ५
- आफ्नै बोलीको त इज्जत राखौं- १२
- अन्तर्राष्ट्रिय फौज्दारी अदालत - १७
- आमाको दुध खाँदाखाँदै- २१
- मानवअधिकार शिक्षा- २३
- महिलाको सम्पत्ति सम्बन्धी अधिकार- २५
- सर्वार्थ योगवाँणी- २९
- खोई कहाँ छ महिला अधिकार- ३०
- हत्या हिंसा बन्द गर- ३२

६

अब एक्ली छैनन्- वसन्तीदेवी। महिला अधिकारको लागि उनको निष्काम कर्ममा, राजनैतिक चेतना अभिवृद्धिका लागि उनको निष्काम कर्ममा, सामन्ती उत्पीडन विरुद्धको उनको निष्काम कर्ममा, सामाजिक रुढी र कुसंस्कार विरुद्धको उनको निष्काम कर्ममा उठेका छन्- गैंडाभेटपुरका महिलासँगै तमाम महिला र न्यायप्रेमी पुरुष। अब महिला मताधिकारको लागि वसन्तीदेवीको लडाई एक्लो रहेन। त्यो हामी सबैको सामुहिक लडाई बन्न पुगेको छ।

९

संकटकालको घोषणा गरेर राज्यले विद्यमान समस्याबाट आम नागरिकलाई विशेष सुरक्षा प्रदान गर्नु हो। उत्पन्न समस्या र असुरक्षाबाट नागरिकलाई थप मार पर्न नदिनका लागि राज्यले आफ्ना सबै शक्ति प्रयोग गर्नु पर्ने हो। तर अहिले माओवादी 'जनयुद्ध' का कारण उत्पन्न समस्याको मारमा परिरहेका आम सर्वसाधारणलाई सरकारले संकटकाल घोषणा पछि थप सुरक्षित भएको अनुभूति दिलाउनु सट्टा संकटकालीन अवस्थामा पनि अहरणीय रहेका नागरिक अधिकारहरुलाई घुमाउरो बाटो अपनाएर कुण्ठित गरेको छ।

१४

दुवै तर्फबाट जेनेभा महासन्धिको पालना 'भएको' र 'हुने' कुरा लगातार दोहोऱ्याइएको पाइन्छ। तर किन भइरहेको छैन- यसको पालना व्यवहारमा ? किन भइरहेको छ पटक-पटक यसको बेवास्ता ? र, किन कुल्चिएका छन्- जेनेभा महासन्धिका मर्महरु ? सबैले सोच्नु आवश्यक छ।

१९

भीमदत्तको टाउकोलाई सदरमुकाममा प्रदर्शन गरिएको थियो। उहाको टाउको बाँसको खम्बामा गाडेर जिल्ला प्रहरी कार्यालयको कम्पाउड भित्र भैरव गणेश स्थानको मन्दिर भएको ठाउँमा ३ दिनसम्म राखियो। *राजद्रोह र देशद्रोह गर्नेलाई यस्तै हुन्छ* भनेर त्यहाँ लेखिएको थियो। उहाँका आँखा बन्द थिए र बाँसका कप्टेराले खुलाइएका थिए।

Digitized By : Bimal Chandra Sharma

किन काँप्दैनन् कसैका हात ?

'सोक्रेटस्ले विष पिएको २३७० वर्ष पछि, क्राइष्टलाई टाँगिएको १९७० वर्ष पछि, थमस मूरलाई गिंडेको ४३५ वर्ष पछि र जर्दानो ब्रुनोलाई जिउँदै जलाएको ३७० वर्ष पछि पनि सयौं, हजारौं पुरुष तथा महिलाहरू अफ्ना दृष्टिकोणका लागि झ्यालखानमा दिनहरू बिताइरहेका छन्। तर, दृष्टिकोणलाई स्वतन्त्रता हुनु पर्छ। हिंसक मानिसलाई नियन्त्रण गर, तर जो आफूले सोचेको कुरा बोल्छ ऊ स्वतन्त्र हुनै पर्छ। र यदि ऊ फलामे डण्डी भित्र छ भने, अपमान उसको होइन, उसलाई त्यहाँ राख्ने व्यक्तिहरू कै हो।'

भ्वाइसेज फर फ्रिडम (१९८६) मा साल्भाडोर डे माडारिगाको कथन हो यो। जुनसुकै वाद, व्यवस्था वा राजनीतिक प्रणालीमा आधारित सरकार भए पनि, विश्वका सम्पूर्ण जसो राष्ट्रका संविधान, ऐन कानुन वा नियम पल्टाए पनि शायदै फेला पर्ला- यातनालाई छुट दिएको प्रावधान। तथापि, विश्वभरकै मानवअधिकार स्थितिलाई नियाल्ने हो भने शायदै फेला नपर्ला- व्यवहारतः यातनालाई अख्तियार नगरेको राज्य। र, राज्यहरूको पाखण्डी-गाथा लेख्ने हो भने एक 'महाभारत' मा मात्र अटाउँदैनन् शायद त्यस्ता गाथा।

भनिन्छ- साहित्य समाजको ऐना हो। त्यस ऐनामा समाजका असन्तुष्टिका, संघर्षका र विद्रोहका रूप देखिनु स्वाभाविक हो। यसर्थ कि, ती समाजका, शासनका विसंगतिबाट उत्पन्न भएका हुन्। तथापि, शासकीय पक्ष प्रायः यस तथ्यलाई अनुभूत गर्दैन, स्वीकार्न चाहँदैन र सच्याउन पनि चाहँदैन। ऊ त्यो ऐनालाई सँधै सँधैका लागि फोड्न चाहन्छ। तर पनि, पी. वी. शेली जस्ता कविहरू यस धरतीमा जन्मन्छन् नै। जो, शासनको कुरूप अनुहार ऐनामा देखाउन पटक-पटक पछि पर्दैनन्।

दुई सय वर्ष पहिलेको शोषणमूलक राज्य र समाजको प्रतिवादमा शेलीले आफ्नो एक कवितामा शोषित जनतालाई आह्वान गर्दै लेखेका थिए-

'छर वीउ, तर अत्याचारीलाई बाली उठाउन नदेऊ
कमाउ पैसा, तर फटाहालाई थुपार्न नदेऊ
बुन लुगा, तर अल्छीलाई लगाउन नदेऊ
बनाउ हतियार तर आफ्नै रक्षाको लागि लेऊ'

तर, आज पी. वी. शेलीले यो कविता लेखेको भए आफैंले महान कवि मानेको ब्रिटेनले निश्चित छ उनलाई आतंकवादीको आरोपमा शासनको कालो किताबमा दर्ता गर्नेथ्यो। र, शायद बबि स्याण्ड्सले जसरी नै कुनै झ्यालखानामा मृत्युवरण गर्न पुग्थे उनी। जब कि वैयक्तिक विचारको मामलामा, वैयक्तिक दृष्टिकोणको सवालमा र वैचारिक आस्थाको सवालमा एक्काइसौं शताब्दीको प्रजातन्त्र भनै फराकिलो, भनै सहिष्णु र भनै पूर्वाग्रहरहित हुनु पर्थ्यो। यसो हुन्थ्यो त, शेलीकै जस्तो आदर्शलाई पछ्याएर बन्दुक होइन कलम उठाउने कवि कृष्ण सेन किन मारिनु पर्थ्यो ?

पच्चिस वर्ष अघि, सैनिक तानाशाही शासनमा यातनाको कहर बर्साए बापत जब ३२ जना ग्रीक सैनिक तथा सैनिक पदाधिकारीहरूले अदालतको कठघरामा उभिनु पऱ्यो, तब एक अभियुक्त सैनिकका किसान पिताले भनेका थिए- हामी गरीब तर सम्मानित परिवार थियौं। र, अहिले म आफ्नो छोरालाई आततायी (Torturer) को रूपमा कठघरामा देख्दैछु। मेरो त्यो छोरो, जो केटो छँदासँबैले 'हिरा' भन्थे कसरी आज आततायी बन्न पुग्यो- म चाहन्छु अदालतले यो कुराको पनि विश्लेषण गरोस्। मेरो यो छोरा, जसले नैतिक रूपमा मेरो परिवार र मेरो घरलाई बर्बाद पारेको छ।

कृष्ण सेनलाई ज-जसले यातनाको शिकार बनाएका छन्, तिनका बाबु-आमाले पनि आ-आफ्ना छोरालाई जब यस्तै प्रश्न गर्न थाल्छन्, तब मात्र बुझ्नु पर्ने हुन्छ- यातनाको कालरात्रीमा एक मुठ्ठी उज्यालो झुल्किएछ।

हाम्रो आग्रह

यतिबेला हिंसात्मक भिडन्तमा संलग्न दुवै पक्षलाई चार कुरातर्फ ध्यान दिन हामी आग्रह गर्दछौं।

- शान्तिको कुनै विकल्प छैन र जस्तोसुकै अवस्थामा पनि वार्ता जारी रहनु पर्छ।
- जुनसुकै पक्षबाट मारिएकाहरूको आश्रित परिवारलाई राहत र सुरक्षा सरकारले दिनु पर्छ।
- भिडन्तमा मारिएकाको सनाखत हुन नसकेको अवस्थामा महिला, पुरुष, किशोर, किशोरी, बालबालिका आदिमा विभक्त गरेर संख्यात्मक मात्र भए पनि जानकारी सार्वजनिक गर्नु पर्छ।
- संकटकाल सकिनासाथ सरकारले र जनतामा जानासाथ माओवादीले यो बेलाका आफ्ना तमाम क्रियाकलापको औचित्य सिद्ध गर्नु पर्छ।

अतः आफ्नो कानुनी मर्यादा प्रति जागरूक हुन सरकारलाई र जनताको ज्यू, धन, सुविधा र नागरिक अधिकारप्रति संवेदनशील हुन माओवादीलाई आग्रह गर्दछौं।

फेरि पनि प्रकाशकै सम्झनामा

नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद् निधन भएको दश वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधानन्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नुभएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद् निधन भएको दश वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधानन्यायाधीश पी.एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नुभएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

प्रकाश काफ्लेको जन्म २६ डिसेम्बर १९५२ मा सिन्धुली जिल्लाको नांगेडाँडामा भएको थियो। १९६७ मा काठमाडौंको पद्मोदय माध्यमिक विद्यालयबाट एस.एल.सी. पास गरेपछि उहाँले बी.ए. सम्मको अध्ययन पूरा गर्नुभएको थियो।

उहाँले आफ्नो सार्वजनिक जीवनको शुभारम्भ पत्रकारिताबाट गर्नुभयो। १९७३ मा प्राची साहित्यिक पत्रिकाको सम्पादन सँगसँगै लेखनतिर पनि लाग्नुहुने उहाँ स्वतन्त्र पत्रकारको रुपमा "दैनिक समाज" सँग पनि सम्बद्ध रहनुभयो। १९८२ मा हेटौंडाबाट आफ्नै सम्पादनमा उहाँले "साप्ताहिक खबर" संचालन गर्नुभयो। पंचायती निरंकुशताविरुद्ध जनचेतना अभिवृद्धि गर्न सदा समर्पित रहेर पत्रकारितामा लाग्नुभएका प्रकाश काफ्लेले प्रकाश, छलङ्गल, ज्वाला आदि पत्रिकाहरुको सम्पादन र संचालनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउनुभयो। त्यस क्रममा उहाँ गिरफ्तारीमा पनि पर्नुभयो।

निरंकुशताविरुद्ध विभिन्न न्यायिक आन्दोलनहरुलाई प्रभावित पार्ने र विविध ठाउँमा विस्तारित गर्ने उद्देश्यले उहाँले आफूलाई मानवअधिकारप्रति समर्पित गर्ने निर्णय गर्नुभयो। १९८४ मा मानवअधिकार संरक्षण मंचको स्थापना भयो र प्रकाश काफ्ले त्यसको महासचिव चुनिनुभयो। उहाँकै सक्रियतामा सोही वर्षदेखि १० डिसेम्बरका दिन नेपालमा मानवअधिकार दिवस मनाउन थालियो भने राजबन्दी रिहाई अभियान संचालनमा समेत उहाँको भूमिका महत्वपूर्ण रहन गयो।

पंचायती हिंसा, दमन र उत्पीडनका विरुद्ध मानवअधिकारको बहालीका लागि मानवअधिकार संरक्षण मञ्चको तर्फबाट सक्रिय रहँदै आउनुहुने प्रकाश काफ्ले २०४६ सालको संयुक्त जनआन्दोलनलाई सङ्गल बनाउन निकै नै सक्रिय रहनुभयो। युरोप पुगेर नेपाल सहयोग समूह गठन गरी आन्दोलनको पक्षमा प्रचार अभियान चलाउनमा उहाँ सफल हुनुभयो।

बहुदलीय व्यवस्थाको स्थापनापश्चात उहाँ ०१७ सालपछि बेपत्ता पारिएकाहरुको खोजविन गर्ने आयोग, मानवअधिकार हनन तथ्य संकलन समिति, जनआन्दोलनपीडित उच्चस्तरीय समिति र प्रजातन्त्रका सेनानीहरुको नामावली संकलन समितिको सदस्य रहेर आफ्नो जिम्मेवारी सक्रियतापूर्वक पूरा गर्दै आउनुभएको थियो। २०४३ सालमा जनपक्षीय व्यक्तिहरुसमेत उम्मेदवार भएको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन र २०४८ सालको संसदीय आमनिर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउन पर्यवेक्षण टोलीका तर्फबाट उहाँले खेल्नुभएको भूमिका अत्यधिक प्रशंसित रहन पुगेको थियो।

मानवअधिकार आन्दोलनलाई नयाँ ढंगले अगाडि बढाउने उद्देश्यले स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को उहाँ निर्देशक हुनुहुन्थ्यो। इन्सेकद्वारा संचालित मानवअधिकार सचेतन अभिवृद्धि कार्यक्रमका श्रष्टा प्रकाश काफ्ले नै हुनुहुन्थ्यो। उहाँले नेपालमा मानवअधिकारको स्थितिलाई व्यापकरुपमा समेटेर प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्ने र बँधुवा मजदूरसम्बन्धी अध्ययन-अनुसन्धान गर्ने योजनाको निर्माण पनि गर्नुभएको थियो। उहाँको यो सोचाइलाई मूर्तरुप दिएर इन्सेकले मानवअधिकार वर्ष पुस्तकको प्रकाशन शुरु गरी हालसम्म दश वटा वर्ष पुस्तक प्रकाशित गरेको छ भने बँधुवा मजदूर सम्बन्धी प्रतिवेदन पनि प्रकाशित भैसकेको छ। त्यस्तै बँधुवा मजदूर मुक्ति मोर्चा र पीडित महिला मंचको गठन गर्नुपर्ने सोचाइलाई पनि उहाँले अगाडि बढाउनुभएको थियो। दक्षिण एशियाली मानवअधिकार मंच पनि उहाँकै सोचाइअनुरुप स्थापना हुन पुगेको थियो।

मानवअधिकार आन्दोलनलाई अगाडि बढाउँदै जाने क्रममा उहाँको जिम्मेवारी नेपाललाई केन्द्र बनाएर दक्षिण एशियाली क्षेत्रमा विस्तारित हुन पुग्यो। उहाँले नेपालको राजनीति र मानवअधिकारको स्थितिलाई विश्वसामु परिचित गराउने कुरामा समेत योगदान पुऱ्याउनुभयो।

प्रकाश काफ्ले एशियन कल्चरल फोरम अन डिभलपमेण्ट, एशिया प्यासिफिक व्युरो अफ एडल्ट एजुकेशन, साउथ एशियन जुडिसियरी टास्कफोर्स, मानवअधिकारसम्बन्धी एशिया फोरम जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुको सदस्य हुनुहुन्थ्यो। उहाँले पत्रकारको रुपमा बंगलादेश, पाकिस्तान, चीन, उत्तर कोरिया, भारत र हङ्ककङ्गको भ्रमण गर्नुभएको थियो। मानवअधिकारवादी कार्यकर्ताको रुपमा प्रकाश काफ्लेले थाइल्याण्ड, फिलिपिन्स, स्वीट्जरल्याण्ड, जर्मनी, हल्याण्ड, श्रीलंका, भारत, बंगलादेश, पाकिस्तान, हङ्ककङ्ग, ताइवान, कोलम्बिया र मेक्सिकोको भ्रमण गर्नुभएको थियो।

सुशील-प्रकाश, रुपेशकुमार र स्मृतिको नामबाट लेखहरु लेख्नुहुने प्रकाश काफ्लेले मानवअधिकारसम्बन्धी धुप्रै पुस्तकहरुको सम्पादन गर्नुभएको छ। साउथ एशियन एक्स्चेन्ज बुलेटिनको नियमित प्रकाशन उहाँको सम्पादनमा शुरु भएको थियो।

आफ्नो जीवनको अन्तिम समयमा उहाँ भूटानको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग पुऱ्याउन सक्रिय रहनुभएको थियो। उहाँले भूटानमा मानवअधिकारको स्थितिबारे अध्ययन गर्ने साउथ एशियन जुडिसियरीको संयोजन मात्र गर्नुभएन, भूटानी प्रजातान्त्रिक आन्दोलनको इतिहासलाई समेट्ने "दि भूटान ट्रेजेडी ह्वेन वील इट इण्ड" नामको पुस्तक प्रकाशनमा समेत ठूलो भूमिका निर्वाह गर्नु भएको थियो।

उहाँको सपना थियो- पिपुल्स सार्कको गठन गर्ने। त्यस्तै उहाँको अर्को सपना पनि थियो- नेपालमा इन्टरनेशनल कांग्रेस अन डेमोक्र्याटिक अल्टरनेटिभ फर डेभलेपमेन्ट, ह्युमन राइट्स जस्टिस एण्ड पिस् आयोजना गर्ने। यो सपनालाई उहाँले पूरा गर्न पाउनु भएन। हामीले उहाँको यो सपनालाई हृदयमा साँचेका छौं र त्यसलाई पूरा गर्ने प्रण गर्नुपर्ने आवश्यकता भएको महसूस पनि गरेका छौं।

"मानवअधिकारको रक्षा र विकास जनताको सचेतन, जागरण र संगठित आवाजबाट मात्र सम्भव छ" नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले यसो भन्नुहुन्थ्यो। जनताको त्यही सचेतन जागरण र संगठित आवाजप्रति प्रतिबद्ध हुँदै सामाजिक न्याय र मानवअधिकारको निम्ति अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कार्यरत् छ। मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको स्मृतिमा ०५१ सालमा इन्सेकद्वारा एक पुरस्कारको स्थापना गरियो। पुरस्कारको रकम रु. २५ हजार, अभिनन्दनपत्र तथा इन्सेकको कलात्मक प्रतीक चिह्न (लोगो) रहेको छ। मानवअधिकारको सवाललाई जनताको प्रत्यक्ष सरोकारको विषय बनाउने अभियानमा निरन्तर लाग्नुभएका प्रकाश काफ्लेको स्मृतिलाई चिरस्मरणीय बनाउँदै उहाँकै नाममा स्थापित यो पुरस्कार मानवअधिकारका विविध पक्षमा उल्लेखनीय योगदान पुऱ्याउने विशिष्ट व्यक्तित्वको छनौट गरी हरेक वर्ष एक जनालाई प्रदान गर्ने गरिएको छ। त्यस्तो विशिष्ट व्यक्तिको छनौट गरी हरेक वर्ष प्रकाश काफ्लेको स्मृति दिवस (साउन १६ गते) का अवसरमा आयोजित विशेष समारोहमा यो पुरस्कार प्रदान गरिन्छ।

मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले आफ्ना मानवीय भावना र कामले आज अमर हुनुहुन्छ। नामका लागि हैन, कामका लागि सदैव क्रियाशील रहनुहुने स्वर्गीय काफ्लेलाई उहाँकै योगदानहरुले अमरता प्रदान गरेका छन्।

मानवअधिकारका अविश्रान्त सिपाही

एकीकृत र गोलबन्द मानवअधिकार आन्दोलनका लागि हाम्रो देशका अगुवा मानवअधिकारकर्मीहरुले प्रशस्त मिहिनेत गर्नु भएको थियो । तिनै मेहनती मध्येका एक प्रकाश काफ्ले हुनुहुन्थ्यो । अहिले फेरि त्यो एकीकृत र गोलबन्द प्रयासको आवश्यकता टड्कारो भएको छ । र यस्तो एकता निरन्तर रहनु पर्छ ।

- सुबोधराज प्याकुरेल

केही मानिस दुनियामा यसरी आफ्नो उपस्थिति जनाएर जाँदा रहेछन् कि- हरेक संकटका बेला उनीहरुको स्मरण ताजा हुने गर्दो रहेछ। अहिले हाम्रो मुलुक संकटकालको घेराबन्दीमा परेको छ। जनता दोहोरो मारमा परेका छन्। हिंसालाई नै राजनीतिको माध्यम बनाउनेहरुको त कुरै भएन, राज्यले पनि संवेदना गुमाउँदै गएको छ।

वाणी विहीनहरुको, अपहेलित र त्रसितहरुको दमनमा परेकाहरुको आवाज कसले बोलिदिने ? जनता मानवअधिकारकर्मीहरुप्रति हेरिरहेछन्। सरकारको र सबै राजनीतिक दलहरुको मूल्यांकन गरिरहेका छन्। आक्रान्तहरुको क्षतविक्षत लासको छेउमा किंकर्तव्यविमुढ भएकाहरुले 'कठैबरा' भन्ने शब्दसम्म पनि सुन्न पाएका छैनन्।

जनताको पक्षमा आधा शताब्दीको जीवन र अनेक खतरनाक मोडहरुमा हामफालेकाहरु पत्रिका र रेडियोमा बेस्कन कुर्लिन्छन्। निरापद गाउँहरुमा हुल बाँधेर हिंड्छन्। धरापमा जेलिएका असहायहरु तर्फ उनीहरुको पाइला बढ्न सकेको छैन। यस्तो बेलामा खतरासँग पौंठेजोरी खेल्दै सबैको ढोका-ढोका ढक्ढक्याउन र तिनलाई पिंढी, चौतारी, गढा-कान्ला अनि गोरेटाहरुसम्म ल्याइपुऱ्याउन सक्नेहरुको अभाव साँह्रै खड्किंदो रहेछ।

त्यस्तो व्यक्तित्वको धनी हुनुहुन्थ्यो- प्रकाश काफ्ले। उहाँ वास्तवमा अथक मानवअधिकार योद्धा हुनुहुन्थ्यो। किनकि, पंचायतकालमा मानवअधिकारको वकालत गर्नु भनेको युद्ध लड्नु जत्तिकै कठिन थियो। र, त्यो युद्धको अविश्रान्त सिपाही हुनुहुन्थ्यो- प्रकाश काफ्ले।

उहाँलाई जसले एकपटक भेटघाट गऱ्यो, बिर्सेन। जसले एकपटक संगै काम गऱ्यो, छोडेन। जनताको अधिकारलाई हरेक व्यवहार र सिद्धान्त भित्र खोजतलास गरेर उजागर गरिदिने उहाँको कार्यशैली थियो। यो राजनीतिक बबन्डर र हिंसाको लहरको बेलामा प्रकाश काफ्लेलाई सम्झौं र मानवअधिकारको उल्लंघन गर्ने हरेक विचार र व्यवहारको डटेर मुकाबिला गरौं।

एकीकृत र गोलबन्द मानवअधिकार आन्दोलनका लागि हाम्रो देशका अगुवा मानवअधिकारकर्मीहरुले प्रशस्त मिहिनेत गर्नु भएको थियो। तिनै मेहनती मध्येका एक प्रकाश काफ्ले हुनुहुन्थ्यो। अहिले फेरि त्यो एकीकृत र गोलबन्द प्रयासको आवश्यकता टड्कारो भएको छ। र, यस्तो एकता निरन्तर रहनु पर्छ।

प्रकाशजी भन्नुहुन्थ्यो- 'तपाई थाल्नुस्। सक्नेहरु पछिसम्म सँगै हुन्छन्, नसक्नेहरु कमसेकम जतिसम्म सक्छन् त्यतिन्जेल त सँगै हुन्छन्।'

आज दशौं प्रकाश स्मृति दिवसले हामीलाई त्यही सन्देश र प्रेरणा दिइरहेको छ।

मताधिकारका लागि निरन्तर संघर्षशील व्यक्तित्व : वसन्तीदेवी झा

संविधानले 'राज्यले धर्म, जाति, जात (वर्ण), लिङ्ग, जन्मस्थान वा यस्ता कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव गर्ने छैन' भन्ने समानताको हकको व्यवस्था गरे पनि गैंडाभेटपुरका महिलाले त्यो हक उपभोग गर्न पाएका छैनन्। यही हकको प्राप्तिका लागि, संघर्षरत नागरिक हुन्- वसन्ती देवी। यस अर्थमा उनी संविधानको व्यवहारिकरण सबलिकरणका लागि अनवरत संघर्षरत सचेत नागरिक हुन्। कागजमा लेखिएको अधिकार भन्दा व्यवहारमा देखिने अधिकार सयौं गुणा बढी महत्वपूर्ण हुन्छ। संविधानद्वारा प्रदत्त हक, अधिकार उपयोग गर्न पाउनु पर्छ भनेर त जो पनि भन्न सक्छ, तर कैयौं कष्ट, अपमान, बेइज्जति र पीडा सह्दै त्यसको व्यवहारिक प्रयोगका लागि वसन्ती देवी झा झैं सबै संघर्ष गर्न सक्दैनन्।

महोत्तरी गैंडाभेटपुरका अरु महिला र वसन्ती देवी झा बीच त्यति धेरै भिन्नता छैन। अरु महिलाहरुले झैं उनी पनि पूरै समय घरधन्दा, घाँस, दाउरा र मेलापात मैं बिताउने गर्छिन्। सामाजिक रीतिरिवाज, चाडपर्व, परम्परा र आर्थिक अवस्था पनि सबैको उस्तै छ। तर पनि फरक छिन्- वसन्ती देवी। किनकि उनी महिला मात्र हैन, स्वतन्त्र देशको सार्वभौमसत्ता सम्पन्न नागरिक हुन चाहन्छिन्। त्यसैले उनी महिलालाई भोट हाल्न नदिने समाजको कथित निर्णयका विरुद्ध निर्भिकताका साथ उभिन्छिन्। र, प्रत्येक चुनावमा एक नागरिकका हैसियतले आफ्नो अमूल्य मत हालेरै छोड्छिन्। भोट हाले बापत खेप्नु पर्ने सामाजिक अपमान र हेलाँ होचोको उनी कुनै परवाह गर्दिनन्। उनलाई राम्ररी थाहा छ- देशको प्रत्येक नागरिकलाई आफ्नो प्रतिनिधि आफै छान्न पाउने अधिकार छ। मतदाताको सूचीमा नाम भएर पनि गैंडाभेटपुरका साढे २२ सय महिलाले 'समाजको निर्णयानुसार' आफ्नो मताधिकार प्रयोग गर्न पाएका छैनन्। र, त्यो कथित सामाजिक निर्णय निरन्तर उल्लंघन गर्ने एक मात्र महिला हुन्- वसन्ती देवी झा।

महोत्तरी जिल्लाको सदरमुकामबाट साढे पाँच कोस दक्षिणपूर्व पर्ने गैंडाभेटपुरका महिलाहरुले मतदानको अधिकार अहिलेसम्म पाएका छैनन्। प्रत्येक चुनावभन्दा एक हप्ता जति अगाडि बस्ने सर्वदलीय वैठकले महिलालाई मताधिकार नदिने निर्णय गर्दछ। कूल मतदाा मध्ये आधा जति संख्या महिलाको छ। तर पनि पुरुषले उनीहरुलाई मतदान गर्न दिंदैनन्। यस्तो असमान, अप्रजातान्त्रिक र भेदभावपूर्ण निर्णयप्रति वसन्ती देवीको कहिल्यै सहमति हुँदैन। 'नारी र पुरुष बराबर हुन्, मतदानमा दुवैको बराबर अधिकार छ' भन्दै उनले मतदानका लागि आवाज उठाउने गरेको धेरै भइसकेको छ। त्यहाँको 'मर्द समाज' उनको यस्तो न्यायिक आवाजको कदर गर्न त के सुन्न पनि चाहँदैन। अरुले साथ नदिए पनि उनका श्रीमान् मधुकान्त झाले भने निकै साथ दिएका छन्। चुनावको दिन मधुकान्त वसन्तीदेवीको 'गार्ड' भएर आफूमात्र जाँदैनन्, भाई पशुपति र छोरा राजेशलाई पनि साथमै लिन्छन्। वसन्तीदेवी माथि अपमान र हेलाँ होचोको शाब्दिक प्रहार मात्र हुँदैन, उनी माथि शारीरिक आक्रमण हुने धम्की पनि आउँछ। जसका कारण मधुकान्त, शशिकान्त र राजेशले उनको सुरक्षा गरिदिनु पर्दछ।

नेपाली समाज अशिक्षा, अन्धविश्वास र कुरीतिले जकडिएको छ। दैनिक जीवनमा आइपर्ने व्यवहारदेखि चाडपर्व र अन्य अवसरहरुमा समेत यस्तै कुराको प्रभाव पर्छ। असल र खराब छुट्याउन सक्ने क्षमताको अभावमा खराबलाई नै अन्तिम सत्य मानेर धेरै मान्छेहरु त्यसैमा अडिग भइरहेका हुन्छन्। एक किसिमले भन्ने हो भने यो नेपालीको विवशता पनि हो। खासमा गैंडाभेटपुर पनि यसैको शिकार भएको हो। तर विडम्बना तब झल्किन्छ, जब पढे लेखेका शिक्षित नागरिक पनि परम्परा र चलनको नाममा त्यस्ता विकृतिलाई नै स्वीकारिरहन्छन्। अझ मौन स्वीकृति मात्र दिंदैनन्, विद्यालयका शिक्षक, क्याम्पसमा पढ्ने विद्यार्थी समेत महिलालाई मतदान गर्न दिने कुराको किन विरोध गर्छन् ? उनीहरुले नारी र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् भन्ने वाक्य कतिपल्ट पढे होलान्, कति पल्ट पढाए होलान्। तर पनि उनीहरुको घैंटोमा किन घाम लाग्दैन ? वसन्ती देवी बारम्बार यही प्रश्न दोहोऱ्याउछिन्। उनले आठ कक्षासम्म मात्र पढेकी छन्। तर पनि महिलाले निर्वाध रुपमा मतदान गर्न पाउने कुरा उनलाई राम्ररी थाहा छ। जब उनी यो प्रश्न स्थानीय शिक्षित व्यक्तिसंग राख्छिन्, तब यस्तो ओठे जवाफ पाउँछिन्- 'अन्यत्र महिलाहरु वेश्यावृत्तिमा लागेका छन्, हामीले पनि वेश्यावृत्ति गर्न दिने त ?' साँच्चै मतदानको अधिकारका लागि लड्दा वसन्ती देवीले अनेकौं कष्ट र

अप्ठ्याराहरुको सामना गर्नु परेको छ। के उनले माग गरेको मतदानको अधिकार र वेश्यावृत्ति बीच तुलना हुन सक्छ ? एउटा नागरिकको हैसियतले प्राप्त अधिकारमाथि धावा बोल्ने अधिकार ती 'मर्द' हरुलाई कसले दियो ?

महिलाले मतदान गर्दा पुरुषलाई के त्यस्तो घाटा हुन्छ ? यसको जवाफ ती निर्णयकर्ताहरुसँग छैन। खाली उनीहरु एउटै कुरा दोहोऱ्याउँछन्- परम्परा तोडिन्छ। त्यो कस्तो परम्परा हो, जसले आफ्नै आमालाई अयोग्य सावित गर्छ ? त्यो कस्तो परम्परा हो, जसले आफ्नै दिदी, बहिनी र स्वास्नीको अपमान गर्छ ? के पुरुषले श्रृष्टिको आरम्भदेखि नै मत हाल्न पाएका थिए ? अवश्य थिएनन्। नेपालमा मतदानको अभ्यास आरम्भ भएको ५५ वर्ष भयो। त्यस अगाडि मत हाल्ने परम्परा कहाँ थियो पुरुषको ? वसन्ती देवी बारम्बार यही प्रश्न दोहोऱ्याउँछिन्। प्रत्युत्तरमा धम्की, अपमान र हेला-होचोको पीडा खेप्छिन्। तर पनि उनले हरेश खाएकी छैनन्। यही नै उनको महानता हो। त्यसैले नै उनले अनेकौं धम्की, पीडा र अपमानको परवाह नगरी महिला मताधिकार संरक्षण समिति गठन गरेकी छन्। पहिला-पहिला एक्लै मतदान गर्ने वसन्तीदेवी ०५६ को आम निर्वाचनमा ११ जना सहभागी जुटाउन सफल भएकी थिइन्।

'यस गाउँमा महिलाका लागि चुनाव कहिल्यै आएन'- वसन्ती देवी पटक-पटक यही कुरा दोहोऱ्याउँछिन्। जब चुनाव आउँछ, परम्परा तोडिने तर्क दिइन्छ। अझ त्यो भन्दा पनि जोडदाररुपमा त महिलाहरु मत हाल्न गएमा झगडा हुन्छ भनिन्छ। तर्साउने, डराउने र धम्क्याउने उपाय प्रयोग गरेरै भए पनि महिलामाथि अंकुश लगाइन्छ। के त्यसो भए पुरुष मात्र भएमा झगडा हुँदैन त ? यसको जवाफ कसैले दिने हिम्मत गर्दैन। पर्दा (घुँघट) प्रथा तोडिने तर्क दिँदै मतदानमा महिला सहभागितामा बन्देज लगाइन्छ। गैडाभेटपुरका 'मर्द' हरुको तर्क छ- 'आफ्नी छोरी, चेली र स्वास्नीले अर्काका अगाडि अनुहार देखाएर कुरा गरेको कसैलाई सह्य छैन'- यो नारीहरुमाथिको सम्मान हो कि अपमान ? उनीहरु पुरुषबाटै काम चलिहाल्छ भने महिलालाई वेकारमा किन सहभागी बनाउने भन्ने प्रश्न गर्छन्। वसन्ती देवीलाई यस्ता कुनै पनि तर्क स्वीकार्य छैनन्। उनी भन्छिन्- 'अरु जे कुरा भने पनि हामी (महिला) ले पनि मत हाल्न पाउनु पर्छ।'

हाम्रो देशमा प्रजातन्त्रको पुनर्वहाली भएको बाह्र वर्ष नाघिसकेको छ र नेपाल अधिराज्यको संविधान ०४७ निर्माण भएको पनि बाह्र वर्ष पुग्दैछ। यतिका वर्षसम्म पनि हाम्रो देशका नागरिकहरुले न्यूनतम हक अधिकारहरु उपयोग गर्न पाएका छैनन्। हाम्रो संविधानको धारा ४५(६) ले '१८ वर्ष पूरा भएको प्रत्येक नेपाली नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम कुनै एक क्षेत्रमा मतदान गर्ने' अधिकारको ग्यारेण्टी गरेको छ। तर यो व्यवस्था गैडाभेटपुरका महिलाका लागि आकाशको फल मात्र भएको छ। दुःखलाग्दो गिडम्बना त त्यतिबेला देखिन्छ, जतिबेला गैडाभेटपुरमा महिलाले बोकेको ७, ८ वर्षको बच्चाले मतदान गर्छ तर ती आमाहरु मतदानका लागि अयोग्य ठहरिन्छन्। अझ

प्रशंसा-पत्र

वसन्तीदेवी- जसका कदमहरु निरन्तर महिला अधिकारका लागि अगाडि बढिरहे। महिलाहरुको जीवन डाम्न खोज्ने औंसी विरुद्ध जसका हातहरुले खबरदारी गरिरहे। आधा आकाश महिलाहरुको पनि हो। तर, जसले खोस्न खोजे ती विरुद्ध जसका आवाज गर्जिरहे। वसन्तीदेवी- जसका मन, वचन र कर्मले सामन्ती चिन्तन विरुद्ध जेहाद छेडिरहे।

वसन्तीदेवी- जसको लागि प्रजातन्त्र शब्दको आडम्बर मात्र थिएन। वसन्तीदेवी- जसको लागि मानवअधिकार संविधानको शोभा मात्र थिएन। वसन्तीदेवी- जसको लागि महिला अधिकार ऐन-कानुनमा निगाहसाथ राखिएका अक्षरहरु मात्र थिएनन्। वसन्तीदेवी- जसको लागि मताधिकार कागजको खोस्टो सरह मात्र थिएन। र, वसन्तीदेवी- जसको लागि मानवअधिकार पुरुषको मात्र पेवा थिएन।

वसन्तीदेवी- जसको जन्म समयको आवश्यकता हो। जब जब पितृसत्तात्मक चिन्तन महिलालाई कुँजो बनाउन खोज्छ। जब जब सामन्ती चिन्तनले महिलालाई दासी बनाउन खोज्छ। जब जब पुरुषको अहम्ले महिलाको स्वाभिमानलाई गाँज्न खोज्छ। जब जब महिला हुनुकै नातामा उत्पीडन र बेइज्जति महिला माथि थोपरिन्छ। र, जब जब मानवताको शीरोच्छेदन गरेर महिला माथिको अतिचारले सीमा नाघ्छ। तब तब वसन्तीदेवीहरुको जन्म यस धरतीलाई आवश्यक हुन्छ।

धेरैले सुनेका छन् झाँसीकी रानीको कथा। उनले तरवार उठाएकी थिइन्। तर कमैले सुनेका छन् महोत्तरीकी नायिकाको कथा- जसले मतपत्र उठाएकी छिन्। ती संघर्षशील नायिका हुन्- वसन्तीदेवी झा। झाँसीको रानीको तरवार भन्दा वसन्तीदेवीको मतपत्र ज्यादा वजनदार, ज्यादा शक्तिशाली र ज्यादा ओजपूर्ण छ। वसन्तीदेवी- जसको लागि मतपत्र प्रजातन्त्र, स्वतन्त्रता, समानता र मानवअधिकारको गौरवशाली प्रतीक हो। जसको लागि मताधिकार प्रजातन्त्रको मर्म र आत्मा हो। तब त, महिलाको मताधिकार खोस्न चाहने जमातका चक्रव्यूह विरुद्ध लामो समयसम्म एक्लो लडाई लडिरहिन्- वसन्तीदेवी।

अब एक्ली छैनन्- वसन्तीदेवी। महिला अधिकारको लागि उनको निष्काम कर्ममा, राजनैतिक चेतना अभिवृद्धिका लागि उनको निष्काम कर्ममा, सामन्ती उत्पीडन विरुद्धको उनको निष्काम कर्ममा, सामाजिक रुढी र कुसंस्कार विरुद्धको उनको निष्काम कर्ममा उठेका छन्- गैडाभेटपुरका महिलासँगै तमाम महिला र न्यायप्रेमी पुरुष। अब महिला मताधिकारको लागि वसन्तीदेवीको लडाई एक्लो रहेन। त्यो हामी सबैको सामुहिक लडाई बन्न पुगेको छ। वसन्तीदेवीको यही गौरवशाली विगत र वर्तमानका लागि प्रकाश मानवअधिकार पुरस्कार- ०५८ सँगै प्रदान गरिएको छ- यो प्रशंसा पत्र। र, इन्सेक कामना गर्दछ- वसन्तीदेवी झाको मानवअधिकार प्राप्तिको संघर्षले सगरमाथा चुमोस्।

विनयकुमार कसजू
अध्यक्ष
प्रकाश मानवअधिकार
पुरस्कार छनौट समिति

सुबोधराज प्याकुरेल
महासचिव
इन्सेक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्यङ्गचाटार, काठमाडौं
फोन नं. २७८७७०

प्रकाश स्मृति दिवस
२०५९ साउन १६ गते
काठमाडौं

विडम्बनापूर्ण आश्चर्य त यो छ कि, ०५४ को स्थानीय निकायको निर्वाचनमा महिलालाई उम्मेदवार बनाउनै पर्ने अनिवार्यताका कारण उम्मेदवार बनाइए पनि उनीहरुलाई मतदानमा सहभागी हुन भने दिइएन।

संविधानले 'राज्यले धर्म, जाति, जात (वर्ण), लिङ्ग, जन्मस्थान वा यस्ता कुनै विषयको आधारमा कुनै नागरिकलाई भेदभाव गर्ने छैन' भन्ने समानताको हकको व्यवस्था गरे पनि गैंडाभेटपुरका महिलाले त्यो हक उपभोग गर्न पाएका छैनन्। यही हकको प्राप्तिका लागि, संघर्षरत नागरिक हुन्- वसन्ती देवी। यस अर्थमा उनी संविधानको व्यवहारिकण र सवलिकरणका लागि अनवरत संघर्षरत सचेत नागरिक हुन्। कागजमा लेखिएको अधिकार भन्दा व्यवहारमा देखिने अधिकार सयौं गुणा बढी महत्वपूर्ण हुन्छ। संविधानद्वारा प्रदत्त हक, अधिकार उपयोग गर्न पाउनु पर्छ भनेर त जो पनि भन्न सक्छ, तर कैयौं कष्ट, अपमान, बेइज्जति र पीडा सहँदै त्यसको व्यवहारिक प्रयोगका लागि वसन्ती देवी झा झैं सबै संघर्ष गर्न सक्दैनन्। उनले कुनै विशिष्ट शिक्षा ग्रहण गरेकी छैनन्, कुनै चर्चित दर्शनबाट निर्देशित छैनन्। तर पनि उनी कुनै नागरिक अधिकारवादी र मानवअधिकारवादी भन्दा कम छैनन्। यसर्थ, उनी मुलुकको मानवअधिकार र सामाजिक न्यायको आन्दोलनको एक दरिली सहयात्री हुन्, समानता र न्यायका लागि गरिने आन्दोलनकी प्रेरणापुञ्ज हुन्।

साधना प्रधान काठमाडौं नगरपालिकाको सदस्यमा निर्वाचित भएको ५५ वर्ष बितिसकेको छ। २००७ सालमा प्रजातन्त्रको स्थापना पछि नेपालमा प्रथम पटक प्रकाशित सरकारी सूचनामा भनिएको थियो- '२००८ साल कार्तिक १ गते २१ वर्ष वा सो भन्दा बढी उमेर भएका र २००७ साल मंसिर मसान्तभित्र नेपाल अधिराज्यभित्र कमसेकम ६० दिन बसेका नेपालका नागरिक स्त्री, पुरुषलाई मतदानको अधिकार दिइएको छ।' यस्तो व्यवस्था भएको आधा शताब्दी पछि पनि मतदानको अधिकार नपाएका गैंडाभेटपुरका महिलाको पक्षमा आवाज उठाएर वसन्ती देवीले उनीहरुको अधिकारका लागि मात्र घच्घच्याएकी छैनन्, २१ औं शताब्दीको नेपाली समाज, हाम्रा नियम, कानुन र व्यवस्था माथि नै व्यंग्य प्रहार गरेकी छन्। अपमान र घृणाको विष आफूले पिएर पनि वसन्तीदेवीले नेपाली समाजलाई बाटो देखाउन खोजेकी छन्।

'वसन्तीले भोट हालेकै कारण हाम्रो परिवारले समाजमा गाली र असहयोग खेप्ने गरेको छ' यो भनाइ हो- वसन्ती देवीका पति मधुकान्त झा को। उनी आफैं पनि राजनीतिक कार्यकर्ता हुन्। 'महिला अधिकारको पक्षमा बोलेकोले मैले गाविस उपाध्यक्षमा पराजित हुनु पऱ्यो' उनको दावी छ। ०५६ वैशाख २३ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समक्ष वसन्ती देवीकै नेतृत्वमा मतदान गर्न पाउँ भनी ७४ जना महिलाले निवदेन नै दिएका थिए। त्यसपछि महिला दबाब समूहको आग्रह बमोजिम गैंडाभेटपुरको मतदान केन्द्रमा महिला सुरक्षाकर्मीको व्यवस्था गरियो। तर, त्यो भन्दा पनि कडा त समाजको निर्णय थियो। गैंडाभेटपुरका महिलाले लगाएको घुँघट उत्रिएन। अझ त्यो भन्दा पनि विडम्बना

समाजका घुँघटवादीहरुका आँखाको कसिंगर बने पनि, अलच्छिनी र परम्परा विरोधीको उपमा पाए पनि, शारीरिक आक्रमणको चेतावनी पाए पनि र हिंसाको शिकार बन्ने चेतावनी पाए पनि वसन्ती देवी आत्तिएकी छैनन्, उनी डराएकी छैनन् र आफ्नो लक्ष्यबाट विचलित पनि भएकी छैनन्।

त त्यहाँका पुरुषहरुको अन्धविश्वासको घुँघट खुलेन। वसन्ती देवी ती दुवैथरि घुँघट विरोधी योद्धा हुन्। समाजका घुँघटवादीहरुका आँखाको कसिंगर बने पनि, अलच्छिनी र परम्परा विरोधीको उपमा पाए पनि, शारीरिक आक्रमणको चेतावनी पाए पनि र हिंसाको शिकार बन्ने चेतावनी पाए पनि वसन्ती देवी आत्तिएकी छैनन्, उनी डराएकी छैनन् र आफ्नो लक्ष्यबाट विचलित पनि भएकी छैनन्। आफ्नो आन्दोलन प्रतिको प्रतिबद्धतामा कुनै कमी नआउने दृढता व्यक्त गर्दै वसन्ती देवी भन्छिन्- "जतिसुकै अप्ठेरो परे पनि महिलाले मत हाल्न नपाउन्जेल म लडिरहन्छु।"

संयुक्त राष्ट्रसंघद्वारा सन् १९७९ मा पारित महिलामाथि हुने सबै प्रकारका भेदभाव निर्मूल पार्ने अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले निःशर्त अनुमोदन गरेको ११ वर्ष बितिसकेको छ। त्यसको धारा १ र २ मा महिलाले सम्पूर्ण निर्वाचनमा भाग लिन पाउने र कुनै भेदभाव विना पुरुष सरह महिलाहरु कुनै पनि निर्वाचित निकायमा निर्वाचित हुन पाउने व्यवस्था छ। तर गैंडाभेटपुरका पुरुषहरु अझै भन्दैछन्- "चुनावबारे महिलालाई के मतलव ? यो त मर्द मानिस बीचको विषय हो।" वसन्ती देवीलाई यो भनाई कुनै हालतमा पनि स्वीकार्य छैन। सन् १९९९ मे २ को 'टाइम्स अफ इन्डिया' सँगको कुराकानीमा उनले भनेकी छन्- "बरु मेरो रगत बग्ला, तर म भोट हाल्न छोड्ने छैन।" सो पत्रिकाले उनको कदमलाई 'एउटा विद्रोहीको कदम' को संज्ञा दिएको छ।

वसन्तीदेवी झाको जन्म ५३ वर्ष अगाडि भएको हो। उनी महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नं. ३ मा पर्ने गैंडाभेटपुर गाविसको वडा नं. १ की वासिन्दा हुन्। नजिकैको पर्सा देवाड गाविसमा पनि महिलालाई मतदान गर्न नदिने चलन छ। तर गैंडाभेटपुरको भन्दा पर्सा देवाडमा स्थिति सुधिएको छ। आफ्नो गाविसमा पनि स्थिति सुधिने आशामा वसन्तीदेवी मैनवत्ती जलाइरहेकी छन्। अनेकौं मानसिक प्रताडनाको बाबजुद मानवअधिकार र सामाजिक न्यायका लागि निरन्तर संघर्षरत वसन्तीदेवी झा सबैका लागि प्रेरणास्पद छिन्। समाज बदल्न चाहने, गलत परम्परा र रीतिरिवाजका विरुद्ध लड्नेहरुका लागि उनी एक व्यवहारिक आदर्श हुन्। यिनै संघर्षले खारिएकी वसन्ती देवी झालाई अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ०५८ सालको प्रकाश मानवअधिकार पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ। वसन्ती देवी जस्ता ग्रामीण तहका जुझारु महिलाहरुको कामको यसरी कदर हुँदा सामाजिक कुरीतिका विरुद्ध लड्न जमर्को गर्नेहरुको प्रयासमा हौसला थपिएको छ।

प्रस्तुति : विपीन आचार्य

एक पछि अर्को अन्यौल थपिदै छन् देशमा

प्रजातन्त्रको प्रयोग वा उपभोग-उपभोगमा भएका धेरै कमी कमजोरी र असफलता पनि जोडिएका थिए। देशको आर्थिक, सामाजिक, प्रशासनिक, सौंस्कृतिक, राजनीतिक, भौगोलिक, भाषिक, धार्मिक लगायतका क्षेत्रमा रहेका कमी कमजोरी, असमानता र अनेकौं विसंगतिले पनि त्यस परिस्थितिलाई सृजना गर्न सहयोग मिल्यो भने राज्यले सम्हाल्न र समेट्न नसकेका समस्याहरुको कारण जनतामा उत्पन्न असन्तुष्टि र गुनासाले प्रत्यक्ष अप्रत्यक्ष माओवादीले सल्काएको आगोमा थप उर्जा थप्ने काम पनि गऱ्यो।

- लेखनाथ भण्डारी

युद्ध समाप्त भएपछि सबैलाई एउटै कुरको महसुस हुन्छ त्यो हो युद्ध रोक्न सकिन्थ्यो ।

- बट्रेन्ड रसेल

वर्तमान संकट र त्यसको पृष्टभूमि

विद्यमान सबै प्रकारका असमानता, शोषण, दमन, उत्पीडन, अन्याय आदिका विरुद्ध लक्षित भनी नेकपा (माओवादी) ले शुरु गरेको जनयुद्ध र त्यसलाई नियन्त्रण गरी शान्ति सुव्यवस्था कायम गर्न सरकारले चालेका कदमबाट अहिले शान्ति भूमि भनिएको नेपाली माटो हिंसाको दोहोरो मारमा आक्रान्त छ। मानौं, देश यतिखेर हिंसा प्रतिहिंसाको कहाली लाग्दो चपेटामा फस्दैछ र 'गृहयुद्ध' को अपृय पीडाको सामना गर्ने पूर्व अभ्यासमा व्यस्त छ। विद्यमान संरचना भत्काउने र जोगाउने अतिवादी हठको परिणाम दिनहुँ हुने गरेका मानव हत्याको बढ्दो श्रृङ्खला र मौलिक संरचना धवस्त पार्ने लगायतका विध्वंसकारी घटनाहरुलाई सफलता र साहसका उपलब्धीहरुमा गणना गरिदै छ।

सबैलाई थाहा छ, नेकपा (माओवादी) ले विद्यमान संरचनाका विरुद्ध आफ्नो उद्देश्य पूरा गर्नका लागि सशस्त्र संघर्ष गर्ने हिंसात्मक नीति ६ वर्ष पहिले नै सार्वजनिक गरेका हुन्। तर पनि त्यस सशस्त्र हिंसात्मक 'जनयुद्ध' को पृष्टभूमि र लक्ष्यलाई कसैले पनि हिंसात्मक वा आतंककारी क्रियाकलापका रुपमा गणना गर्ने स्थिति रहेन वा साहस गरेनन्। त्यसका पछाडि ०४६ सालमा पुनर्स्थापित भएको भनिएको प्रजातन्त्रको प्रयोग वा उपभोग-उपभोगमा भएका धेरै कमी कमजोरी र असफलता पनि जोडिएका थिए। देशको आर्थिक, सामाजिक, प्रशासनिक, साँस्कृतिक, राजनीतिक, भौगोलिक, भाषिक, धार्मिक लगायतका क्षेत्रमा रहेका कमी कमजोरी, असमानता र अनेकौं विसंगतिले पनि त्यस परिस्थितिलाई सृजना गर्न सहयोग मिल्यो भने राज्यले सम्हाल्न र समेट्न नसकेका समस्याहरुको कारण जनतामा उत्पन्न असन्तुष्टि र गुनासाले प्रत्यक्ष अप्रत्यक्ष माओवादीले सल्काएको आगोमा थप उर्जा थप्ने काम पनि गऱ्यो।

दीर्घकालीन सशस्त्र 'जनयुद्ध' को ५ वर्षको अवधिमा नेकपा (माओवादी) ले हिंसा र विध्वंस बीचमै भए पनि हासिल गरेको भनिएको उपलब्धी, उचाई र जनताको समर्थन वा साहनुभूतिलाई उनीहरु स्वयंले बुझ्न, त्यसको मूल्यांकन तथा रक्षा गर्न भने सकेनन्। राज्यले आफ्नै कमजोरी, बाध्यता र असफलता बीच माओवादी विरुद्ध तिब्र दमनको नीति अपनाउन सकिरहेको थिएन। माओवादीले अघि सारेका भनिएका माग प्रति राज्यको ध्यान जानु पर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय दबाब, वार्ता र शान्तिपूर्ण समाधानको लागि पहल गरिनु पर्नेमा सबैको आग्रह रहेको थियो। तर "विनाश काले विपरित बुद्धि" भने झैं दुवै पक्षको आ-आफ्ना अतिवादी हठले वर्तमान स्थितिको सृजना गराएरै छोड्यो। माओवादीले मानवीय समवेदनाको कुनै ख्यालै नगरी वर्वरतापूर्ण हत्या हिंसा शुरु गरे। जसलाई नियन्त्रण गर्ने नाममा यथास्थितिमा नै राज्यसत्ता संचालन गर्ने वा अझै देशलाई बरवादी तिर लान सक्ने खतराको स्थिति पनि माओवादीकै कारण सृजना भएको छ अहिले देशमा उत्पन्न विषम परिस्थिति र संकटकाल घोषणामा माओवादी जिम्मेवार र दोषी त छन् नै तर पनि विद्यमान राज्यसत्ता, संरचना र त्यसको नेतृत्वलाई पनि निष्कलंक वा दोष रहित मान्न भने सकिन्न।

शान्तिपूर्ण समाधानको पहल र असफल सरकार

वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा त्यतिबेला पनि प्रधानमन्त्री नै हुनुहुन्थ्यो, जुन बेला हालै मात्र सरकारले आतंककारी घोषणा गरिएका र टाउकोको मुल्य समेल तोकिएका पार्टीका नेता डा. बाबुराम भट्टराई ४० सूत्रीय माग लिएर प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउन सिंहदरबार गेट अगाडि हिंड्दै थिए। त्यसबेला उनलाई नै प्रधानमन्त्रीले बोलाएर स-सम्मान भेट गर्ने, उनका मागका सम्बन्धमा छलफल गर्ने र प्रस्तुत मागबाट उत्पन्न भए भनिएका समस्या तथा मागका सम्बन्धमा उचित निकासका लागि शान्तिपूर्ण पहल गर्न सकिन्थ्यो। तर त्यसबेला त्यसो गरिएन। प्रहरी लगाएर हल्का लाठी (बेत बाँस हलुकै हुन्छ) प्रयोग गरियो। सरकारी पक्षले मात्र नभएर त्यति बेला नै प्रमुख प्रतिपक्षी राजनीतिक पार्टीका कार्यकर्ताहरुले पनि रत्नपार्क स्थित विद्युत प्राधिकरणको भित्तामा नारा लेख्ने विवादमा लातैले सम्म पनि भकुरेका थिए। यस्तो भयो, कोठामा थुनेर विरालो कुटिदै छ तर त्यो अनुभूति कसैलाई पनि भएन।

माओवादी जनयुद्धका नाममा देशमा समस्या चर्कदै गयो। हिंसा-प्रतिहिंसाको श्रृङ्खला दोहोरिदै गए। न त माओवादीले लक्षित गरेको उद्देश्य प्राप्तिका लागि हिंसाले समाधान दिन सक्थ्यो न त सरकारले शान्ति सुव्यवस्था कायम गर्नका लागि भनेर आफूलाई रक्षात्मक पंक्तिमा उभ्याएको वा प्रति हिंसात्मक जवाफ फर्काएर नै समस्या समाधान हुन सक्थ्यो। शान्तिको कुनै विकल्प थिएन र छैन पनि। शान्तिपूर्ण समाधानको विकल्प वार्ता र राजनीतिक सहमती नै थियो। तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति, आवश्यकता र दबाब समेतका कारण माओवादी जनयुद्ध र सोको कारण

उत्पन्न समस्या समाधान गर्नका लागि सुझाव दिन शेरबहादुर देउवाको संयोजकत्वमा एक उच्च स्तरीय राजनीतिक समिति (नेपाली कांग्रेस) बनाउनु भयो। देउवाले पनि लामै समय लगाएर (१० महिना, ०५६ पौष २२ मा गठन र ०५७ कार्तिक २२ मा प्रतिवेदन सरकारलाई बुझाएको) लामै प्रतिवेदन तयार गर्नुभयो।

समितिको निष्कर्ष एउटै थियो, 'जनयुद्ध' राजनीतिक उद्देश्य प्राप्तिका लागि लक्षित हिंसात्मक कारवाही हो। यसको स्थायी समाधान प्रतिहिंसा होइन। प्रतिहिंसाले स्थायी समाधान र शान्ति कायम भएको विश्वमा कही कतै कुनै उदाहरण नै छैन। तसर्थ राज्यले आफ्नो कमी कमजोरी सच्याउनु पर्छ। नागरिक माथिको सबै प्रकारका भेदभाव, दमन, शोषण, असन्तुलन आदिको अन्त्य गर्नु पर्छ र वार्ताको माध्यमबाट मात्र त्यो संभव छ।

शान्तिपूर्ण समाधानका लागि पहल गर्ने सरकारी प्रयास अपेक्षा अनुसार हुन नसकेपछि त्यही निहुँमा आफ्नै पार्टीका सभापतिको नेतृत्व (गिरिजाप्रसाद कोइराला) मा रहेको सरकारलाई हटाएर देउवा स्वयं प्रधानमन्त्री हुन पुग्नु भयो। संभवत:, प्रधानमन्त्री नहुँदै तयार विज्ञप्ति सार्वजनिक गर्दै उहाँले युद्ध विरामको घोषणा र वार्ताको लागि आह्वान पनि गर्नुभयो र माओवादीले पनि त्यसै गरे। ०५८ साउनदेखि मंसिर बीचमा तीन चरणका वार्तामा पनि वार्ताले कुनै निकास दिन सकेन। एक अर्का बीचका अविश्वास र अधिकतम तथा न्यूनतम समझदारी विन्दुको किटानीको अभावमा गणतन्त्र, संविधान संशोधन र संविधान सभा जस्ता केही विषयमा समय गुज्रियो। अन्तत: माओवादीले वार्ताको टेबुल छोडेर सैनिक शिविरमा नै धावा बोले। जसको परिणाम प्रधानमन्त्री देउवाले माओवादीलाई आतंककारी घोषणा गर्दै देशमा प्रथम तीन महिनाको संकटकालको घोषणा गर्नुभयो। अहिले संटकालको ८ महिना पूरा भई संभवत: नौ महिने संकटकाल अन्त्य तिर (भदौ १३ गते) बढ्दै छ।

संकटकाल घोषणा पछिका संकट र समस्या

माओवादी भित्रको सैन्य उन्मादे उत्पन्न घटनाका कारण सरकारलाई संकटकालका नाममा प्रतिहिंसात्मक कारवाही गर्ने मौका दिलायो। प्रतिहिंसाले समस्या समाधान गर्ला वा नगर्ला त्यसबाट माओवादी निशस्त्र होलान वा नहोलान, त्यसबाट माओवादीले आत्मसर्मपण गरेर हतियार विसाउलान वा नबिसाउलान्, उनीहरु वार्तामा आउलान् वा नआउलान् अथवा के हुन्थ्यो वा के हुन्न थियो भनेर अहिले अनुमान गर्न पनि गाह्रो छ। माओवादी भित्रको बढ्दो अराजकता, उनीहरुको भौतिक संरचना ध्वस्त पार्ने अभियान र हिंसात्मक कार्यले शान्तिपूर्ण समस्या समाधानका लागि सरकारलाई दबाब दिंदै आएका नागरिक समाजलाई अलमलमा पार्‍यो। आतंकवादी क्रियाकलाप नियन्त्रण गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय समर्थन र साहनुभूतिका कारण सरकारलाई पनि प्रतिहिंसात्मक कार्य चर्काउन सहयोग पुर्‍यायो। ठूलो संख्यामा आतंककारीका नाममा भइरहेको नागरिकको हत्या र हतियार बरामदलाई सरकारले आफू अपेक्षित सफलता प्राप्त गरी लक्ष्यमा पुग्नै लागिरहेको दावी शुरुदेखि नै गरिरहेको छ। तर पनि यस बीचमा माओवादी गतिविधि विगतको तुलनामा उल्लेख्य रुपमै नियन्त्रण भएको वा कमी आएको अनुभूति पनि हुन सकिरहेको छैन।

सरकारको प्राथमिकता आतंककारी घोषित माओवादीलाई निशस्त्र गर्ने, हिंसा नियन्त्रण गर्ने देशमा शान्ति स्थापना गर्ने र राज्यका कमजोरी सच्याउने तर्फ प्रमुख रुपमा केन्द्रित हुनुपर्ने हो। तर देशमा संकटकाल जारी रही रहेकै अवस्थामा सरकार आफ्नै पार्टी भित्रको झगडामा अल्झिन थाल्यो। संकटकालको उद्देश्य प्राप्तिका लागि भन्दा पनि सत्ता जोगाउने र हत्याउने विषयमा नेपाली कांग्रेस भित्रको अन्तर कलहको परिणाम संकटकालको सही व्यवस्थापन पनि हुन सकेन। संविधान बमोजिम जारी गरिएको संकटकाल घोषणा पछिका अन्य संवैधानिक व्यवस्थाहरुको पालना गर्नु सट्टा त्यसको उल्लंघन गर्ने र नागरिकहरुलाई कुण्ठित गरियो।

संकटकाल र मानवअधिकार उल्लंघन

संकटकालको घोषणा संगै संविधान बमोजिम केही मौलिक हक निलम्बन हुन सक्छन् र ती निलम्बन पनि भए। तर संविधान बमोजिम लागु गरिने संकटकालमा पनि आधारभूत मानवअधिकार उल्लंघन हुन नपाओस् भन्ने उद्देश्यले संविधानको धारा १२ (१) द्वारा प्रत्याभूत बाँच्न पाउने वैयक्तिक स्वतन्त्रता सहितको वैयक्तिक स्वतन्त्रता, धारा १४ द्वारा शारीरिक र मानसिक यातना दिन नपाइने, पक्राउ गरिएको व्यक्तिलाई पक्राउको कारण सहितको सूचना यथाशक्य चाँडो दिनु पर्ने, पक्राउ गरिएको व्यक्तिलाई २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने जस्ता फौज्दारी न्यायका हकहरु संविधानको धारा ११५(८) अनुसार निलम्बन हुन सक्दैनन् र निम्बन भएका पनि छैनन्। तर यस बीचमा उल्लेखित निलम्बन नभएकै कृयाशील मौलिक हकको उपभोगबाट देशका १० प्रतिशत भन्दा बढी प्रेशकर्मीलाई नै वन्चित भएका छन्। त्यसैको मारमा कानुन व्यवसायी, शिक्षक, विद्यार्थी परेका छन्। देशको राजधानीमा रहेका सचेत वर्गमाथिको सरकारको व्यवहार त्यस्तो छ भने देशका विकट र दुर्गम भागहरुमा सर्वसाधारण नागरिकहरुले कस्तो स्थितिको सामना गरिरहेका होलान भनेर सहजै अनुमान गर्न सकिन्छ।

संकटकालको घोषणा गरेर राज्यले विद्यमान समस्याबाट आम नागरिकलाई विशेष सुरक्षा प्रदान गर्नु हो। उत्पन्न समस्या र असुरक्षाबाट नागरिकलाई थप मार पर्न नदिनका लागि राज्यले आफ्ना सबै शक्ति प्रयोग गर्नु पर्ने हो। तर अहिले माओवादी 'जनयुद्ध' का कारण उत्पन्न समस्याको मारमा परिरहेका आम सर्वसाधारणलाई सरकारले संकटकाल घोषणा पछि थप सुरक्षित भएको अनुभूति दिलाउनु सट्टा संकटकालीन अवस्थामा पनि अहरणीय रहेका नागरिक अधिकारहरुलाई घुमाउरो बाटो अपनाएर कुण्ठित गरेको छ।

संकटकालमा समेत निलम्बन नभएका नागरिक हकहरु संविधानको धारा ११(१), धारा १२ (१), धारा १२ (२) घ, धारा १४ (५) र ६, धारा १३ (२) र (३) ले सुनिश्चित गरेका हकबाट नागरिकलाई वन्चित गरिएको छ। संकटकालमा निर्वाध उपभोग गर्न पाउने संवैधानिक हकलाई श्री ५ को सरकारले जारी गरेको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०५८ को दफा १२ मा रोक नलगाइने कुरा उललेख गरिएकै भए पनि संविधान बमोजिमको पेशा, रोजगारी र अभिव्यक्तिको स्वतन्त्रता माथि अनुचित बन्देज लगाइएको छ। सरकारले संविधानले व्यवस्था गरेका हक अनाधिकृत आदेश जारी गरेर संकटकालको दुरुपयोग पनि गरेको छ।

संकटकाल अवधिभित्र सुरक्षा निकायले नियन्त्रणमा लिएका व्यक्तिलाई न्यायिक हक प्रयोगबाट वन्चित गर्ने, वेपत्ता पार्ने, यातना दिने र हत्या समेत हुने गरेका घटना सार्वजनिक भएका छन्। पत्रकार कृष्ण सेन 'इच्छुक' सुरक्षा निकायकै नियन्त्रणमा यातनाबाट मारिएको कुरालाई सरकारले नकार्न सकेको छैन भने यस बीचमा पक्राउ परेका अन्य दर्जनौं पत्रकार माथिको सरकारी व्यवहार पनि प्रचलित कानुन विपरित रहेको छ। सरकारले आफ्नो नियन्त्रणमा लिएका नागरिकहरुलाई पक्राउ नै नगरेको झूठो जवाफ अदालतलाई दिएको छ।

संकटकालमा भएको मानवअधिकार उलंघनको स्थितिका अतिरिक्त दण्डमुक्तिको श्रृङ्खला पनि शुरु भएको छ। प्रथम ६ महिनाको संकटकाललाई सरकारले ३ दिन रोकेर थप ३ महिनाको लागि संकटकाल लागु गरेको छ। त्यस घोषणाले सरकारले घुमाउरो पाराले अघिल्लो ३ महिनामा भएका कानुन विपरितका कार्यलाई दण्डमुक्ति दिने नियत राखेको स्पष्ट हुन्छ। संविधान बमोजिम जारी संकटकालको आदेश बहाल रहेको अवस्थामा कुनै पदाकिरीले कानुन विपरित वा बदनियतसाथ कुनै काम गरेबाट कसैलाई कुनै क्षति भएको रहेछ भने निजले घोषणा वा आदेश समाप्त भएको ३ महिना भित्र आफूलाई परेको क्षति बापत क्षतिपूर्तिको दावी गर्न सक्ने छ र दावी मनासिव ठहरिएमा अदालतले उचित क्षतिपूर्ति भराई दिन सक्ने छ भन्ने कुरा संविधानको संकटकाल सम्बन्धी व्यवस्थाको भाग ११ (११५) १० मा व्यवस्था छ। तर यो व्यवस्था अनुसारको हक प्रयोग गर्नबाट सरकारले ६ महिनाको संकटका समाप्ति गरेर ३ दिन पछि पुनः ३ महिना संकटकाल लागू गरेबाट पीडित पक्षलाई बन्चित गराएको छ। यस अवस्थामा भएका कानुन विपरितका कार्यको स्वतन्त्र, निष्पक्ष र न्यायिक छानवीन गर्न अधिकार सम्पन्न छानवीन आयोग गठन गर्ने कुरा त सरकारले नसोच्ला तर पनि प्रथम ६ महिने संकटकालमा भए गरेका त्यस्ता कार्यको सम्बन्धमा पीडितले कहाँ र कसरी गुहार माग्ने भन्ने सम्बन्धमा सरकारलाई सोध्ने काम पनि कतैबाट भइरहेको छैन।

सरकारको प्राथमिकता र समस्याको जालो

वर्तमान सरकार प्रमुख समस्या समाधान गरेर अघि बढ्नु सट्टा एक पछि अर्को समस्या सृजना गर्दै चक्रव्युहमा फसेको अभिमन्यू झैं भएको छ। अभिमन्यूको तिक्ष्ण प्रतिभा अन्ततः उनैलाई घातक सिद्ध भए झैं वर्तमान सरकारको अरु सबैलाई पछारेर आफूलाई शक्ति सम्पन्न बनाउने कुटनीति पनि समस्याको जालोबाट निस्कनै नसक्ने बन्धन सावित हुन थालेको छ।

'माओवादी' जनयुद्धको शान्तिपूर्ण समाधानका लागि वार्तामा आएका माओवादीलाई सरकारले नै विश्वासमा लिन सकेन। संकटकाल घोषणा गरेर सेना परिचालन गरेपछि १ महिना भित्रै माओवादीलाई निशस्त्र एवं आत्मसमर्पण गराउने सरकारको प्रचार पनि पूरा भएन। सरकारको आफ्नै पार्टी भित्रको अन्तरकलहलाई समाधान नगर्दै प्रधानमन्त्रीले रातारात संसद भंग गरेर अर्को समस्या सृजना गर्नु भयो। संसद विघटन गरी चुनावमा जानका लागि उपयुक्त वातावरण नबनाउँदै पार्टी महाधिवेशनको नाटक गरेर पार्टी विभजन गरी आफू नै नेपाली कांग्रेसको सभापति भएको घोषणा गर्नुभयो।

त्यसरी नै एक पछि अर्को समस्याको जालो सृजना गरिरहेको वर्तमान सरकारको प्राथमिकता के हो त ? पार्टी विभाजन पछि निर्वाचन आयोगमा एउटा मुद्दा विचाराधीन छ। संसद विघटन गरे पछिको अर्को मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। त्यतिले पनि नपुगेर स्थानीय निकायलाई सुचारु रुपले संचालन हुन नदिई करीब २ लाख जनप्रतिनिधिहरुलाई समेत पदच्यूत गरेर सरकारले अर्को समस्या थप्यो। सरकार अहिले यती धेरै समस्याहरु बीच उठ्नै नसक्ने गरी फसेको छ। तर प्रधानमन्त्री र मन्त्रीहरु पार्टी भित्रको झगडा लिएर देश दौडाहामा छन्। यस अवस्थामा यो सरकारले केही गर्छ भन्ने विश्वास आम नागरिकलाई हुन छोडिसकेको छ। आम नागरिक त वर्तमान सरकारले अब अर्को कुन समस्या सृजना गरेर देशलाई थप अन्यौल र अनिश्चयको भूमरीमा पुऱ्याउने हुन कि भनेर सशंकित र चिन्तित छन्।

हिंसाले स्थापित संरचनाले कुनै पनि समस्याको स्थायी समाधान दिंदैन। शान्तिको कुनै विकल्प छैन। तर स्वतन्त्रता विनाको शान्तिको पनि स्थायित्व छैन। त्यसैले देशको वर्तमान स्थितिमा हिंसा र प्रतिहिंसात्मक रुपमा भइरहेको युद्धको शान्तिपूर्ण र स्थायी समाधान वार्ता र राजनीतिक समाधान नै हो। यदि समयमै हामी सबैले वार्ता प्रारम्भ गरेनौं भने ढिलो वा छिटो भोलि एउटै पश्चाताप हुनेछ त्यो हो- युद्ध रोक्न पनि त सकिन्थ्यो।

पो.ब.नं. २००२०, काठमाडौं

मानवअधिकार सम्बन्धमा
तथ्यपरक जानकारी
तथा
विचारका लागि

प्राची द्वैमासिक

नियमित रुपमा
पढ्ने गरौं ।

आफ्नै बोलीको त इज्जत राखौं

प्रधानमन्त्री देउवाकै अन्तर्मनमा पनि कोइराला आतंककारी नभएको चित्र स्पष्टै भएको हुनु पर्दछ। तर पनि उहाले यस्तो जघन्य र आपत्तिजनक आरोप किन लगाउनु भयो ? के यो आरोपबाट कोइरालाको वजन घट्यो ? आत्मरतिमा रमाउनका लागि लगाइएको यस्तो अपत्यारिलो आरोपबाट कोइरालाको होइन, बरु देउवाकै वचनको घनत्व घट्यो। देशको सर्वोच्च शक्तिशाली पदमा आसीन प्रधानमन्त्रीले बोल्दा अरु व्यक्तिको सामाजिक प्रतिष्ठा र आत्म सम्मानको ख्याल गर्नुपर्छ कि पर्दैन ?

- विष्णु रिजाल

- 'माओवादीले देशभरि आतंक मच्चाएका छन्, गिरिजाप्रसाद कोइरालाले पार्टीभित्रै आतंक मच्चाउनु भएको छ। त्यसकारण उहाँ पनि आतंककारी नै हो' यो भनाई आफू सभापति 'निर्वाचित' हुनुभन्दा अगाडि नै प्रधानमन्त्री शेरबहादुर देउवाले व्यक्त गर्नुभएको हो। झण्डै ६ दशकसम्म नेपाली कांग्रेसको राजनीतिमा आवद्ध कोइराला के साँच्चै 'आतंककारी' नै हुनुहुन्छ त ? प्रधानमन्त्री देउवाले घोषणा गरे झैं नेपाली समाज उहाँलाई 'आतंककारी'को रुपमा स्वीकार गर्न तयार छ त ? निश्चित छ, यी दुवै प्रश्नको सकारात्मक जवाफ आउदैन। प्रधानमन्त्री देउवाकै अन्तर्मनमा पनि कोइराला आतंककारी नभएको चित्र स्पष्टै भएको हुनु पर्दछ। तर पनि उहाँले यस्तो जघन्य र आपत्तिजनक आरोप किन लगाउनु भयो ? के यो आरोपबाट कोइरालाको वजन घट्यो ? आत्मरतिमा रमाउनका लागि लगाइएको यस्तो अपत्यारिलो आरोपबाट कोइरालाको होइन, बरु देउवाकै वचनको घनत्व घट्यो। देशको सर्वोच्च शक्तिशाली पदमा आसीन प्रधानमन्त्रीले बोल्दा अरु व्यक्तिको सामाजिक प्रतिष्ठा र आत्म सम्मानको ख्याल गर्नुपर्छ कि पर्दैन ? अर्को कुनै दिन आफ्नो त्यही भनाई पढ्दा आफैंलाई हाँसो उठ्ने कुरा बोल्नु कत्तिको दूरदर्शी र युक्तिसंगत हुन्छ ? बोल्नेले अवश्य पनि विचार पुऱ्याउनु पर्ने हो।
- 'मानवअधिकार आयोगले जस्तै तपाईहरु पनि काम नगरेर खाली पैसामात्र नमाग्नु होला। दलित आयोगले त काम गरेर देखाउनु पर्छ' यो भनाई पनि प्रधानमन्त्री शेरबहादुर देउवाकै हो। राष्ट्रिय मानवअधिकार आयोगले काम नगरेको आक्षेप लगाउदै दलित आयोगद्वारा आयोजित सार्वजनिक कार्यक्रममा उहाँले सो अभिव्यक्ति दिनु भएको हो। राष्ट्रिय मानवअधिकार आयोग छुट्टै ऐन, कानुन बमोजिम गठित स्वतन्त्र आयोग हो। यसको काम गर्ने कार्यविधि र प्रक्रियाहरु अलग्गै र स्वायत्त भएको जानकारी सम्माननीय प्रधानमन्त्रीलाई छैन भन्ने कुरा पत्याउन सकिदैन। एउटा स्वायत्त संस्थाको विश्वसनीयता र प्रतिष्ठामाथि नै आँच आउने गरी प्रधानमन्त्रीले बोल्नुको अर्थ के हुन्छ ? यसको जवाफ स्पष्ट छ- संस्थाप्रतिको विश्वास र आशामा आशंका उत्पन्न हुन्छ, संस्थाको प्रभावकारिता र सक्रियताको बारेमा अनावश्यक टिप्पणी र प्रतिक्रिया उत्पन्न हुन्छन्। जसका कारण संस्थाको कार्य सम्पादनमा जटिलता उत्पन्न हुने मात्र हैन, अन्ततः राज्यकै लगानीमा संचालित एउटा अंग नै अपाङ्ग हुन्छ। यसको अन्तिम घाटा त प्रजातान्त्रिक प्रणाली र लोक कल्याणकारी राज्यलाई नै हुन्छ। अरु कसैले राय, सुझाव दिनु, आलोचना गर्नु स्वाभाविक मात्र हैन, आवश्यक नै हुन्छ। तर, प्रधानमन्त्रीले सार्वजनिक समारोहबाटै टिका टिप्पणी र आलोचना गर्नु न्यायोचित हुँदैन। राज्यको कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष-अप्रत्यक्ष रुपले सरकारको लगानीमा संचालित सबै संस्थाको नेता समेत उहाँ नै हो। यस्तो तथ्य बिर्सेर प्रधानमन्त्रीले हचुवाको भरमा बोल्दा उहाँको मर्यादा कायम रहन्छ ? उत्तेजित होइन, उत्तरदायित्वपूर्ण अभिव्यक्ति दिनुपर्ने ठाउँमा बसेको जिम्मेवार व्यक्तिले आवेशमा आएर दिएको प्रतिक्रियाले दूरगामी असर पार्छ भन्ने बोध उहाँलाई किन हुँदैन ? प्रधानमन्त्रीको मर्यादाको निरन्तर वकालत गर्ने व्यक्ति नै सो पदको गरिमा उल्लंघन गर्न उद्दत हुँदा जनसाधारणले त्यसलाई कसरी बुझ्ने ?
- 'गिरिजाप्रसाद कोइराला र माधव नेपालले माओवादीसंग भेटघाट गर्नुभएको छ। त्यसैले उहाँहरुलाई सरकारले सोधपुछ गर्न नियन्त्रणमा लिन सक्छ' यो भनाई प्रधानमन्त्री शेरबहादुर देउवा, वरिष्ठ मन्त्री चिरञ्जीवी वाग्ले र राज्यमन्त्री देवेन्द्रराज कँडेलको हो। तीनजनाले उही कुरा दोहोऱ्याए पनि यो भनाई सर्वप्रथम प्रधानमन्त्रीकै मुखारविन्दबाट सार्वजनिक भएको हो। यो भनाइमा कत्तिको सत्यता र गम्भीरता छ भन्दा पनि यसको राजनीतिक अर्थ र अभिप्रायः के हो भन्ने बारेमा नै सबैको ध्यान केन्द्रित भएको छ। हो, माओवादीलाई सरकारले आतंककारी घोषणा गरेको छ। तर, सरकारले यो पनि भन्दै आएको छ कि ऊ वार्ता, सम्वाद र सहमतिको निरपेक्ष विरोधी हैन। माओवादीलाई वार्तामा ल्याउन सैनिक कार्वाही अघि बढेको कुरा त प्रधानसेनापति समेतले भनिसक्नुभएकै छ। यस्तो अवस्थामा राजनेताहरुले शान्तिका लागि सम्पर्क गर्नु कुन आश्चर्य भयो र ? अझै माधव नेपालले त 'युद्ध विराम' को बेला भेटेको तथ्य त्यतिबेलै सार्वजनिक गरिसक्नु भएको थियो भने गिरिजाप्रसाद कोइरालाले त भेटेको कुरा पनि स्वीकार्नु

भएको छैन। यस्तो अवस्थामा उहाँहरुलाई गिरफ्तार गर्न सक्ने धम्की दिएर प्रधानमन्त्रीले कस्तो राजनीतिक लाभ उठाउन खोज्नु भएको हो ? त्यो प्रश्न अनुत्तरित नै छ। बरु 'हिम्मत भए मलाई गिरफ्तार गर' भन्ने माधव नेपालको चुनौतिले उहाँ धर्म संकटमा भने फँस्नु भएको छ। आफ्नै बोलीको माखेसाङ्लोमा अड्किनु भएका प्रधानमन्त्रीसंग माधव नेपाललाई गिरफ्तार गर्ने हिम्मत छ ? छैन भने उहाँले असम्भव कुरा बोलेकोमा सार्वजनिक रुपमा माफी माग्नु पर्छ। अर्काको सम्मान गरेर आफू मर्यादित हुने संस्कार कहिले आरम्भ होला ? माओवादीसंगको भेटघाटकै कुरा गर्ने हो भने पनि त्यो कुनै नौलो विषय होइन। प्रधानमन्त्री देउवादेखि थुप्रै मन्त्रीहरुले नै अनेकौं पटक माओवादीसंग भेटघाट गरेका तथ्यहरु त यसअघि सार्वजनिक भइसकेका नै हुन्।

- 'हाम्रो पार्टीले रुख चिन्ह र चारतारे झण्डा पाएन भने त्यसै दिनदेखि प्रजातन्त्र समाप्त भएको घोषणा गरे हुन्छ' नेपाली कांग्रेसको आधिकारिकताका बारेमा निर्वाचन आयोगमा विचाराधीन मुद्दाका बारेमा अहिले दुवैथरी कांग्रेसहरुका यस्तै अभिव्यक्तिहरु सार्वजनिक भइरहेका छन्। मानौं, प्रजातन्त्र भनेकै रुख र चारतारा हो। दावी गरेको पक्षले चिन्ह र झण्डा नपाउने वित्तिकै प्रजातन्त्र नै समाप्त हुन्छ ? के वास्तविकता यही हो त ? होइन विल्कुल यस्तो होइन। जुन पक्षले चिन्ह र झण्डा पाए पनि प्रजातन्त्र रहिरहने छ। यस्तो घाम जत्तिकै छर्लङ्ग तथ्य सबैका सामु हुँदाहुँदै पनि एक महिना पनि नटिक्ने हावादारी गुड्डी किन हाकिन्छन् ? रुख र झण्डा कुनै एक पक्षले मात्र पाउने छ र प्रजातन्त्र पनि जाने छैन। त्यो दिन यी नेताले के भनेर भाषण गर्लान् ? आयोगलाई प्रभावित पार्न प्रयोग गरिएका यस्ता अमर्यादित हतकण्ठाको आयू पानीका फोका सरह हुने निश्चित हुँदाहुँदै पनि किन सत्यप्रति आँखा चिम्लिने गरिन्छ ? जब सोझो तरिकाले लक्ष्य प्रापत गर्न सकिदैन, तब यस्तो वक्रपथ अबलम्बन गरिन्छ। यसले वक्ताहरुको विश्वसनीयता माथि प्रश्नचिन्ह त उठाउँछ नै, अझ जनमानसमा थप अन्यौल समेत उत्पन्न गर्दछ। प्रजातान्त्रिक व्यवस्थामा संवैधानिक निकायको स्वायत्त अस्तित्व हुने यथार्थलाई नजरअन्दाज गरेर आफ्नो स्वार्थका लागि गरिने प्रचारवाजी अन्तत: ती संवैधानिक संस्थाहरुका लागि पनि घातक सावित हुन्छ। भविष्यमा समेत 'फलानो पक्षको प्रभावमा परेर निर्णय भएको हो' भन्ने गलत मान्यताले जनमानसमा घर गर्छ। आफ्नो क्षणिक आत्मसन्तुष्टी र फाइदाका लागि गरिने सस्ता प्रचारवाजीले नेताहरुको तौलमात्र घटाउदैन, स्वायत्त संस्थाको विश्वसनीयता माथि नै गम्भीर प्रश्नचिन्ह खडा गर्दछ। पटक पटक राज्य संचालनको जिम्मा लिइसकेका र लिइरहेका नेताहरुले यो तथ्य कहिले बुझ्ने ? आफ्नो बेलगाम बोलीलाई ठेगान कहिले लगाउने ?
- भनिन्छ, बन्दुकबाट फुत्किएको गोली र मुखबाट फुत्किएको बोली कहिल्यै आफ्नो नियन्त्रण हुँदैन। एकजना विद्वानको भनाई नै छ- 'जब तिमीले बोलेका हुँदैन, तबसम्म बोली तिम्रो नियन्त्रणमा हुन्छ, जब तिमी बोल्छौ' त्यसपछि तिमी बोलीको नियन्त्रणमा हुन्छौ।' यो शाश्वत सत्यलाई हाम्रा राजनेताहरुले कहिले आत्मसात गर्ने ? बोल्नुको अर्थ केवल शब्दहरुको संयोजनलाई सार्वजनिक गर्नु मात्र

हैन, बोल्नुको अर्थ त केही भाव, केही मर्यादा, केही अर्थ र केही गम्भीरताको सन्देश प्रवाहित गर्नु हो। अझ सार्वजनिक जीवन व्यतित गरिरहेका नेताहरुले त यसमा विशेष ध्यान पुऱ्याउनै पर्छ। राजकीय हैसियतमा रहँदा कतिपय सन्दर्भमा उनीहरुको भनाई नै कार्यान्वयन हुने अस्थायी नियम सरह नै हुन्छ। त्यस्तो बेला प्याच्च बोल्दा गलत कुरा पऱ्यो भने कस्तो परिणाम निस्कन्छ ? यो कुरा उनीहरुले अनुभव गरेकै हुनुपर्छ। तर पनि बोल्दा पत्याउनै नसकिने असम्भव र असामान्य कुराहरु किन बोलिन्छन् ? भोलि कुनै दिन आफ्ना भनाईहरुलाई लिपिबद्ध गरेर हेर्दा आफैंलाई हाँसो नउठोस् भन्ने तर्फ नेताहरु सचेत हुनु उनीहरुकै लागि हितकर हुन्छ।

- कतिपय मान्छेहरु राजनीतिमा सवथोक जायज र सम्भव हुन्छ भन्छन्। तर के साँच्चै राजनीतिमा सबै थोक सम्भव र जायज नै हुन्छ त ? शायद आफ्नो बोलीको ठेगाना नराखेर जथाभावी बोल्दै हिंड्ने र आफूलाई अनुकूल हुने गरी जे पायो त्यही गर्ने प्रवृत्तिले नै मान्छेलाई यसो भन्न आधार प्रदान गरेको हुनुपर्छ। आफूलाई अलिकति असर पर्दा अतिशयोक्तिपूर्ण ढंगले उछाल्ने एवं आफ्नो पक्ष बलियो बनाउन असम्भव कुरा पनि गरिदिने आश्वासन दिने प्रवृत्तिले नै राजनीतिलाई दुषित बनाएको हो भन्दा अत्युक्ति हुँदैन। असम्भव र अपत्यारिला गफ दिनु भन्दा केही नबोल्नु नै बुद्धिमानी हुन्छ। राम्रो गर्न नसकिए पनि नराम्रो मात्रै गरेन भने पनि त्यसले घाटा पुऱ्याउँदैन। कमसेकम हाम्रा प्रधानमन्त्रीज्यूले मात्रै यो कुरा मनन् गरिदिए पनि कति राम्रो संस्कार बस्थ्यो !

व्यवहारमा जेनेभा महासन्धि र उच्च करार पक्षहरू

संघर्षको क्रममा सशस्त्र लडाकू दस्ताका व्यक्तिको मृत्यु हुनुलाई मानवअधिकारको उल्लंघनका रुपमा लिन सकिँदैन। तर, त्यसमा पनि मानवीयताका न्यूनतम मापदण्डहरू पूरा गर्नु आवश्यक हुन्छ। जस्तैः लासको पोष्टमार्टम गर्नुपर्ने, सनाखत गर्नुपर्ने, फोटो खिचेर प्रलेख राख्नुपर्ने, परिवारलाई जानकारी दिनुपर्ने, लास हस्तान्तरण गर्नुपर्ने र यदि परिवारमा बुझाउन सम्भव भएन भने उसको सदगत गर्नुपर्ने दायित्व रहन्छ।

- प्रकाश ज्वाली

मुलुकमा संकटकाल लागू भएको आठ महिना पुगेको छ। माओवादीहरुले एकतर्फी रुपमा वार्ता भङ्ग गरी ०५८ मंसिर ८ गते व्यापक हिंसामा उत्रिएपछि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ बमोजिम संकटकालीन अवस्थाको घोषणा भएको थियो। उक्त घोषणा संसदबाट ०५८ फागुनमा पारित भइ थप ३ महिनाका लागू भएको थियो। त्यसपछि पुनः सरकारको घोषणाबाट ०५९ जेठ १३ गतेदेखि ३ महिनाका लागि थप भएको छ।

यसक्रममा भएका हत्या-हिंसाको तथ्यांक विश्लेषण गर्ने हो भने सबैको आङ सिरिङ्ग हुन्छ। सायद कसैले कल्पना गरेको थियो होला- मुलुक यस्तो नाजुक स्थितिबाट गुज्रन वाध्य हुन्छ भनेर। तथापि सत्यलाई सबैले स्वीकार्नै पर्छ।

यस्तो अवस्थामा उच्च करार पक्षहरु (High Contracting Parties) ले पालना गर्नुपर्ने अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा महासन्धि) को पालना भइरहेको छ कि छैन ? छ भने वा छैन भने पनि कुन अवस्थासम्म त्यस्तो भएको छ ? यसबारे चर्चा गर्नु तथा संकटकालीन अवस्था लागू भएको आठ महिनाको अवधिमा मानवअधिकार र मानवीय कानूनका व्यवस्थाको स्थिति कस्तो रह्यो भन्नेबारे संक्षिप्त टिप्पणी गर्नु आवश्यक छ। अहिले राज्य र माओवादी उच्च करार पक्षको रुपमा रहेको हुनाले उनीहरुले जेनेभा महासन्धिको परिपालना कत्तिको गरिरहेका छन् भन्नेबारे आलोचनात्मक चर्चा गर्नु सान्दर्भिक छ, जसले गलत व्यवहारहरु सुधार्न सकिने वातावरण तयार हुनसक्छ।

संघर्षको क्रममा सशस्त्र लडाकू दस्ताका व्यक्तिको मृत्यु हुनुलाई मानवअधिकारको उल्लंघनका रुपमा लिन सकिँदैन। तर, त्यसमा पनि मानवीयताका न्यूनतम मापदण्डहरु पूरा गर्नु आवश्यक हुन्छ। जस्तैः लासको पोष्टमार्टम गर्नुपर्ने, सनाखत गर्नुपर्ने, फोटो खिचेर प्रलेख राख्नुपर्ने, परिवारलाई जानकारी दिनुपर्ने, लास हस्तान्तरण गर्नुपर्ने र यदि परिवारमा बुझाउन सम्भव भएन भने उसको सदगत गर्नुपर्ने दायित्व रहन्छ। युद्धको क्रममा विपक्षी घाइतेलाई मार्न नपाइने, उसलाई कब्जामा लिएमा उपचार गर्नुपर्ने, बन्धक बनाइएमा युद्धबन्दीको रुपमा व्यवहार गर्नुपर्ने जस्ता मापदण्डहरुको पालना भएको हुनु पर्दछ।

सशस्त्र संघर्षसम्बन्धी अन्तर्राष्ट्रिय मानवीय कानूनको सारसंक्षेपलाई ७ वटा नियमहरुमा बुझ्न सकिन्छ। त्यसमध्येको पहिलो नियममा घाइते, अशक्त र विरामी भई युद्धमा भाग लिन असमर्थ व्यक्तिहरु तथा संघर्षमा प्रत्यक्ष रुपमा भाग नलिने व्यक्तिहरुको जीवन र तिनका नैतिक तथा शारीरिक संरचनाको आदर हुनुपर्ने तथा जुनसुकै परिस्थितिमा पनि तिनीहरुको सुरक्षा र तिनीहरुलाई विना भेदभाव दयालु व्यवहार गरिनुपर्ने व्यवस्था छ। त्यसैगरी अर्को सार हो- आत्मसमर्पण गर्ने अथवा घाइते भई लडाइँमा भाग लिन नसक्ने शत्रुलाई मार्न अथवा घाइते तुल्याउन निषेध।

तर, उच्च करार पक्षबाट यस्तो व्यवहार प्रदर्शन भएको पाइएन। सुरक्षाकर्मीबाट रोल्पाको खुमेल, सिन्धुपाल्चोकको ठूलो सिरुबारी, डडेल्धुराको बगरकोट तथा माओवादीबाट कैलालीको पथरैया, गोरखाको हर्मी, रामेछापको बेथान, ताप्लेजुङको हाङदेवा आदि ठाउँमा भएका घटनाहरुका आधारमा पनि यो निष्कर्ष निकाल्न सकिन्छ। सर्वसाधारणका घरमा आगो लगाउने र उनीहरुको उठीबास गर्नेजस्ता क्रियाकलापहरु पनि भएका छन्। सिन्धुली जिल्लाको कल्पवृक्ष गाविस-७ मा १९ परिवारका घरमा आगो लगाएको घटनालाई उदाहरणका रुपमा लिन सकिन्छ। आत्मसमर्पण गर्ने व्यक्तिलाई पनि गोली प्रहार गर्दा मृत्यु भएका घटना सार्वजनिक जानकारीमा आएका छन्। कञ्चनपुरको दैजीमा आत्मसमर्पण गरिसकेका व्यक्तिहरुलाई सुरक्षाकर्मीद्वारा गोली प्रहार गरिंदा मृत्यु भएको घटनालाई उदाहरणका रुपमा लिन सकिन्छ। कब्जामा लिएका व्यक्तिहरुको समेत हत्या भएको छ। माओवादीहरुले काभ्रेको भकुण्डेबेंशीमा प्रहरीहरुलाई आफ्नो कब्जामा लिई निर्ममतापूर्वक हत्या गरेका थिए। यस्ता घटना त एक-दुई उदाहरण मात्र हुन्।

संघर्षमा भाग लिने पक्षहरुले आफूले कब्जा गरेका घाइते र बिरामीहरुलाई एकत्रित गरेर राख्ने र तिनीहरुको हेरविचार गर्नुपर्दछ। यसरी सुरक्षा प्रदान गरिएकाहरुमध्येमा औषधी उपचारसम्बन्धी कर्मचारीहरु, प्रतिष्ठान, परिवहनका साधन र उपकरणहरु पनि पर्दछन्। रेडक्रस अथवा रेडक्रिसेन्ट चिन्हले यस्तो सुरक्षा प्रदान गर्दछ र त्यस चिन्हको आदर गर्नुपर्दछ भन्ने कुरा जेनेभा महासन्धिमा उल्लेख गरिएको छ। तर, स्थिति हेर्ने हो भने यसप्रति बेवास्ता गरिएका घटनाहरु भएको पाइन्छ। खासगरी माओवादीहरुले रेडक्रसको एम्बुलेन्स एम्बुसमा पारेको, आफ्नो कब्जामा लिएको, त्यसमाथि आक्रमण गरेको, रेडक्रसका भवनहरु क्षतिग्रस्त तुल्याएको तथा सामाग्रीहरु नष्ट गरेको घटनाहरुलाई यस मान्यतामाथि गरिएको पूर्ण अवहेलना अथवा उनीहरुको मानवीय संवेदनहीनताका रुपमा लिन सकिन्छ। सरकारी पक्षबाट घाइते र विरामीहरुको उपयुक्त उपचार र हेरविचारको व्यवस्था भएको पाइँदैन।

तर, केही घाइते माओवादीहरुलाई देशका विभिन्न अस्पतालमा उपचार गराइरहेको सवाललाई भने सकारात्मक र प्रशंसनीय कदमका रुपमा उल्लेख गर्नु पर्दछ।

जेनेभा महासन्धिको मान्यता छ- "गिरफ्तार गरिएका युद्धरतहरु र विपक्षको कब्जामा रहेका असैनिक नागरिकहरुको जीवन, तिनीहरुको मर्यादा, व्यक्तिगत अधिकार र विश्वासको आदर गरिनुपर्दछ। सबै किसिमको हिंसा र बदला लिने किसिमबाट गरिने कारवाहीको विरुद्ध तिनीहरुलाई सुरक्षा प्रदान गरिनेछ। तिनीहरुले आफ्ना परिवारजनसँग पत्राचार गर्न र उनीहरुबाट सहायताका वस्तुहरु प्राप्त गर्न सक्नेछन्।" व्यवहारको कसीमा हेर्दा यो मान्यताको पनि पालना नभएका तथ्यहरु छन्। अहिलेसम्म "आतंककारी" वा "शंकास्पद आतंककारी" भनेर गिरफ्तार भएका व्यक्तिहरु वा कारवाही संचालन गरिएका स्थानबाटै गिरफ्तार गरिएका व्यक्तिहरुको संख्या कति पुग्यो ? उनीहरुको नाम, थर, ठेगाना आदि के हो र कहाँबाट, कुन अवस्थामा, केका आधारमा गिरफ्तार गरिएको हो ? नागरिकका यस्ता जिज्ञाशाहरुको जवाफ दिनुपर्ने दायित्व सरकारको हो। उनीहरुको मर्यादा, अधिकार र विश्वासको आदर गरिनुपर्ने हो। तर, यस्तो दायित्व पूरा नहुँदा अहिलेसम्म विभिन्न अवस्थामा गिरफ्तार भएका व्यक्तिहरुको बारेमा पर्याप्त सूचनाहरु सार्वजनिक भएका छैनन्।

गिरफ्तारीमा परेकाहरु यातनाबाट पीडित भएका छन्- चाहे उनीहरु माओवादी होउन् वा सर्वसाधारण। कतिपय घटनाहरुमा गिरफ्तारीपश्चात् गोली प्रहार गर्दा मृत्यु भएका तथ्यहरु सार्वजनिक भएका छन्। यस्तो अवस्थामा जेनेभा महासन्धिको मान्यताअनुरुप उनीहरुले परिवारसँग पत्राचार गर्ने सुविधा प्राप्त गर्ने कुरा त कल्पनाबाहिरको कुरा हो। कतिपय गिरफ्तार व्यक्तिहरुको बारेमा आफन्त वा परिवारजनहरु समेत कुनै कुरा थाहा पाउन असमर्थ छन्। यस्तो स्थितिमा गिरफ्तार भएकाहरुले कसरी सहायताका वस्तुहरु प्राप्त गर्न सक्छन् ? त्यस्ता वस्तुहरु पुऱ्याउन कहाँ जाने जबकी कतिपय व्यक्तिहरु कहाँ राखिएका छन् भन्ने कुरा नै थाहा छैन।

यस मामलामा माओवादीहरु पनि कम दोषी छैनन्। सर्वसाधारण व्यक्ति, शिक्षक, कर्मचारी, राजनीतिक दलका कार्यकर्ताहरु तथा विद्यार्थीहरु माओवादीहरुद्वारा अपहरित भएका छन्। माओवादीहरुलाई समर्थन नगरेकै कारण उनीहरुले अत्यधिक यातना पनि खेप्नु परेको स्थिति छ। कैयौं दिनसम्म बेखबर रहनुपरेको छ र परिवारहरु त्यसको पीडाले ग्रस्त हुनु परेको छ। आफ्नो कब्जामा रहेका सुरक्षाकर्मीलाई निर्मम यातना दिई हत्या गर्ने, घाइते तुल्याउने, उनीहरुका परिवारलाई भौतिक तथा मानसिक यातना दिने जस्ता कार्यहरु भएका छन्। जसबाट माओवादीहरुले जेनेभा महासन्धिको मान्यतालाई ठाडै चुनौति दिएका छन् र व्यक्तिको मर्यादा, अधिकार र विश्वासमाथि प्रहार गरेका छन्।

जेनेभा महासन्धिमा प्रत्येक व्यक्तिलाई आधारभूत न्यायिक प्रत्याभूतिको सुविधा प्राप्त हुनुपर्ने, कसैलाई पनि आफूले नगरेको कार्यको निम्ति जिम्मेवार नठहऱ्याइने, कसैलाई पनि शारीरिक अथवा मानसिक पीडा, शारीरिक सजाय अथवा कठोर तथा अपमानजनक व्यवहार नगरिने कुरा उल्लेख गरिएको छ। महासन्धिले पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणको सूचना दिइने तथा निज विरुद्ध लगाइएको आरोपको तुरुन्त जानकारी दिइने व्यवस्था गरेको छ। अहिलेको स्थिति हेर्ने हो भने केही सकारात्मक र केही नकारात्मक पक्ष देखिएका छन्। नजरबन्दमा राखिएका अथवा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका कतिपय व्यक्तिहरुलाई छानबिनपश्चात् निर्दोष भएको जनाउँदै रिहा गरिएको छ। यो सकारात्मक पक्ष हो। तर यसलाई नकारात्मक पक्षहरुले छायाँमा पारेका छन्। गिरफ्तार गरिएको कुनै पनि व्यक्तिलाई कानूनबमोजिम न्यायिक निकायसमक्ष पेश गरिनुपर्ने र उसले निष्पक्ष सुनुवाई पाउनुपर्ने संवैधानिक हकबाट वञ्चित हुनुपर्ने स्थिति छ।

निर्दोष सर्वसाधारणहरु यातनाको शिकार बनेका छन्। माओवादीहरुले आफ्नो पार्टीभन्दा पृथक व्यक्तिहरुलाई "सुराकी" वा "शोषक" को आरोप लगाएर जबर्जस्त रुपमा सजाय गर्ने, यातना दिने र अपमानजक व्यवहारको शिकार बनाउने कार्य गर्दै आएका छन्। कतिपय व्यक्तिहरुलाई त उनीहरुले खाली कागजमा जबर्जस्ती हस्ताक्षर गर्न लगाएर त्यसमा माओवादीहरुले लगाएका सम्पूर्ण आरोपहरु, यद्यपि ती सबै झुठा नै किन नहोउन्, साँचो हो भन्ने व्यहोरा उल्लेख गर्ने गरेका छन्। आमस्थितिको विश्लेषण गर्ने हो भने नागरिकहरुमाथि गरिने अपमानजनक व्यवहारका घटनाहरुमा बढोत्तरी भएको छ।

जेनेभा महासन्धिले संघर्षमा संलग्न पक्षहरु र तिनका सशस्त्र सैनिकहरुको युद्धमा प्रयोग गर्ने तौर तरिका र साधन असीमित हुने छैन, अनावश्यक हानी-नोक्सानी पुऱ्याउने अथवा अत्यधिक पीडा दिने हातहतियार अथवा युद्धको तौरतरिका प्रयोग गर्न निषेध गरिएको छ भन्ने मान्यता लिएको छ। तर, हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने संभव भएसम्मका सबै खाले तौरतरिकाहरु अपनाइएको छ। सुरक्षाकर्मीद्वारा हेलिकप्टरद्वारा अन्धाधुन्ध गोली प्रहार गर्दा पूजा गरिरहेका सर्वसाधारण नागरिकहरुको मृत्यु भएको घटना होस् वा माओवादीहरुले सुरक्षाकर्मीहरुमाथि रकेट लन्चर प्रहार गरेर क्षति पुऱ्याएको घटना, असीमित तौरतरिका र साधनको प्रयोग भएको पाइन्छ। एकातर्फ सुरक्षाकर्मीहरु आफ्ना विगतमा लुटिएका हतियारहरु फर्काउने र अझ अत्याधुनिक हतियार प्रयोग गर्ने अभियानमा लागेका छन् भने अर्कातर्फ माओवादीहरु पनि अझ घातक हतियारहरु कसरी भित्र्याउन सकिन्छ

कालिकोटको निर्माणाधीन कोटवाडा विमानस्थल

फोटो : हिमाल

भन्नेतर्फ केन्द्रित छन्। माओवादीहरुले सर्वसाधारणको घरलाई छेकबार बनाएर सुरक्षाकर्मीहरुमाथि आक्रमण गर्ने र सुरक्षाकर्मीहरुले प्रतिकार गर्दा बच्ने तर सर्वसाधारणको घर क्षतिग्रस्त हुने जस्ता घटनाहरु पनि नभएका होइनन्। स्थितिको विश्लेषण गर्ने हो भने देखिन्छ कि- दुवै पक्ष आफूले सकेसम्मका तौरतरिका र साधन प्रयोग गर्ने होडबाजीमा छन्।

जेनेभा महासन्धिले अर्को एक पक्षमाथि पनि जोड दिएको छ। असैनिक नागरिक र तिनका सम्पत्तिको सुरक्षा गर्ने दृष्टिकोणले संघर्षमा संलग्न पक्षहरुले जुनसुकै बेला पनि सामान्य नागरिक र युद्धरतलाई छुट्याउनु पर्दछ। असैनिक नागरिक, आवादी अथवा व्यक्तिगत असैनिक नागरिकलाई हमलाको लक्ष्य तुल्याउनु हुँदैन। तर, यो पक्ष अत्यधिक बेवास्ताको शिकार बनेको छ जसका कारण निर्दोष व्यक्तिहरुले ज्यान गुमाएका छन्। चाहे सुरक्षाकर्मीद्वारा कालिकोट जिल्लाको कोटवाडा विमानस्थल निर्माण कार्यमा जुटेका मजदुरहरु र त्यहाँका सर्वसाधारण मारिएको घटना होस् चाहे माओवादीद्वारा लमजुङ जिल्लामा शिक्षकहरु मारिएका घटना, यसबाट जेनेभा महासन्धिको मान्यतालाई प्रत्यक्ष रुपमा लत्याइएको छ। यो कुरा गर्दा दोहोऱ्याउनु पर्ने हुन्छ- उल्लेखित घटना त उदाहरण मात्र हुन्।

कतिपय घटनाहरुमा माओवादीहरुको कारणले गर्दा सुरक्षाकर्मीको गोलीद्वारा सर्वसाधारण नागरिक पनि मारिएका छन्। खोटाङ जिल्लाको लप्सेखोलामा ७ जना सर्वसाधारण नागरिक माछा मारिरहेको अवस्थामा २ जना माओवादी कार्यकर्ताहरु पनि त्यही ठाउँमा आएर बसेका कारण सुरक्षाकर्मीले गोली प्रहार गर्दा सबै जनाको मृत्यु भएको थियो। यस्तो अवस्थामा माओवादी र सुरक्षाकर्मी दुवै पक्ष दोषी देखिन्छन्। पहिलो कुरा त सुरक्षाकर्मीले सर्वसाधारण र युद्धरत व्यक्तिहरु छुट्याउनु पर्छ। कुनै संघर्ष नै नगरी आफ्नो काम गरिरहेका नागरिकमाथि अन्धाधुन्ध गोली प्रहार गर्नु मानवअधिकार विरोधी कार्य त हो नै, त्यो जेनेभा महासन्धिको पनि बर्खिलापमा छ। त्यसैगरी माओवादी कार्यकर्ताहरुले पनि सर्वसाधारण जनता शिकार नहोउन् भन्नेतर्फ ध्यान दिएका छैनन्। फलस्वरुप उनीहरुको कारणले गर्दा सर्वसाधारणहरु मारिनबाट जोगिएनन्।

केही पछिल्ला घटनाहरुमा आएर माओवादीहरुले मानव ढाल प्रयोग गर्ने परिपाटी देखा पऱ्यो, जुन मानवअधिकारको घोर उल्लंघन हो। त्यसैगरी जेनेभा महासन्धिको भावनाको अवज्ञा हो। दाङ जिल्लाको सतवरियामा होस् वा रुकुम जिल्लाको खारामा, माओवादीहरुले सुरक्षाकर्मीमाथि आक्रमण गर्दा ठूलो संख्यामा सर्वसाधारणलाई मानव ढालको रुपमा प्रयोग गरेको कुरालाई राष्ट्रिय मानवअधिकार आयोगले समेत सार्वजनिक गरिसकेको छ।

माओवादी कार्यकर्ताहरुले बोकेका वा त्यत्तिकै छोडेका विस्फोटक पदार्थ विस्फोट हुँदा महिला तथा बालबालिकासमेत शिकार बनेका छन्। रुकुममा माओवादीहरुद्वारा राखिएको बम विस्फोटनमा परी गवानी ओली घाइते भएको घटना होस् वा संखुवासभाको आँखीभुइँमा बम विस्फोट भई २ जना बालकको मृत्यु र १ जना घाइते भएको घटना, चितवनमा काजोल खातुन मारिएको घटना होस् वा कालिकोटमा मजदुर र सर्वसाधारणहरुसँगै नोर्बु शेर्पा मारिएको घटना, महिला र बालबालिकाहरु कसरी पीडित हुँदैछन् भन्ने कुरा बुझ्न सकिन्छ। यसले राज्यपक्ष र माओवादी दुवैको गैरजिम्मेवारीपनलाई देखाउँछ। फलतः अनाहकमा निर्दोष व्यक्तिहरुले ज्यान गुमाउनु, अङ्गभङ्ग हुनु परिरहेको छ।

संकटकालमा पत्रकारहरु ठूलो मारमा परेका छन्। यस अवधिमा १ सय ३० जना पत्रकारहरु गिरफ्तारीमा परेकोमा ९५ जनालाई रिहा गरिएको छ भने ३५ जना अझै पनि नजरबन्द, हिरासत वा सुरक्षाकर्मीको कब्जामा छन्। काठमाण्डौबाट गिरफ्तार गरिएका पत्रकार कृष्ण सेनको हिरासतमा यातनाका कारण मृत्यु भएको कुरा सार्वजनिक भएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा यस्तो क्रियाकलापको निन्दा गरिएको छ। नेपाल पत्रकार महासंघले त चरणबद्ध आन्दोलन नै संचालन गरिरहेको छ। सरकारले मानव अधिकारकर्मीहरुलाई यातना दिने, गिरफ्तार गर्ने र धम्की दिनेजस्ता कार्य गरेर मानवअधिकारको उपहास गरेका घटना पनि यसबीचमा भएका छन्। सिन्धुपाल्चोक, काठमाण्डौ, चितवन, डडेल्धुरा, स्याङ्जा लगायत्का जिल्लामा भएका यस्ता घटनालाई उदाहरणका रुपमा लिन सकिन्छ।

जेनेभा महासन्धिमा प्रत्येक व्यक्तिलाई आधारभूत न्यायिक प्रत्याभूतिको सुविधा प्राप्त हुनुपर्ने, कसैलाई पनि आफूले नगरेको कार्यको निम्ति जिम्मेवार नठहऱ्याइने, कसैलाई पनि शारीरिक अथवा मानसिक पीडा, शारीरिक सजाय अथवा कठोर तथा अपमानजनक व्यवहार नगरिने कुरा उल्लेख गरिएको छ। महासन्धिले पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणको सूचना दिइने तथा निज विरुद्ध लगाइएको आरोपको तुरुन्त जानकारी दिइने व्यवस्था गरेको छ।

माओवादीहरुले संकटकालीन अवधिमा सबैभन्दा बढी धनजनको क्षति गराएका छन्। विद्यालय, स्वास्थ्य चौकी, अस्पताल, गाविस, हुलाक, पुल, बाटो, विद्युत, खानेपानी, सरकारी तथा गैरसरकारी संस्थाका कार्यालयहरु, मन्दिर, जलविद्युत आयोजना, विमानस्थल आदिमा आक्रमण गरी माओवादीहरुले आफ्नो गैरजिम्मेवार चरित्र प्रदर्शन गरिसकेका छन् र उनीहरु आपराधिक गतिविधिमा संलग्न भएको देखाएका छन्।

दुवै तर्फबाट जेनेभा महासन्धिको पालना "भएको" र "हुने" कुरा लगातार दोहोऱ्याइएको पाइन्छ। तर किन भइरहेको छैन- यसको पालना व्यवहारमा ? किन भइरहेको छ पटक-पटक यसको बेवास्ता ? र, किन कुल्चिएका छन्- जेनेभा महासन्धिका मर्महरु ? सबैले सोच्नु आवश्यक छ।

महिलाको दृष्टिकोणमा अन्तर्राष्ट्रिय फौज्दारी अदालत

मानवअधिकारको आवाजको शुरुवात देखि नै महिला अधिकारका कुरामा धेरै-थोरै रुपमा बोलिएको र महिलाहरुको समस्याको बारेमा बोल्न खोजेको पाइएता पनि कतिपय त्यस्ता मानअधिकारका दस्तावेजहरु निर्माण गर्ने क्रममा महिलाहरुको अभिमत नलिनु वा कम मात्रामा लिनु र उनीहरुको सहभागिता कम गराइएको तथ्य पाउन सकिन्छ। अझ सिधा भाषामा भन्नुपर्दा कतिपय अन्तर्राष्ट्रिय दस्तावेजको निर्माण गर्ने क्रममा लैंगिक सचेतना र सहभागिताको अभावमा निर्माण भएको पाइन्छ।

- रञ्जना थापा

विश्वको इतिहासलाई केलाएर हेर्ने हो भने चाहे युद्धको नाममा होस् वा धर्मको नाममा या त अरु कुनै कुराको नाममा, त्यसबाट बढी पीडित हुने वर्गमा महिलाहरु पर्दछन्। पहिलो तथा दोस्रो विश्वयुद्ध होस् अथवा आफ्नै देशभित्र संचालन हुने सशस्त्र संघर्ष वा कथित जनयुद्ध- ती सबै घटनामा महिलाहरुको बलि चढ्ने गरेको छ। महिलाहरु माथि विभिन्न अपराधहरु जस्तै बलात्कार, सामूहिक बलात्कार, चरम यौन शोषण, शारीरिक दूर्व्यवहार, मानसिक यातना, प्रताडना, जबर्जस्ती रुपमा गराइने गर्भधारण, गर्भपतन हुने गरेका कुराको प्रमाण इतिहासमा लिपिबद्ध छन्। कतिय युद्धमा बलात्कारलाई रणनीति अथवा दुश्मन पक्षलाई परास्त गर्ने (मानसिक रुपमा) हतियारको रुपमा समेत प्रयोग गरेको पाइन्छ। केवल महिला मात्र भएको नाताले पीडित, शोषित हुनु पर्ने कुराको विरुद्ध महिलाहरुले कमैमात्र उपचार प्राप्त गर्दछन् वा विरलै न्याय पाउँदछन्। यसको उदाहरणमा द्वितीय विश्वयुद्धमा जापानी सैनिकहरुले युद्धको समयमा यौन परिपूर्तिका साधन बनाइएका कोरियन महिला (comfort women) हरुलाई त्यसरी प्रयोग गरेबापत क्षतिपूर्ति दिनु पर्ने टोकियो ट्राईवुनलको निर्णयलाई लिन सकिन्छ। तर, ठीक त्यही ट्राईवुनलले आम सामान्य कोरियन महिलाको बारेमा उनीहरुले भोग्नु परेको पीडा-यातनाको बारेमा भने केही पनि सुनुवाई गर्न सकेन।

मानवअधिकारको आवाजको शुरुवात देखि नै महिला अधिकारका कुरामा धेरै-थोरै रुपमा बोलिएको र महिलाहरुको समस्याको बारेमा बोल्न खोजेको पाइएता पनि कतिपय त्यस्ता मानअधिकारका दस्तावेजहरु निर्माण गर्ने क्रममा महिलाहरुको अभिमत नलिनु वा कम मात्रामा लिनु र उनीहरुको सहभागिता कम गराइएको तथ्य पाउन सकिन्छ। अझ सिधा भाषामा भन्नुपर्दा कतिपय अन्तर्राष्ट्रिय दस्तावेजको निर्माण गर्ने क्रममा लैंगिक सचेतना र सहभागिताको अभावमा निर्माण भएको पाइन्छ।

त्यसपछिका समयमा महिलाहरुको समस्यालाई महिलाको आँखाबाट हेरिनु पर्छ भन्ने अवधारणाको जन्म भयो र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरु पनि महिलाका समस्यालाई केन्द्रित गरेर तयार गरिन थालियो। ती मध्ये CEDAW लाई मुख्य रुपले लिन सकिन्छ। महिलाका अधिकार मानवअधिकार हो भनी घोषणा गरिएको बेइजिङ्ग घोषणापत्र, महिला तथा बालबालिकाहरुको बेचबिखन, ओसार पसार गर्न निषेध गर्ने अभिसन्धिहरु विशेष गरी महिलाहरुमाथि केन्द्रित गरी तयार पारिएका दस्तावेजहरु हुन्। यस बाहेक अरु दस्तावेजहरुलाई पनि महिलाको आँखाले हेरिनु पर्छ र ती अभिसन्धिमा भएका प्रावधानहरुलाई महिलाको हितको लागि लागू गरिनु पर्दछ भन्ने मान्यता यस लेखिकाको रहेको छ।

अन्तर्राष्ट्रिय रुपमा मानवअधिकारको संरक्षण गर्ने विभिन्न प्रयासमा र विश्वमा बढ्दै गएका अनेकौं समस्यालाई हल गर्ने जस्तै : दण्डहीनता, युद्धअपराध, मानवता विरुद्धको अपराधलाई हल गर्ने प्रयासमा ०५८ चैत २९ गते एक समारोह बीच संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापनाको लागि हस्ताक्षर गर्ने राष्ट्रहरुको संख्या ६६ पुग्यो। अत: अब अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधिवत रुपमा स्थापना भइसकेको छ। किनकि यसको स्थापनाको लागि जम्मा ६० वटा राष्ट्रहरुको अनुमोदन नै पर्याप्त थियो। यो अदालतको स्थापना पछाडिको इतिहास हेर्ने हो भने ५० वर्ष अगाडि न्यूरेम्वर्ग टोकियोमा गठन गरिएको अन्तर्राष्ट्रिय ट्राईवुनलले मानवसंहार र मानवता विरुद्ध अन्तर्राष्ट्रिय रुपमा दण्डित गर्ने प्रयत्न देखि शुरु भएको हो भन्दा अनुपयुक्त नहोला। संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको अग्रसरतामा गठन भएका त्यस्ता ट्राईवुनलले एक, दुई अपराधीलाई दण्डित गर्न सफल भएता पनि राज्यसत्ताको आडमा गरिने आमनरसंहार, युद्धका समयका अपराधहरु, महिलाहरु माथि हुने अन्यायको बारेमा सुनुवाई हुन सकेको छैन। केही मुद्दाहरु न्यायिक निकायमा पुगे पनि मुद्दाको कार्यान्वयन हुन विलम्ब हुने, अभियुक्त अपराधी प्रमाणित भएता पनि दण्डबाट उम्किने, आर्थिक, राजनीतिक प्रभावबाट उक्त अपराधी फुत्किने कुराहरु अन्तर्राष्ट्रिय प्रचलन बनेको छ।

अन्तर्राष्ट्रिय फौज्दारी अदालत एक स्वायत्त संस्था हो। यो अन्तर्राष्ट्रिय न्यायालय जस्तो पनि छैन र ट्राईवुनल जस्तो पनि होइन। यो आफैंमा एक स्वतन्त्र एवं प्रभावकारी संस्था हो र यसका विषयवस्तु भनेको अन्तर्राष्ट्रिय कानुनको पुरानो अवधारणा जस्तो राज्य नभएर व्यक्ति हो। अर्थात् यस अदालतले व्यक्ति उपर उजुरी सुन्दछ। यसका कार्यविधिहरु International Court of Justice को तुलनामा सजिलो प्रभावकारी छ र राजनीतिक प्रभावबाट निर्णयमा असर पर्ने सम्भावना ज्यादै नै न्यून छ। अन्तर्राष्ट्रिय फौज्दारी अदालतले मुख्य रुपमा चार ओटा अपराधलाई केन्द्रविन्दु बनाएर आफ्नो कार्य गर्दछ। तिनीहरुमा आम नरसंहार (Genocide), मानवता विरुद्ध अपराध (Crime Against Humanity), युद्ध अपराध (War Crimes) र बाह्य आक्रमण (State of Aggression) का अपराध पर्दछन्। अन्तर्राष्ट्रिय फौज्दारी अदालतका प्रावधानलाई महिलाको दृष्टिबाट कसरी उपयोग गर्न सकिन्छ ? यसका विधानलाई महिलाहरुको लागि कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुराको विवचेना गरौं।

अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधान (Rome Statute of International Criminal Court) को शुरु तयारी देखि नै महिला माथि हुने अपराधका बारेमा व्यापक छलफल भएको थियो। यसरी महिलाको विषयमा केन्द्रित भएर छलफल गर्ने क्रममा विश्वका विभिन्न मुलुकबाट महिलाहरुको आवाज सुनिएको थियो र ती आवाजहरुलाई लगातार रुपमा समाहित गर्दै विभिन्न मुलुकमा कार्यशाला, गोष्ठीको आयोजनाबाट लैंगिक संचेतना जगाउने काम भयो। फलत: अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधानमा लैंगिक संचेतनाका प्रावधानहरु समावेश गरियो।

अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधानको धारा ६ मा नरसंहार सम्बन्धी अपराधको प्रावधान छ। जसमा कुनै समूह भित्र जन्म निषेध गर्ने अभिप्रायको कदम थोपर्नु पनि पर्दछ। यो अपराधबाट प्रत्यक्ष रुपमा पीडित हुनेमा महिलाहरु पर्दछन्। यस अपराधमा बढी पीडित हुनेमा आदिवासी तथा जनजाति महिलाहरु पर्छन्। यो अपराध भनेको कुनै पनि समूहको मानिसलाई जन्मिन दिनुबाट रोक्नु वा रोक्ने यथासम्भव प्रयास गर्नु हो। जसले महिलाको प्रजनन् सम्बन्धी अधिकारको हनन हुन जान्छ।

त्यस्तै विधानको धारा ७ मा मानवता विरुद्धको अपराधको व्यवस्था छ। यो अपराधलाई महिला विरुद्ध हुने अपराधमा लिन सकिन्छ। अथवा यो धारा महिलाहरुको लागि अत्यन्त महत्वपूर्ण छ। यो अपराध अन्तरगत न्यूरेम्वर्ग चार्टरले व्याख्या गरेको अपराधलाई पनि समावेश गरिएको छ। जस अन्तरगत बलात्कार, यौनदासता, थोपरिएको वेश्यावृत्ति, बाध्यतापूर्वक गराइएको गर्भधारण, जबर्जस्ती बन्ध्याकरण वा अरु कुनै प्रकारको यौन हिंसा पर्दछ। यसमा ध्यान राख्नु पर्ने कुरा के हो भने उल्लेखित ती कुरा अपराध ठहरिन युद्धको समयमा योजनाबद्ध रुपले महिला माथि गरिएको हुनु पर्दछ।

विधानको धारा ८ मा युद्ध अपराध भनी जेनेभा महासन्धिहरुले निषेध गरेको अपराधलाई समावेश गरिएको छ। अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधानले महिला उपर हुने हिंसा र अपराधको मात्र उल्लेख गरेको छैन कि अदालतमा महिला र पुरुषको समान प्रतिनिधित्व होस् भन्ने उद्देश्यले धारा ३६ (८८) (क) मा न्यायाधीशको नियुक्ति प्रक्रियामा समान तथा न्यायपूर्ण प्रतिनिधित्वको व्यवस्था गरिएको छ।

समग्रमा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापनालाई महिला हकहितका लागि प्रभावकारी मान्न सकिन्छ। यसले महिला उपर हुने विभिन्न जघन्य अपराधको बारेमा व्यवस्था गरिनुका साथै सुनुवाईको पनि प्रभावकारी प्रावधानहरुको व्यवस्था गरिएको छ। जसमा पीडित पक्षको साक्षी वकपत्र गराउँदाको प्रक्रिया र उचित क्षतिपूर्तिको समेत व्यवस्था रहेको छ। पीडित महिलाहरु आफूप्रति भएको अपराध उपर उजुरी लिएर अदालत समक्ष जाँदा आफ्नो जीवनमा पर्न जान सक्ने खतरा र त्यसबाट न्यायमा पर्न जानसक्ने असरलाई दृष्टिगत गर्दै उक्त पीडित महिलालाई उचित संरक्षण दिई पीडित र पीडित पक्षका साक्षीलाई संरक्षण प्रदान गर्नका लागि अदालतले आफ्नो समितिलाई आदेश दिन सक्ने प्रावधान विधानको धारा ५७ र ६४ मा राखिएको छ। यस अतिरिक्त यस अदालतले राज्य पक्षलाई पीडित र साक्षी बचाउ एवं संरक्षणको लागि अनुरोधका साथै निर्देशन दिन सक्दछ र पीडित पक्षलाई संरक्षण प्रदान गर्नु राज्य पक्षको दायित्व हुन आउँछ। यस अदालतले दण्डित गरेको व्यक्तिबाट जरिवाना र सजाय असुल गर्न समेत राज्य पक्षलाई निर्देशन दिन सक्छ र उक्त दण्डित व्यक्तिबाट जरिवाना असुली पीडितलाई राहत दिनु राज्यको दायित्व भित्र पर्न आउँछ।

विधानको धारा १५ ले महिला उपर भएको अपराध विरुद्ध कुनै गैर सरकारी संस्था, महिला समुदाय र अन्य कुनै पनि व्यक्तिलाई उजुरी दिनका लागि ढोका खोलेको छ। अर्थात् राज्य पक्षका कुनै एक व्यक्तिले पनि अन्तर्राष्ट्रिय अदालतमा उजुरी दिन सक्दछ। यो अदालतलाई एक महिलामुखी अदालत यस कारण पनि मान्न सकिन्छ कि यसले महिला उपर हुने हिंसा र अपराधलाई समावेश गरी अपराधको गाम्भिर्यतालाई दृष्टिगत गर्दै उपचारको व्यवहारिक बाटोको व्यवस्था गरिएको छ।

नेपालले पनि यदि उक्त अदालतलाई अनुमोदन गर्ने हो भने अनुमोदन गरिसकेपछि युद्धको नाममा वा सशस्त्र संघर्षको नाममा महिला माथि दुवै पक्षबाट हुने बलात्कार, हत्या, यौन दुर्व्यवहार प्रति आवाज उठाउन सकिने छ र त्यसो गर्न सकिएको खण्डमा भविष्यमा युद्धका नाममा महिला माथि गरिने कुनै पनि अत्याचारमा रोक लाग्न सक्दछ।

अन्त्यमा, अन्तर्राष्ट्रिय फौज्दारी अदालतले काम गर्न थालेपछि एक जना अपराधीलाई मात्र पनि दण्डित गर्न सक्यो भने अन्तर्राष्ट्रिय स्तरमा महिला मानवअधिकारको इतिहासमा नयाँ आयाम थपिनेछ।

शहीद भीमदत्त पन्त

आफ्नै मीतले जसको गर्धन छिनाए

- प्रतीक रावल

१०४ वर्षे राणा शासनको अन्त्य गराउन वा प्रजातन्त्रको स्थापना गर्नका लागि सुदूर पश्चिम क्षेत्रमा विद्रोहका लागि शायद भीमदत्त पन्तको जन्म भएको थियो। अर्थात् विद्रोहको अर्को नाम थियो- शहीद भीमदत्त पन्त। नेपालको प्रजातान्त्रिक आन्दोलनलाई अग्रगति प्रदान गर्नमा शहीद भीमदत्त पन्तको अग्रणी भूमिका रहेको छ।

वि.सं. १९८३ साल मंसिर १० गते बेलुकी ८ बजे डडेल्धुरा जिल्लाको घटाल गाविसको कारी गाउँमा आमा सरस्वती देवी पन्तको कोखबाट शहीद भीमदत्त पन्तको जन्म भएको हो। उहाँको बुबाको नाउँ तारानाथ पन्त हो। उहाँका दुईवटी आमा थिए। उहाँ आफ्नी कान्छी आमाको एकमात्र छोरा हुनुहुन्थ्यो। भीमदत्त एक्लै छोरा भए पनि उहाँकी जेठी आमाबाट ३ वटी बहिनीहरु थिए। उहाँका बाजेको नाम माधवप्रसाद पन्त हो र कान्छाबाबुको नाउँ हरिकृष्ण पन्त हो। हरिकृष्ण पन्तका ५ वटा छोरा थिए। शहीद भीमदत्तको परिवार मध्यमवर्गीय किसान परिवार थियो। शहीद भीमदत्त पन्तकी अर्की बज्यै पट्टिका तीन भाइ बुबाहरु भारतको लखीमपुर, सिघाईमा बस्ने भएकोले ७ वर्षको उमेरमा उहाँको पढाई त्यहींबाट शुरु भयो। भनिन्छ- भीमदत्तलाई बाल्यकालको अवस्थामा विभिन्न उपनामले बोलाउने गरिन्थ्यो। भीमदत्तको स्वभाव अलि जिद्दी खालको थियो।

जतिबेला भीमदत्त पन्त अध्ययन गरिरहनु भएको थियो, त्यहीबेला करीब १२/१३ वर्षको उमेरमा उहाँको विवाह सोलपरीका दामोदर पन्तकी ११ वर्षीय पार्वती देवीसँग वि.सं. १९९५ सालमा भयो। उहाँले अध्ययन गरिसकेपछि गाउँ फकेर काशी गिरी (देउवा जोगी) को सहायताले डडेल्धुराकै डोटी घटालको विरखम्भमा एउटा संस्कृत पाठशाला खोल्नु भयो। भीमदत्तले यस्ता पाठशालाहरु तल्लो सोराड र रुपालमा पनि खोल्नु भएको थियो।

शहीद भीमदत्तको गीता पढ्ने शोख थियो। भीमदत्तका एक छोरा र एक छोरी थिए भने वि.सं. २००७ सालमा तेस्रो बच्चाको १ वर्षको उमेर मृत्यु भएको थियो।

उहाँ स्पष्ट वक्ता र खरो स्वभावको हुनुहुन्थ्यो। अन्याय, अत्याचार सहन सक्नु हुन्नथ्यो। समाजमा गलत काम गरेर बाहिर आफूलाई चोखो देखाउने समाजका पाखण्डी ठालु, सामन्तीहरुलाई उहाँ घृणा गर्नुहुन्थ्यो। त्यसकारण भीमदत्तको सामन्तहरुसँग दिन-प्रतिदिन संघर्ष चर्कंदै जान थाल्यो। विद्रोही स्वभावका भीमदत्तले सामन्तहरुका विरुद्ध आवाज उठाउन थाल्नु भयो। यस्तो अवस्थामा आईपुग्दा भीमदत्त गरीब जनताका प्रवक्ता बनिसक्नु भएको थियो। उहाँ पुन: अध्ययन गर्ने उद्देश्यले वि. सं. २००१ सालमा भारत जानु भयो।

भारतीय स्वतन्त्रता आन्दोलन र शहीद भीमदत्त पन्त

भीमदत्त पन्त नेपालको प्रजातान्त्रिक आन्दोलनसँग मात्र जोडिएको नाम होइन। उहाँले भारतको प्रजातान्त्रिक आन्दोलनमा समेत हिस्सा लिनु भएको थियो। भारतीय न्यायप्रेमी जनताले चलाएको भारतीय स्वतन्त्रता आन्दोलनबाट भीमदत्त प्रभावित हुनु भयो। उहाँले उक्त आन्दोलनलाई समर्थन गर्नु भयो। अन्य नेपाली राजनेताहरु झैं भारतको स्वतन्त्रताको आन्दोलनमा उहाँले भाग लिनु भएको थियो। वि.सं. २००२ सालमा पक्राउ गरेर उहाँलाई इलाहाबाद जेलमा राखियो। १८ महिनाको कठोर जेल सजाय पश्चात् उहाँ छुट्नु भयो। ब्रिटिश शासनबाट भारत मुक्त भइसकेपछि वि.सं. २००३ सालमा उहाँ स्वदेश फर्कनु भयो। त्यतिखेर नेपालमा पनि राणा शासन भित्रभित्रै विरोध शुरु भइरहेको थियो। देशमा राणा शासनको विरुद्ध जनआक्रोश बढिरहेको थियो।

शहीद भीमदत्तको राजनीति प्रवेश

राणा शासन विरोधी आन्दोलनको प्रभाव सुदूर पश्चिममा पनि विस्तारै परिरहेको थियो। भीमदत्त पन्तले भारतीय स्वतन्त्रता आन्दोलनबाट प्रभावित भएर नेपालमा पनि जहाँनीया राणा शासनको अन्त्य गरी प्रजातन्त्र ल्याउनु पर्ने अठोट गरिसक्नु भएको थियो। यस्तो परिस्थितिमा पन्तले शोषक सामन्तीको आतङ्कबाट देश र जनतालाई मुक्त गर्ने प्रतिज्ञा लिइसक्नु भएको थियो। वि.सं. २००६ सालमा पन्तले नेपाली कांग्रेसको सदस्यता लिएर क्रान्तिमा भाग लिनु भएको थियो। त्यसै सालमा क. पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको गठन भयो। कम्युनिष्ट पार्टीको जन्म नेपालमा प्रजातन्त्र ल्याउन क्रान्ति शुरु गर्ने लक्ष्य लिएर भएको थियो। सुरु सुरुमा शहीद पन्तले कांग्रेस कस्तो पार्टी हो र यसले कस्तो वर्गको प्रतिनिधत्व गर्छ भन्ने कुरा राम्रोसँग बुझ्नु भएको थिएन। तर, पछि गएर नेपाली कांग्रेसको असली कार्यक्रम र नीति के हो भनेर थाहा पाएपछि उहाँले कांग्रेस परित्याग गर्नु भयो। २००७ सालको क्रान्ति चलिरहेको बेला पुस २५ गते जनवादी आन्दोलनदेखि डराउने त्यहाँका बुर्जुवा तथा सामन्तीहरुले उहाँलाई मार्ने योजना सहित डडेल्धुरामा पक्राउ गरे। तर, उहाँलाई मार्न लागेको खबर स्थानीय जनताले थाहा पाएर ठूलो विरोध गरेपछि उहाँलाई छोडियो।

२००७ सालको क्रान्तिमा पन्तको कार्यक्षेत्र डडेल्धुरा, वैतडी र डोटी रहेको थियो। क्रान्तिको दौरानमा सुदूर पश्चिम क्षेत्रतिर रुपसिंह र गौरीलाल खटिएर आउनु भएको थियो। रुप सिंहले गौरीलाललाई डोटी पठाए तर उनले जित्न सकेनन्। अनि, भीमदत्तलाई डोटी पठाउँदा उहाँले वडा हाकिमको कोठामा प्रवेश गरी रिवल्भर देखाई खजानाको बारेमा सोध्दा पाँच लाख रुपैयाँ भारत पठाएको तर बाटोमा रहेको कुरा थाहा पाउनु भयो। त्यसपश्चात् तत्काल उहाँले आफ्नो सेना पठाएर सो रकम बाटोमा कब्जा गरी सरकारी कोषमा राख्न लगाउनु भएको थियो। डडेल्धुरामा रुपलालसिंहले १ लाखको खजाना भारत पठाएपछि त्यसको उहाँले कडा विरोध गर्नुभयो। पछि वी. पी. कोइरालालाई उहाँले तार पठाएर सोध्दा "क्रान्तिमा लागेकोले पैसा लिनसक्छ, यो ठूलो कुरा होइन, छोडी देउ" भन्ने खबर पाएपछि कांग्रेसी नेतासँग उहाँ रिसाउनु भएको थियो।

महाकालीको गभर्नर भीमदत्त

२००७ साल फागुन ७ गते सरकार गठन भएपछि पन्त महाकाली क्षेत्रको गर्भनर हुनुभयो। उहाँले २००७ सालमा आफू "गर्भनर" को रुपमा रहेको बेला जनतालाई शोषणबाट मुक्त गर्न, महिलाहरुलाई चेतनशील तुल्याउन र क्रान्तिको भावना कायम राख्न एउटा शान्ति सेनाको गठन गर्नु भएको थियो। यसमा महिलाहरुको पनि सहभागिता रहेको थियो।

उता, २००७ सालमा गरिएको दिल्ली सम्झौता र नेपालगञ्जमा भारतीय सैनिक बोलाएर त्यहाँ चलिरहेको जनताको आन्दोलनलाई दमन गरिएको कुराको उहाँले विरोध गर्नुभयो। यसकारण पन्त र नेपाली कांग्रेसका नेताहरु बीच दूरी झनझन बढ्न थाल्यो। उहाँले नेपाली कांग्रेस पार्टी परित्याग गर्नुभयो।

भीमदत्तलाई काठमाडौं किन बोलाइयो ?

जब भीमदत्त पन्तले दिल्ली सम्झौता लगायत अन्य कुराहरुको विरोध गर्नुभयो, उहाँलाई वि.सं. २००९ सालमा काठमाडौं आउन पत्र पठाइयो। तर उहाँ जानु भएन। पछि सेनाले पक्राउ गरेर उहाँलाई पैदल काठमाडौं पुऱ्याये। उहाँका साथमा रहेका बीरबहादुर बस्नेत, नवलसिंह ऐर, कले थापा, नरसिंह रैसाल आदिलाई नख्खु जेलमा राखियो। तर, तारेखमा छोडिएका उहाँका साथीहरुद्वारा २/३ हजार जनताको हस्ताक्षर संकलन गरी "भीमदत्त जनपक्षीय नेता हुन्, उनले देशका लागि लडेका हुन् र उनको रिहाई हुनु पर्दछ" भन्ने मागपत्र काठमाडौं लगियो। त्यसपश्चात् उहाँ रिहा हुनुभयो। अनि, उहाँ डडेल्धुरा जानु भयो।

वि.सं. २००९ सालमा भीमदत्तको भारतीय मार्क्सवादी विचारक कृष्ण स्वामी एयरसँग लखनउमा भेट भएको थियो। यसका साथै भीमदत्तले नैनीताल जिल्लाका भारतीय कम्युनिष्ट नेताहरुसँग पनि सम्पर्क बढाउनु भयो। त्यसपश्चात् भीमदत्तले काठमाडौं आएर नेपाल कम्युनिष्ट पार्टीसँग सम्बन्ध र सम्पर्क बढाउनु भयो। उहाँले तत्कालीन अवस्थामा पुष्पलाल श्रेष्ठ र मनमोहन अधिकारीसँग पनि भेट्नु भयो। उहाँलाई पार्टीले किसानहरुका फाँटमा काम गर्ने जिम्मेवारी दिएर पठायो।

पन्तले कमैया प्रथा उन्मूलन र भूस्वामित्वको पक्षमा आवाज बुलन्द गर्नुभयो। उहाँले आफ्नो बुबाले अरुबाट लिएर घरमा राखेका तमसुकहरु च्यातिदिनु भयो। शहीद पन्तले "कि त जोत हलो, कि त छोड थलो, यदि हैन भने अब छैन भलो" भन्ने क्रान्तिकारी नारा दिनु भयो। जुन नाराले फटाहा, सामन्तीहरुको मुटु थर्किएको थियो। पन्त गीतकार एवं गायक पनि हुनुहुन्थ्यो। २००९ साल माघ महिनाको कुरा हो, पन्त कंचनपुर जिल्ला स्थित सिद्धनाथको मन्दिरमा बसिरहनु भएको थियो। वडाहाकिमले उहाँलाई बोलाएको खबर पाएपछि भीमदत्त त्यहाँ पुग्नु भयो। उहाँलाई बेलौरी जेलमा थुनियो। उहाँलाई मार्ने योजना बनाएको कुरा गौंडा गोश्वाराका तत्कालीन खरिदार टिकादत्त भट्टबाट जनताले थाहा पाए। यस्तो षडयन्त्रकारी योजनाको जनताले विरोध गरेर जुलुस निकाल्ने योजना बनाएपछि सरकराले उहाँलाई रिहा गरेको थियो। तर, सरकारले भीमदत्तले बैलौरी जेल तोडेर भागेको गलत सूचना प्रसारण गरेर उहाँलाई पुनः पक्राउ गरी मार्ने षडयन्त्र गऱ्यो। तत्कालीन वडाहाकीम मोहनबहादुर सिंहद्वारा गुणाकर पन्तसँग षडयन्त्रपूर्ण कुरा गरी चुणामणि पन्तद्वारा नक्कली कागजपत्र तयार गरेर भीमदत्तलाई अनेकौं झुट्टा मुद्दा लगाइयो। भीमदत्त र उहाँका सहयोगीहरुलाई सरकारले फेरि पक्राउ गऱ्यो। कञ्चनपुर जेल चलान गरिरहेको बेला जोगबुडाको जंगलमा भीमदत्त त्यहाँ पुगेपछि चरेशवाला र भन्सारवालाहरु डराएका थिए। भीमदत्तले चरेश जलाएर ग्रामीण किसानहरुको सहभागितामा १२५ जनाको सेना गठन गर्नुभयो। पछि गएर सो सेनाको संख्या ५ सय पुगेको बताइन्छ।

त्यसपश्चात् सरकारले उहाँलाई डाँका घोषित गऱ्यो। उहाँलाई जिउँदै वा मरेको अवस्थामा ल्याउनेलाई भारतको वरेलीमा बसेर नेपालका तत्कालीन वडाहाकीम किरण शमशेरले पाँचहजार रुपैयाँ पुरस्कार दिने घोषणा गरेका थिए। भीमदत्तले बेलौरीमा गएर सेनाद्वारा त्यहाँको थानेदारलाई मार्न लगाउनु भयो। यता अल इण्डिया रेडियोबाट "नेपालके सुदूरपश्चिम क्षेत्रको दक्षिण इलाका में कम्युनिष्ट ने हमला किया है" भन्ने समाचार प्रसारण गरेपछि भारतीय सैनिक उहाँको खोजीमा नेपाल प्रवेश गरेका थिए। नेपालको सीमानाभित्र भारतीय फौजको प्रवेश भएपछि भीमदत्तले एक ठाउँमा एक रात भन्दा बढी समय बिताउनु भएन। आन्दोलनको क्रममा उहाँलाई किसानहरुको व्यापक सहयोग र समर्थन रहेको थियो। किसानहरुले उहाँलाई पूर्ण सुरक्षा प्रदान गरेका थिए। उहाँलाई पक्रन नेपाली फौज समेत पछाडि परिसकेको थियो।

आन्दोलन चलिरहेको बेला पन्त डडेल्धुराको सहजपुर हुँदै बुडर पुग्नुभयो। श्री ५ को सरकारले डोटी र डडेल्धुराका नेपाली सैनिकरुलाई उहाँको खोजी गर्ने कार्यमा खटाएको थियो। सहजपुर पुगेको खबर नेपाली सैनिकहरुले थाहा पाएपछि उहाँलाई घेरा हालियो। भीमदत्तले आफ्ना कपाल, आँखी भौं र जुङ्गा खौरिनु भएको थियो। उहाँ बुडरबाट भाग्न सफल हुनुभयो। २०१० साल साउन १७ गते बिहान भीमदत्त केही खाना प्राप्त गर्ने आशामा बुडर नजिककै एउटा मगरको घरमा पस्नु भएको थियो। जुन मगरको घरमा उहाँ जानु भएको थियो त्यही मगरले पाँच हजार रुपैयाँ पाउने लोभमा तरकारी ल्याउन जान्छु भनेर फौज बोलाएर ल्यायो। डडेल्धुराका सिपाहीहरु आएर मगरको घर प्रवेश गरे। सिपाहीहरुले भीमदत्तलाई घिसार्दै, पिट्दै सडकमा पुऱ्याए। त्यसबेला पन्तले भन्नुभएको थियो- "मलाई जे गरे पनि म ठूला सामन्तहरुको शोषणबाट जनतालाई मुक्त गर्न चाहन्छु।" त्यसैबेला फौजी लालबहादुर थापाले अचानक हानेको गोली उहाँको कोखमा लाग्यो। तर उहाँको प्राण गएन। भीमदत्तले आफ्नो प्रण दोहोऱ्याइरहनु भएको थियो। त्यस पश्चात् अर्को फौजी भम्वा दियालले खुकुरी झिकी आफ्नै मीत भीमदत्तको टाउको छिनाए। त्यही दिन खलङ्गातिर टाउको लिएर हिंडे । साउन १८ गते १२ बजेतिर भीमदत्तको टाउको डडेल्धुराको बागबजारमा पुग्यो। सामन्तहरुले उहाँको हत्याको खुशीयालीमा बाजा बजाए, भोज खाए। तर गरीवहरु दुःखित भएर रुन थाले।

भीमदत्तको टाउकोलाई सदरमुकाममा प्रदर्शन गरिएको थियो। उहाँको टाउको बाँसको खम्बामा गाडेर जिल्ला प्रहरी कार्यालयको कम्पाउड भित्र भैरव गणेश स्थानको मन्दिर भएको ठाउँमा ३ दिनसम्म राखियो। "राजद्रोह र देशद्रोह गर्नेलाई यस्तै हुन्छ" भनेर त्यहाँ लेखिएको थियो। उहाँका आँखा बन्द थिए र बाँसका कप्टेराले खुलाइएका थिए।

शहीद भीमदत्तले चलाएको किसान आन्दोलनमा ५२ जना घाइते भए, २ सय ७२ जना पक्राउ परे। केही योद्धाहरु मारिए। भीमदत्तको हत्याले गर्दा सुदूर पश्चिमको सामन्तवाद विरोधी आन्दोलन, किसान आन्दोलन र राष्ट्रवादी आन्दोलनले ठूलो धक्का खायो।

शहीद भीमदत्त पन्तको ऐतिहासिक जीवनगाथा सम्पूर्ण नेपालीहरुका लागि सम्झन लायक एवं सम्मान योग्य रहेको छ। सम्मानित जीवनगाथा नै हाम्रो प्रेरणाको स्रोत बन्न सक्छ। त्यस्ता व्यक्तित्वहरुलाई सम्झेर सम्मान प्रकट गर्नु हाम्रो प्रमुख दायित्व पनि हो। शहीद भीमदत्त पन्तको हत्या भएको ४९ वर्ष भयो। जसले सामाजिक परिवर्तनको लडाईमा जीवनको आहुति दिए, जसले प्रजातन्त्रका लागि शहादत प्राप्त गरे। ती व्यक्तित्वहरुलाई हामीले भुल्ने चेष्टा गऱ्यौ भने त्यो शहीद प्रतिको अपमान हुनेछ। आम नेपाली जनताका ती ढुकढुकीको स्मृतिका लागि हालसम्म कुनै कार्य सरकारी पक्षबाट नहुनु दुःखद कुरा हो।

(सन्दर्भ सामग्री : शहीद भीमदत्त स्मृति प्रतिष्ठान, महेन्द्रनगर, कंचनपुर)

आमाको दूध खाँदा खाँदै विवाहको कुरा छिनियो

किन सानै उमेरमा नातिहरुको विवाह गरिदिनु भएको त? भन्ने जिज्ञासा राख्दा शंकर मल्लिककी हजुर आमा सीता मल्लिक भन्छिन्- के गर्नु तरुनी अवस्थामा विवाह गर्दा केटी नै पाइदैन। तरुनी उमेरमा विवाह गर्दा समाजले पनि शंका गर्न थाल्छ। यति उमेरसम्म विवाह नहुनुको पक्कै कुनै कारण हुनुपर्छ भनेर जहीं तहीं प्रश्न सोधिन्छ। फेरि, बिहे त आफ्नै जातमा गर्नु पर्‍यो- उनले भनिन्।

- रमेशकुमार पौडेल

जनकपुर नगरपालिका, रामपुर बस्ने अढाई वर्षका शंकर मल्लिक (मरिक)को महोत्तरी जलेश्वर बस्ने रेखा मल्लिकसंग गत जेठमा विवाहको कुरा छिनिइसकेको छ। २/३ महिना पछि दुलही बन्ने रेखा मल्लिक दुई वर्षकी मात्र छिन्। सामान्यतया ३ वर्षसम्मका बालबालिकाहरुलाई आमाको दूध ख्वाउने गरिन्छ। यसै गरी शंकर मल्लिककै काका ६ वर्षीय अनरजीत मल्लिकको २ वर्षकै उमेरमा महोत्तरी रतौली गा.वि.स. की ३ वर्षीय आशादेवी मल्लिकसंग विवाह भइसकेको छ । साथै, अनरजीतका दाइ ७ वर्षीय सिकन्दर मल्लिक ४ वर्ष कै उमेरमा विवाह बन्धनमा बाँधिइसकेका छन्। सिकन्दरको ससुराली चाहीं महोत्तरी डोनरपुर रहेछ र दुलहीको नाम रिंकुदेवी मल्लिक।

जनकपुर नगरपालिकाको रामपुरमा बसोबास गर्ने मल्लिक (मरिक) डुम परिवारले परम्परादेखि नै बाल विवाहलाई एउटा संस्कारको रुपमा अपनाउदै आएको छ। यसरी किन सानै उमेरमा नातिहरुको विवाह गरिदिनु भएको त? भन्ने जिज्ञासा राख्दा शंकर मल्लिककी हजुर आमा सीता मल्लिक भन्छिन्- "के गर्नु तरुनी अवस्थामा विवाह गर्दा केटी नै पाइदैन। तरुनी उमेरमा विवाह गर्दा समाजले पनि शंका गर्न थाल्छ। यति उमेरसम्म विवाह नहुनुको पक्कै कुनै कारण हुनुपर्छ भनेर जहीं तहीं प्रश्न सोधिन्छ। फेरि, बिहे त आफ्नै जातमा गर्नु पर्‍यो" उनले भनिन्। डुम समुदायमा १२/१३ वर्षको उमेरदेखि नै तरुनो वा तरुनी भएको मानिन्छ।

तिम्रो विवाह भयो? भनेर सोध्दा सिकन्दर मल्लिक भन्छन्- "भयो।" दुलहीको नाम के हो त? भन्दा उनले बताउन सकेनन्। "आमाबुबाले बिहे गरिदिनु भयो रे, मलाई त थाह छैन" उनले भने। तिमी स्कूल जाने गरेका छौ ? भन्ने प्रश्नको जवाफमा उनले विद्यालय नगएको कुरा बताए। किन? तिमीलाई स्कूल जान मन लाग्दैन त? भन्ने प्रश्नको जवाफमा उनी भन्छन्- "स्कूलमा पढेन भने कुट्छन्, त्यसैले जान मन लाग्दैन।" तिमीले स्कूलमा सरले कुटेको पनि देखेका छौ? भन्ने प्रश्न गर्दा उनले एक पटक सुँगुर चराउन जाँदा कुट्दै गरेको देखेको कुरा बताए। त्यस टोलका डुम परिवारका कुनै पनि बालबालिका स्कूल जाँदैनन् र आमाबाबुले पनि स्कूल पठाउने आवश्यकता महसुस गरेका छैनन्। "मेरो पनि बालकै अवस्थामा बिहे भएको थियो। मैले पनि एउटी छोरीको बिहे ६ कक्षा पढ्दा पढ्दै गरिदिएको हुँ।" रामपुरमा घर भएका जनकपुरको कन्या मा.वि.मा कार्यरत शिक्षक रामचन्द्र शाह भन्छन्- "पहिले परिवारमा बुबा हुनुहुन्थ्यो, व्यवहार सबै उहाँले नै गर्नु हुन्थ्यो। फेरि, हामीलाई पनि बालविवाहले गर्दा बालिबालिकामाथि पर्ने नकारात्मक असरका बारेमा राम्रो जानकारी थिएन। तर अब शिक्षा र चेतनाको प्रचार प्रसारबाट हामी सचेत भएका छौं कम्तीमा पनि मेरो परिवारमा म बालविवाह हुन दिन्न" उनी भन्छन्।



रामपुर टोलमा पासवान, डुम, शाह आदि जातिको बसोबास छ। पोखरीको डिलमा भएको ७/८ धुर जग्गामा झुपडी हालेर बसेको डुम परिवारमा विवाहको लागि केटा, केटी खोज्नका लागि भरसक धनुषा जिल्लाभित्रै र केटा वा केटी नपाएको खण्डमा महोत्तरी जिल्लातिर जाने चलन रहेछ। । सामान्यतया विवाह गर्दा बालबालिकाको उमेर सानै हुने भएकोले विवाह भएपछि १०/१२ वर्षको उमेर सम्म दुलहीलाई माइती मै छोडिन्छ। १०/१२ वर्षको भएपछि दुलहीलाई घर भित्र्याउने चलन छ। कोही पनि लेखपढ गर्न सक्ने मानिस नभएको यो परिवारको मूल पेशा बाँसकों ढाकी बुन्ने रहेछ। डुम समुदायमा बाल विवाहलाई एकदमै सामान्य र सहज रुपमा लिइन्छ। यसलाई एउटा परम्परागत चलनको रुपमा मान्दै आएका आर्थिर्क रुपले पनि अत्यन्त विपन्न अवस्थामा रहेका डुम समुदाय बाल विवाहबाट हुने हानीका बारेमा सचेत हुन सकेको छैन।

यसरी बाल विवाहरुपी कुसंस्कारले समाजमा गहिरो गरी जरा गाडेर बसेको छ। रामपुरमा मात्र होइन देशका विभिन्न भागमा रहेका कैयौं जात-जातिहरुमा बालविवाह एउटा संस्कारकै रुपमा रही आएको छ। धनुषा, सप्तरी, सर्लाही, महोत्तरी जिल्लाका ग्रामीण क्षेत्र बालविवाहको समस्याले जकडिएको छ। झापा र मोरङ्गमा भएका भुटानी शरर्णाी शिविरहरुमा पनि बाल विवाह समस्याको रुपमा देखा पर्दैछ। खास गरी आफ्नो घर फर्किन नपाएको कारणबाट बालबालिकामा निराशा, उदाशी छाएको छ। यसको साथै पुस्तकालय वा मनोरञ्जन र कुनै सिर्जनात्मक काम नहुँदा बालबालिकाहरुमा विकृति देखापरेको कुरा शरणार्थीहरु बताउँछन्। शिविरको समन्वय एकाईमा हरेक दिनजसो बालविवाह, बहुविवाहका मुद्दाहरु आउने गरेको छ। त्यहाँ बालविवाहलाई निरुत्साहन गर्नका लागि केही प्रयासहरु थालिएको छ। जस्तै, बालविवाह गर्नेहरुलाई विद्यालयबाट निकालिने गरिएको छ। यहाँसम्म कि, बालविवाह गर्ने जोडालाई छुटाउने अधिकार पनि समन्वय एकाईलाई दिइएको छ।

राजधानीसंग जोडिएको नुवाकोट जिल्लाको ओखरपौवा गा.वि.स.को कागते गाउँका बालबालिका पनि बालविवाहका कारणबाट पीडित छन्। ओखरपौवा गाउँका बलामी समाजले प्रत्येक वर्षको श्री पञ्चमीका दिन बालबालिकाहरुको सामूहिक विवाहको आयोजना गर्ने गर्छ। यस गाउँका हरेक आमाबाबु आफ्ना छोराछोरी १० वर्ष नपुग्दै

जोडी खोज्न थाल्छन्। यस गाउँमा भने विवाह भइसकेपछि पनि बालबालिकाहरु विद्यालय जांने गरेका छन् । कागते गाउँस्थित श्री भवानी प्राथमिक विद्यालयमा ८/९ वर्षका बालिकाहरु चुरापोते लगाएर श्रीमान्संगै स्कूल आउने गर्छन्। यहाँ बालबिवाहलाई अत्यन्त सहज रुपमा लिइने गरिएको छ। त्यस गाउँमा एस.एल.सि पास गर्ने ८/१० जना मात्र छन्। कागते गाउँमा भएको बालविवाहको परिणाम स्वरुप जारी प्रथा पनि मौलाइरहेको छ। विवाहित बालबालिकाहरु युवा अवस्थामा पुगेपछि अरु युवा वा युवतीसंग बोलचाल र उठबसको क्रममा एक आपस माया पिरती बस्छ र विवाह हुन्छ। तर, यसरी अर्काकी श्रीमती विवाह गर्नु परेमा पहिलेको केटालाई २० हजारसम्म तिर्नु पर्छ। जारी रकम पहिलेको तुलनामा निकै बढे पनि अझै अर्काकी श्रीमती भगाउने र भाग्ने क्रममा कुनै कमी आएको छैन।

यो देशको एउटा जटिल समस्याको रुपमा देखापरेको छ। जसले गर्दा हजारौं बालबालिकाहरुको भविष्य अन्धकारतिर धकेलिरहेको छ। बालबालिकाहरु भविष्य मात्र होइनन वास्तवमा वर्तमान पनि हुन्। उनीहरुलाई असल वातावरणमा हुर्काउँदै उनीहरुभित्र लुकेका प्रतिभालाई बाहिर ल्याई राष्ट्र निर्माणको काममा लगाउनु आजको आवश्यकता हो। यसो गरेमात्र उनीहरु साँच्चै राष्ट्रका भविष्य हुन सक्छन्। राष्ट्रको भविष्य कोर्न सक्छन्। तर बालविवाहको समस्याले उनीहरुलाई उज्यालो तिर होइन अँध्यारो तिर धकेली रहेको छ। समाजमा गरिब सधैं गरिब नै भइरहने जुन कुचक्र चलिरहेको छ बाल विवाहले यही कुचक्रलाई नै निरन्तरता दिने काम गरिरहेको छ। बालबालिकालाई यसबाट मुक्त गर्नु नितान्त जरुरी भइसकेको छ। यसको लागि बालविवाहको बारेमा खोतलखातल गर्नु र समस्यालाई गहिरोसंग बुझ्नु आवश्यक छ।

बालविवाहको सुरुआत कहिले देखि भयो त ?

हाम्रा पुराण, महाभारत लगायतका पौराणिक ग्रन्थहरुमा भएका कथाहरुबाट तत्कालिन समाजमा बालविवाह, अनमेलविवाह जस्ता चलनहरु चलेको पाइन्छ। त्यसबेला खास गरी स्वस्थानी ब्रत कथामा ७० वर्षका शिव शर्मा ब्राह्मण र ७ वर्षकी गोमा ब्राह्मणीको विवाह भएको कुरा उल्लेख गरिएको छ। त्यसवेला महिलाहरुको सतित्वलाई अत्यन्त महत्व दिइने हुनाले महिलाहरुको रजस्वला हुनु भन्दा अगाडि नै विवाह गर्नु पर्छ भन्ने मान्यता रहेको थियो। हिन्दू धर्म भित्र मौलाएको पितृसत्तात्मक चिन्तनले नै बालविवाह, बहुविवाह, अनमेलविवाह जस्ता कुसंस्कारहरुले जरो हालेको हो। त्यसबेलाका हिन्दूधर्मका व्याख्याता, नीति निर्माताका रुपमा स्थापित भएका ब्राह्मणहरुले जे जस्तो नियम बनायो त्यही नै कानुनको रुपमा लागू हुने परिवेश भएको कारणले पनि यस्ता कुसंस्कारहरु स्थापित भई हालसम्म पनि चलिरहेको छ।

बालविवाहको संस्कार सबै जात जातिमा प्रचलित छ त ?

सबै स्थान र जाति-जातिमा समान रुपले यो संस्कार प्रचलित छैन। समाज विकासको दौरान समाज शिक्षित र सचेत हुँदै गयो । यसक्रममा शिक्षा, चेतना प्राप्त गर्ने अवसर पाएका समुदायहरुले यसले पार्ने नकारात्मक असरहरुबारे बुझे र यो संस्कार विस्तारै छोड्दै लगे। तर शिक्षा, चेतना सबै किसिमका अवसरहरुबाट बञ्चित पारिएका समुदायहरुले त्यसबारे जान्ने बुझ्ने अवसर पाएनन् । जसको परिणामस्वरुप बालविवाहको संस्कारलाई जानी नजानी अध्यावधि पछ्याउँदै आएका छन्। बालविवाहको संस्कार हटाउन नसकेका कतिपय शिक्षित परिवारले पनि आफ्ना बालबालिकाहरुको विवाह गर्ने गरेका छन्। यो समस्या खास गरी ग्रामीण भेगमा अझ बढी चर्को रुपमा छ। तराईतिर चमार, दुसाद, डुम, मुसहर आदि जस्ता पछाडि पारिएका जातिहरुमा यो समस्या अझ गम्भीर रुपमा देखा परेको छ। त्यसैगरी, पहाडी भेगमा पनि बालविवाहको समस्या विभिन्न जात-जातिको संस्कार र स्थान अनुसार फरक-फरक रुपमा प्रचलित छ। उमेरगत आधारमा हेर्दा पनि फरक-फरक उमेरमा बालविवाह हुने गरेको पाइन्छ। कहीं २/३ वर्ष कै उमेरदेखि नै विवाह गर्ने गरिन्छ भने कही १२/१३ वर्षको उमेरमा विवाह गर्ने गरिन्छ।

बालविवाहका कारणहरु

बालविवाहको प्रमुख कारण अचेतनता, अज्ञानता नै हो। परम्परादेखि चलिआएको संस्कारहरुलाई आँखा चिम्लेर मान्दै आउनुले पनि यस्ता विकृतिहरु समाजमा विद्यमान छन्। त्यसैगरी बालविवाहको विरुद्ध विभिन्न कानुनहरु बने पनि त्यसको व्यवहारिक कार्यान्वयन हुन नसक्नु अर्को महत्वपूर्ण कारण हो।

बालविवाहबाट हुन सक्ने हानी

- सानै उमेरमा विवाह गर्दा बालबालिकाहरु शिक्षा आर्जन गर्ने अवसरबाट बञ्चित हुन्छन्।
- बालबालिकाले आफ्नो व्यक्तित्वको विकास गर्न पाउँदैनन्।
- गर्भ धारण गर्न सक्ने क्षमताको पूर्ण विकास नभइकनै गर्भ धारण गर्दा बाल-आमाहरुले प्रसुती अवस्थामा अत्यन्त बढी बेदना खप्नु पर्ने र कतिपयको अकालमा मृत्यु हुने सम्भावना बढी हुन्छ।
- जन्मिएका शिशुहरु पनि अस्वस्थ्य हुनुको साथै कतिपयको मृत्यु हुन सक्ने संभावना हुन्छ।
- बालबालिकाहरुले असामयिक रुपमा पारिवारिक बोझ बोक्नु पर्ने हुन्छ।
- बालिकाहरुले घरेलु कामकाजको अतिरिक्त असामयिक रुपमा आमा बन्नु पर्ने भएकोले अझ बढी दुःख, कष्ट, झमेलाको सामना गर्नु पर्ने हुन्छ।
- बाल विवाह पछि कतिपयको दाम्पत्य जीवन असफल पनि हुने गरेको छ।
- बाल विवाहले बालश्रमलाई प्रोत्साहित गरेको छ।

बाल विवाह सम्बन्धी कानुनी व्यवस्था

- मुलुकी ऐनले महिला र पुरुष दुवैको लागि आफ्नो मञ्जुरीले विवाह गर्ने भए २० वर्ष र अभिभावकको स्वीकृतिले भए १८ वर्ष उमेर पुगेको हुनु पर्ने व्यवस्था गरेको छ।
- बालविवाह गराउनेलाई अधिकतम तीन वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ।

बाल विवाहको कुसंस्कार समाप्तिका लागि गर्नु पर्ने प्रयासहरु

- बाल विवाहको कुसंस्कार समाप्त गर्नका लागि यसको विरुद्ध सचेतन अभियान नै संचालन गर्नु पर्छ।
- राज्य, नागरिक समाजले खास गरी बालविवाहबाट पर्ने नकारात्मक असरहरुका बारेमा व्यापक प्रचार प्रसार गर्नु पर्छ।
- बालविवाहको कुसंस्कारलाई पछ्याउने समुदायबाटै सामुदायिक अगुवाहरु तयार गरी ती समुदायलाई सचेत गर्ने विशेष अभियान संचालन गर्नु पर्छ।
- निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनु पर्छ।
- पछाडि पारिएका समुदायका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने विशेष कार्यक्रम संचालन गरिनु पर्छ।
- बनेका कानुनको व्यवहारिक कार्यान्वयनका लागि वातावरण तयार गर्न कानुनी साक्षरता कक्षाहरु संचालन गरिनु पर्छ।
- राज्यको तर्फबाट बनेका कानुन कार्यान्वनका लागि विशेष पहल गर्नु पर्छ।

मानवअधिकार शिक्षा : कार्यान्वयन र उपलब्धि

निर्धन मुलुकका जनता मानवअधिकारबाट बञ्चित हुन्छन्। उनीहरूमा शिक्षाको अभाव हुन्छ। गरिबीका कारण मानवअधिकार प्रति उनीहरूको ध्यान जान सक्दैन। गरीवहरूलाई परिवारको विहान-बेलुकाको छाक टार्न धौ धौ परिरहेको हुन्छ। अर्कोतर्फ, त्यस देशको सरकारलाई पनि जनताको मानवअधिकाको संरक्षण र सम्बर्द्धन गर्न कठिन हुन्छ। त्यस्ता देशहरूमा गैरसरकारी संस्थाहरूले अहम् भूमिका निर्वाह गर्न सक्छन्। यही कुरालाई दृष्टिगत गर्दै इन्सेकले जनताको चेतनास्तर माथि उठाएर मानवअधिकार हननको रोकथाम गर्न संगठित आवाज उठाउन मानवअधिकार शिक्षा कार्यक्रम संचालन गरेको हो।

- राजनारायण नेपाली

२०४६ सालको परिवर्तन पछि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मानवअधिकारमा जनताको प्रत्यक्ष चासो हुनु पर्दछ भन्ने सोचका साथ अघि बढ्यो। मानवअधिकारलाई जनताको चासोको विषय बनाउन सकिएन भने यसको संरक्षण र सम्बर्द्धन गर्न कठिन हुन्छ। इन्सेकले २०४९ सालदेखि मानवअधिकारलाई जनताको चासोको विषय बनाउने उद्देश्यले देशका ७५ जिल्ला मध्ये २५ जिल्लामा मानवअधिकार तथा सामाजिक सचेतन अभिवृद्धि कार्यक्रमको शुरुवात गऱ्यो। यी २५ जिल्लाहरु तराई र पहाडका मात्र होइनन् पूर्वदेखि सुदूर पश्चिम सम्मका थिए।

निर्धन मुलुकका जनता मानवअधिकारबाट बञ्चित हुन्छन्। उनीहरुमा शिक्षाको अभाव हुन्छ। गरिबीका कारण मानवअधिकार प्रति उनीहरुको ध्यान जान सक्दैन। गरीवहरुलाई परिवारको विहान-बेलुकाको छाक टार्न धौ धौ परिरहेको हुन्छ। अर्कोतर्फ, त्यस देशको सरकारलाई पनि जनताको- मानवअधिकाको संरक्षण र सम्बर्द्धन गर्न कठिन हुन्छ। त्यस्ता देशहरुमा गैरसरकारी संस्थाहरुले अहम् भूमिका निर्वाह गर्न सक्छन्। यही कुरालाई दृष्टिगत गर्दै इन्सेकले जनताको चेतनास्तर माथि उठाएर मानवअधिकार हननको रोकथाम गर्न संगठित आवाज उठाउन मानवअधिकार शिक्षा कार्यक्रम संचालन गरेको हो।

यस कार्यक्रमले मानवअधिकारको आर्थिक, सामाजिक, राजनीतिक सांस्कृतिक हरेक दृष्टिले उत्पीडित समुदाय, महिला, बालबालिका, दलित, आदिबासी जनजाती, कृषि मजदुर तथा न्यूनतम आवश्यकताबाट बन्चित ग्रामीण जनतालाई लक्षित समुदाय बनाएको छ।

नेपालमा अधिकांश मानिसहरु ग्रामीण इलाका बस्दछन्, जहाँका मानिसहरु सन्तुलित भौतिक विकासबाट बन्चित रहेका छन्। फलत: उनीहरुमा गरिबी, शिक्षाको अभाव, सचेतनताको कमी, स्वास्थ्य लगायतका सरसफाईको अभाव व्याप्त छ। गरिबीले पिल्सिएका मानिसहरु केही धनीमानी, टाठाबाठाहरुको शोषण, उत्पीडनमा झन् पिसिएका छन्। विहान खाए बेलुकी के खाउं भन्ने स्थितिमा रहेका ग्रमिण क्षेत्रका जनता शुद्ध खानेपानीको अभाव, शिक्षा, स्वास्थ्य तथा दैनिक जीवनयापन जस्ता समस्यामा रहेका छन्। आफ्ना अधिकारहरु के के हुन? त्यस्ता अधिकारहरु प्राप्त गर्न के गर्नु पर्दछ? आदि बारे उनीहरु जानकार छैनन्।

यसरी ग्रामीण इलाकाका निमुखा, सोझा मानिसहरु मानवअधिकार उपभोग गर्नबाट बन्चित रहेकाले यो कार्यक्रमको आवश्यकता परेको हो। मानवअधिकार शिक्षा कार्यक्रम अन्तरगत कार्यक्रमको प्रवेश विन्दुका रुपमा ९ महिने साक्षरता तथा सचेतन, जनप्रतिनिधि तालिम, मानवअधिकार कार्यकर्ता तालिम, पेशागत समुदायमा मानवअधिकार गोष्ठी, समसामयिक विषयहरुमा अन्तरक्रिया, कार्यशाला गोष्ठी, प्रवचन गोष्ठी, समूह निर्माण, विरोध जुलुस, सभा, सम्मेलनहरुको आयोजना गरिन्छ।

कुनै पनि ठाउंमा कार्यक्रम शुरु गर्नुभन्दा अघि त्यस ठाउंमा कार्यक्रम संचालन हुन सक्छ, सक्दैन भनी सम्भावना अध्ययन गरिन्छ। अध्ययनमा लक्षित समुदाय, कक्षा कोठा, सम्बन्धित समुदायकै सहजकर्ता हुन सक्ने, सहभागीहरु ९ महिनासम्म नियमित उपस्थिति हुंदा आइ पर्न सक्ने समस्याको समाधान, अनुगमन र सुपरिवेक्षण गर्न सहज हुने नहुने आदि कुरामा ध्यान दिइएको हुन्छ। ९ महिने साक्षरता तथा सचेचन कक्षामा पहिलो ५ महिना अक्षर र अंक चिनाउन साक्षरता प्रकाश पुस्तक र दोस्रो ४ महिना चेतना अभिवृद्धि गर्न विभिन्न अधिकार बारे इन्सेक आफैले तयार पारेको सचेतन माला पुस्तक प्रयोग गरिन्छ।

यसरी कक्षा संचालन हुन सक्ने स्थलको छनौट पश्चात कम्तिमा एस. एल. सी. पास गरेको, समाजमा घुलमिल हुनसक्ने सहजकर्ता छनौट गरिन्छ। सहजकर्ताहरुलाई ९ दिने प्रशिक्षक प्रशिक्षण र ५ महिनापछि पुनर्ताजगी तालिम दिइन्छ। कक्षामा २५ देखि ३० जना लक्षित समुदायका सहभागी हुन्छन्। सहभागीहरुमा महिलालाई प्राथमिकता दिइन्छ। कक्षा सूचारुरुपले संचालन गर्न स्थानीय प्रतिष्ठित व्यक्तिहरुको एक सहयोग समिति गठन पनि गरिन्छ।

कक्षा शुरु भएपछि आवद्ध संस्था र कार्यक्रम संयोजकले नियमित अनुगमन गर्दछ। त्यसैगरी समय समयमा इन्सेक क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालयबाट पनि अनुगमन गरिन्छ। अनुगमनको क्रममा सहभागीहरु र सहजकर्ताको नियमितता, पुस्तकको निर्देशिका अनुसारको पठन-पाठन, पाठ्य सामग्रीको पर्याप्तता, कक्षा कोठाको वातावरण, कक्षा संचालन गर्दा आइ परेका समस्या, उपलब्धि र प्रभावकारिता आदि के कस्ता छन् हेरिन्छ र देखिएका कमी कमजोरीहरुलाई समाधान गर्न सुझावहरु दिइन्छ। कार्यक्रम अवधि भरमा आवधिक र अन्तिम मूल्यांकन गरिन्छ। कार्यक्रमको उपलब्धि र प्रभाव मूल्यांकन प्रतिवेदनमा स्पष्टसंग उल्लेख गर्नु पर्दछ । जसमा सहभागीहरु र सहजकर्ताको निरन्तरता, विषयवस्तुको ज्ञान तथा त्यसले समाजमा पारेको प्रभावबारे उल्लेख गरिन्छ।

कार्यक्रम संचालन अवधिमा हरेक २/२ महिनामा सहजकर्ता, कार्यक्रम संयोजक र आवद्ध संस्था बीच हुने बैठकमा पनि कक्षा संचालनमा आइपरेका समस्या, उपलब्धि र प्रभावकारिता बारे समीक्षा गरिन्छ।कार्यक्रमको प्रतिवेदनमा हरेक महिना तथ्यगत, त्रैमासिक रुपमा मूल्यांकन र अन्तिममा प्रभावकारिता तथा उपलब्धि स्पष्ट उल्लेख भएको हुन्छ।

यी बाहेक मानवअधिकार शिक्षा अन्तरगत संचालन हुने अन्य

बारा जिल्ला कोल्हवी गाविस ४, खैरा गाउँ निवासी ३९ वर्षीय टेकनाथ देवकोटा हाल नेपाल राष्ट्रिय मा.वि. दुधिहवा, रौतहटमा कक्षा ७ मा अध्ययन गरिरहेका छन्। न्यून आर्थिक अवस्था भएकोले उनले सानोमा पढ्न पाएका थिएनन्। परिवारमा आमा र छोरा मात्र भएका कारणले पनि उनले नियमित विद्यालय जाने अवसर पाएनन्। तसर्थ, टेकनाथ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) आवद्ध संस्था मानवअधिकार जागरण केन्द्र (हरेक) बाराले ०५२ सालमा संचालन गरेको मानवअधिकार शिक्षा कार्यक्रम अन्तरगत ९ महिने साक्षरता तथा सचेतन कक्षाका सहभागी मध्येका एक थिए। ९ महिना उक्त कक्षामा अध्ययन गरिसकेपछि उनले शिक्षाको महत्व बुझे। उनी औपचारिक कक्षा पढ्न तिर आकर्षित त भए तर गाउँघरमा मानिसले यो उमेरमा पढ्न लाग्दा के भन्लान भन्ने लागेर तत्काल स्कूल भर्ना हुन सकेनन्। उनको पढ्ने इच्छा भने यथावत नै थियो। यसै क्रममा उनले ०५७ सालको एस. एल. सी परीक्षामा सोलुका ८५ वर्षीय बुढले पास गरेको खबर सुनेपछि पढ्ने अभिलाषा अझ जाग्यो। फलत: उनी ०५८।०५९ को सत्रमा उक्त मा.वि.को कक्षा ६ मा भर्ना हुन पुगे। उनी विद्यालय भर्ना भएपछि उनकी आमा रिसाइन्। शुरुमा त गाली पनि गरिन। उनले आफ्नो हठ छाडेनन् र अध्ययनलाई निरन्तरता दिए। पछि विस्तारै उनकी आमाले सहयोग नै गर्न लागिन्। गाउँका केही युवाहरुले चाहिं उनलाई प्रोत्साहित नै गरे। परिणामत: उनले सो वर्ष मेहनतसाथ पढेर ६ कक्षा उत्तीर्ण गरे। उनी अहिले कक्षा ७ मा पढिरहेका छन्। उनको छोरा श्री अनुप दिपिनी माबि कोल्हवीमा कक्षा ९ मा पढिरहेका छन्। कतिसम्म पढ्ने विचार छ भनी सोध्दा 'म भन्दा मैले छोरालाई उसले सके जति पढाउनु पर्दछ। उसलाई उचित शिक्षा दिनु मेरो पहिलो दायित्व हुँदाहुँदै पनि म आफू पनि कम्तिमा एस. एल. सी. चाहिं पास गरेरै छाड्छु भन्ने अठोट गरेको छु' भन्छन् ।

कार्यक्रमहरुको संचालन विधि र प्रक्रिया बेग्लाबेग्लै कार्यक्रम निर्देशिकामा उल्लेख गरिन्छ।

ग्रामीण इलाकामा कार्यक्रम गर्दा केही समस्याको पनि सामना गर्नु परेको छ। बुंदागत रुपमा त्यस्ता समस्याहरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- राजनीतिक अस्थिरता
- राजनीतिक हस्तक्षेप
- भौगोलिक विकटता
- सहभागितामा कमी
- कक्षा छाड्ने प्रवृत्ति
- भाषाको समस्या
- प्रहरी र प्रशासनको असहयोग
- उत्पीडन गर्न पल्केकाहरुको विरोध
- माओवादी जनयुद्ध
- जिल्लामा आवश्यक मानवअधिकार कार्यकर्ता विकसित हुन नसक्नु
- मानिसहरुमा सेवा भावनाको कमी
- जनतामा रहेको गरिबी
- जनताको चेतनास्तर
- रुढीवादी अन्धविश्वास
- अनुभवको कमी
- वर्तमान अवस्थाको संकटकाल

यस कार्यक्रमले जनसमुदाय, समाज, प्रहरी-प्रशासन, सरकार, राजनीतिक दल लगायत विभिन्न जनवर्गीय संगठनहरुमा समेत प्रभाव पारेको पाइन्छ। प्रमुख उपलब्धि र प्रभाव यस प्रकार छन् :

- जनतामा डर, त्रासको मात्रामा कमी आएको छ।
- असंगठित क्षेत्रका मानिसहरुमा संगठित हुने भावना जागेको छ।
- प्रहरीले पक्राउ गर्न आउँदा जनताले पक्राउ पूर्जी माग्न थालेका छन्।
- प्रहरी प्रशासनले दिने यातनामा कमी आएको छ।
- शिक्षाप्रति जनता अभिप्रेरित भएका छन्।
- जनता आफ्ना अधिकारप्रति सचेत र अरुको अधिकार प्रति संवेदनशील भएका छन्।
- राजनीतिक दलहरुले मानवअधिकारका मुद्दाहरुलाई आफ्नो दलको एजेण्डाको रुपमा स्वीकार गर्न थालेका छन्।
- अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलनको परिणामस्वरुप सरकार दलित आयोग, महिला आयोग, जनजाती विकास प्रतिष्ठान बनाउन बाध्य भएको छ।
- महिलाहरुले रक्सी विरोधी आन्दोलन गरी धेरै ठाउँहरुमा रक्सी बन्द गराएका छन्।
- कमैया मुक्त भएका छन्, कमैया ऐन बनेको छ।
- मानवअधिकार आयोग गठन भएको छ।
- कृषि मजदूरको न्यूनतम ज्याला निर्धारण भएको छ।
- सरकारद्वारा निर्धारित ज्याला माँग गर्न थालेका छन्।
- राजनीतिमा महिला सहभागितामा वृद्धि , २० प्रतिशत महिला स्थानीय निर्वाचनमा सहभागी गराउने व्यवस्था भएको छ।
- विभिन्न पेशामा संलग्न पेशाकर्मीहरुमा जनताको अधिकार प्रतिको दायित्व बोध हुन थालेको छ।
- मानवअधिकार कार्यकर्ताको संख्यामा वृद्धि भएको छ।
- बालबालिकाहरु र अभिभावकहरु बालअधिकार प्रति जागरुक र सचेत भएका छन्।
- पैतृक सम्पत्ति माथि महिलाहरुको अधिकारलाई कानुनी रुपमा पनि केही हदसम्म प्रत्याभूत गर्न सकिएको छ।

महिलाको सम्पति सम्बन्धी अधिकार र कानुनी व्यवस्था

तत्कालीन अभिलेखहरुलाई आधार मानेर हेर्दा सम्पतिको रुपमा मुख्यतया जग्गा, जमीनलाई लिएको पाइन्छ। धेरै जसो शिलालेखहरुमा कुनै देवी देवताको नाममा गुठी राख्ने चलन भएको पाइन्छ। थानकोट स्थित आदित्य नारायणको वसन्त देवको अभिलेखमा विर्ता प्रथाको चर्चा गरिएको छ। विर्ता जग्गा राजा वसन्तदेवले आफ्नी बहिनी विजय सुन्दरीलाई सन्तान दर सन्तान भोग गर्न पाउने गरी दिएबाट हरेक कार्यमा विर्ता जग्गा प्रदान गर्ने र महिलाको पनि सम्पतिमा अधिकार भएको पुष्टी हुन्छ।

– निर्मला महत

किरातकालीन नेपालमा महिलाको सम्पत्ति सम्बन्धी अधिकार

किरातकालमा नेपाली महिलाहरुको अवस्था ज्यादै उच्चतम् रहेको पाइन्छ। महिलाहरुलाई पुरुषको अर्धाङ्गिनीको रुपमा सहभागिता गराएको पाइन्छ। पुरुषहरुको काँधमा काँध मिलाएर हर क्षेत्रमा महिला अग्रसर हुने गर्थे। त्यस कालमा ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र चार जातको व्यवस्था थियो। ब्राम्हण र क्षेत्री परिवारका नारीहरुमा सामान्यतया बन्धन देखिएता पनि वैश्य र शुद्र जातिमा सबै प्रकारको छुट प्रदान गरिएको थियो। महिला संरक्षणको लागि छुट प्रदान गरिएको थियो। महिला हित विपरित काम गर्नेले विभिन्न सजायहरु जस्तै: साधु काट्ने, आजीवन गुफामा बस्ने, बन्दी बनाई राख्ने, दास बनाई राख्ने जस्ता व्यवस्था थिए। जसले गर्दा महिला माथि अमानवीय व्यवहार गर्न नसक्ने अवस्था थियो। विधवा विवाह गर्ने व्यवस्था पनि थियो। आर्थिक र सामाजिक संरक्षणमा महिला पुरुष समान थिए। चारुमती जस्ती आदर्श महिला किरातकालीन समयकै भएकाले त्यस समयमा महिलाको विकास प्रशस्तै मात्रामा भएको पाइन्छ। तर सम्पति सम्बन्धी अधिकारको विषयमा भने स्पष्ट उल्लेख गरेको पाउन सकिएको छैन। तापनि कौटिल्यको अर्थशास्त्र र मनुस्मृतिमा महिलाको सम्पतिमा अधिकार रहेको चर्चा पाइन्छ।

लिच्छविकालीन नेपालमा महिलाको सम्पति सम्बन्धी अधिकार :

यसकालमा महिलाको सम्पत्ति सम्बन्धी अधिकारबारे प्रशस्त प्रमाणहरुको अभावले गर्दा यस सम्बन्धी के कस्तो कानुनी व्यवस्था थियो भनी किटेर भन्न सकिदैन। तसर्थ यस सम्बन्धमा तत्कालीन अभिलेखहरुमा मात्र भर पर्नु पर्ने रहेको छ। तत्कालीन अभिलेखहरुलाई आधार मानेर हेर्दा सम्पतिको रुपमा मुख्यतया जग्गा, जमीनलाई लिएको पाइन्छ। धेरै जसो शिलालेखहरुमा कुनै देवी देवताको नाममा गुठी राख्ने चलन भएको पाइन्छ। थानकोट स्थित आदित्य नारायणको वसन्त देवको अभिलेखमा विर्ता प्रथाको चर्चा गरिएका छ। विर्ता जग्गा राजा वसन्तदेवले आफ्नी बहिनी विजय सुन्दरीलाई सन्तान दर सन्तान भोग गर्न पाउने गरी दिएबाट हरेक कार्यमा विर्ता जग्गा प्रदान गर्ने र महिलाको पनि सम्पतिमा अधिकार भएको पुष्टी हुन्छ। वि.स.५९७ तिर भीम गुप्तकी विधवा आमाले शिवलिङ्ग स्थापना गरी त्यसको लागि केही खेत प्रदान गरेबाट विधवा महिलाको पनि साम्पत्तिक अधिकार रहेको प्रमाणित हुन्छ। मानदेवकी आमा राज्यवतीले छोराको बाल्यावस्थालाई दृष्टिगत गरी सति नगएबाट सति प्रथा अनिवार्य नभएको पुष्टी हुन्छ। तत्कालीन समयमा अर्न्तजातीय तथा अन्तरदेशीय विवाह गर्ने प्रचलन रहेको कुरा भृकुटीको विवाह चीनका राजा स्रोङचोङ गम्पो सँग भएकोबाट स्पष्ट हुन्छ। साथै उतिखेर दोलाजी प्रथा धार्मिक स्वतन्त्रता आदि पनि रहेको थियो। यसरी लिच्छविकालीन शिलालेख र मुद्राको अध्ययनद्वारा महिलाको साम्प्रदायिक एवं सामाजिक अधिकार कुण्ठित रहेको प्रष्ट देखिन्छ। महिलाहरु पनि पारिवरिक र सामाजिक बन्धनबाट पुरुष सरह नै मुक्त भएको प्रमाण मानदेवकी आमा, भौम गुप्तकी आमा आदि सती नजानु र अंशुवर्माकी छोरी भृकुटीको तिब्बतका सम्राट स्रोङचोङ गम्पोसँग विवाह हुनुले उतिखेर नारीको विशिष्ट स्थान भएको पुष्टी हुन्छ।

मल्लकालीन नेपालमा महिलाको सम्पत्ति सम्बन्धी अधिकार :

नेपालमा ई. सं. ७८३ - १७६८ ई. स. सम्मको मल्लहरुको राज्यकालमा लेखिएका पुस्तक र अभिलेख केही पनि भेटिदैन। जसले गर्दा समयको कानून सभ्यता एवं संस्कृतिको सीमित मात्र ज्ञान पाइन्छ। मल्लकालमा सती प्रथा प्राय: अनिवार्य नै

थियो। कान्तिपुरका राजा राजमल्लको मृत्यु हुँदा १० जना महिला सती गएका थिए भने ललितपुरका राजा योगनरेन्द्र सिंहको मृत्यु हुँदा ३३ जना महिलाहरु सती गएको कुरा इतिहासमा उल्लेख छ। उतिखेर यसरी सती जाने प्रथा सक्रिय रुपमा अघि बढेको थियो भने उच्चवर्गमा बहुविवाहले मान्यता पाएको पाइन्छ।

यस समयमा स्थिति बाँध्ने राजा जयस्थिति मल्लले वि.स.१४३७ मा मानव न्याय धर्मशास्त्र बनाउन लगाएका थिए। जसमा महिला सम्पति लगायत अन्य अधिकार तथा कर्तव्यसँग सम्बन्धित, लोग्ने स्वास्नीको महल, अंशवंडाको महल, विवाह सम्बन्धी महल आदि महत्वपूर्ण महलहरु समाविष्ट थिए। जयस्थिति मल्लले लोग्नेबाट स्वास्नीले सम्बन्ध विच्छेद गर्न पाउने, सम्बन्ध विच्छेद पश्चात स्वास्नीको सम्पतिका सम्बन्धमा पनि व्यवस्था गरिदिएका थिए। तर ती व्यवस्थाहरु १९१० को मुलुकी ऐनमा जस्तो संग्रहीत भने छैनन् ।

राणाकालीन व्यवस्था पूर्वको शाहकालमा महिलाको सम्पत्ति सम्बन्धी अधिकार :

यस समयमा नियम कानुन सक्रिय रुपमा बनाउने राजाको रुपमा राम शाहलाई लिन सकिन्छ । किनकि उनी न्यायप्रेमी तथा न्यायको प्रतिमूर्ति थिए। उनले विभिन्न स्थिति बाँधेका हुनाले नै आजसम्म पनि "न्याय हराए गोरखा जानु" भन्ने उक्ति प्रचलित छ। उनी पछिका राजा श्री ५ पृथ्वीनारायण शाहले विभिन्न रितिस्थिति बनाए पनि प्रायः लडाईमा नै जीवन बिताउनु परेकोले सक्रिय रुपमा ती लागु हुन सकेनन्। यस कालमा राजाहरु धर्मशास्त्रमा उल्लेखित कुराहरुलाई कानुन मान्ने र धर्मशास्त्रीय नियम अनुसार नै कानुनी व्यवस्था कायम राख्ने नभएको हुनाले मल्लकालमा जस्तै महिलाहरुको सम्पति सम्बन्धी अधिकारको सम्बन्धमा रामशाह लगायतका राजाहरुले संहिताबद्ध रुपमा केही व्यवस्था गरेको पाइदैन। तर पनि तत्कालीन धर्मशास्त्रमा उल्लेख भए अनुसार महिलाहरुको सम्पति उपर सोही अनुसार अधिकार रहेको पाइन्छ। यसरी प्राप्त सम्पत्ति महिलाहरुलाई पूर्ण वा सिमित स्वामित्व रहने गरी प्राप्त हुन्थ्यो।

मुलुकी ऐन १९१० मा महिलाको सम्पत्ति सम्बन्धी अधिकारः

प्राचीनकाल देखि नै हिन्दू विधिमा महिलाको सम्पति सम्बन्धमा भइरहेका प्रथा प्रचलनहरुलाई नेपालमा कानुनी रुपमा संहिताबद्ध गर्ने काम १९१० सालबाट सुरु भयो। १९१० सालको मुलुकी ऐनमा अंशवंडाको महल, विधवाको अंशको महल, लोग्ने स्वास्नीको महल आदिमा महिलाको सम्पति बारे कानुनी व्यवस्था भएको पाइन्छ। महिलाले अंश पाउने वा महिलालाई अंश दिने सन्बन्धमा अंशवंडाको महलमा चार वर्ण छत्तीस जातका विवाहिता, कन्या ल्याएका, विधवा, जारी गरी ल्याएका, आफू भन्दा कम जातका, कन्या विवाह गरी ल्याएका, आफू समेत तेस्रो लिङ्ग पारी ल्याएका र चौथो लिङ्ग र वेश्या ल्याएका, कन्या कुमारी स्वास्नी तुल्याई राखेको त्यस्ता तरहका स्वास्नी र त्यसबाट जन्माएका छोरा छोरीको अंश, विवाह खर्च बाँड्नको लागि साहु तिर्नाको ऐन २९ भनी तपसिलमा विभिन्न व्यवस्थाहरु गरिएको छ। त्यस वखत विवाह गरी ल्याएका भातृ भागका उसका सन्तान जति मिल्ला कन्या विधवा जारी गरी ल्याएका आफ्ना माताहरुले भाग खाएका यति तरहका स्वास्नी छोराहरुको र आफ्नो बराबर अंश हुन्छ भन्ने व्यवस्थाबाट स्वास्नी मानिसले आफ्नो लोग्नेको सम्पतिबाट अंश पाउने कानुनी व्यवस्था रहेको देखिन्छ। त्यस समयमा समाजमा जातीय प्रथा हुँदा, जनै लगाउने, भात चल्ने, नचल्ने, उपाध्याय कन्या विवाह गरी ल्याएका, जारी गरी ल्याएका र जारी गरी ल्याएका विधवा, ल्याएका कन्या कुमारी, बाहिर राखेका वेश्या कुमारी आदिको सम्बन्धमा कुन कुनले के कति अंश पाउँछन भ[illegible] कुरा प्रष्ट रुपमा व्यवस्था गरिएको छ।

यसैगरी कन्याले अंश पाउने सम्बन्धमा त्यस समयमा पनि ३५ वर्ष नाघेका छोरी विवाह नभै माइतीकै घर बसेका छन् भने भाइ सरहको अंश पाउछन् भन्ने व्यवस्था रहेको पाइन्छ। विशेष कारणबस् सम्बन्ध विच्छेद गर्नुपर्ने अवस्था परेमा त्यस वखतमा पनि स्वास्नी मानिसले अंश लिई छुट्टिन पाउने व्यवस्था रहेको पाइन्छ। उक्त कुरा कसैका विवाहिता कन्या, ल्याइता, जारी गरी ल्याएका वेश्या केटी, विधवइनी, अघि आफूले स्वास्नी राखेकालाई लोग्नेले खानपिन नदिई छोडेछ, अंगको भंग हुने गरि कुटपिट गरेछ भन्या पनि अदालत, थाना आई मलाई लोग्ने सित छुटयाई देउ भनि कराई र अंश लिई छुटिन्छु भन्या स्वास्नीको राजीनामा लेखाई जुन जातकी स्वास्नी हो उसैलाई ऐन वमोजिम हिस्साको अंश गराई दिनुपर्छ भन्ने व्यवस्था उल्लेख भएबाट थाहा पाउन सकिन्छ। यसै गरि कुमारी स्वास्नीलाई खाना लाउन नदिई अंग भंग गरेमा अंश पाउने व्यवस्था समेत पाईन्छ। लोग्नेले स्वास्नीको कुनै दोष नहुँदै सम्बन्ध विच्छेद गर्दछ र स्वास्नी कराउन आई भन्[illegible] बुझी लाग्नेको अंशको ऐन वमोजिम अंश गरी दिनुभन्ने व्यवस्था देखिन्छ । खासगरी लोग्नेले स्वास्नीलाई कुटदा अंगको भंगपनि गरयो, हात खुट्टा भाँचिदियो, आँखा पन्ने रिदिएमा विवाहिता स्वास्नी मानिसलाई वेहकमा कुटपिट गरि अर्की स्वास्नी ल्याई थोपाऱ्यो भने, स्वास्नी

मानिसको शारिरिक विकृती भए पनि खान लाउन दिएन भने, लोग्ने एक वर्ष भित्र स्वास्नी सँग दाम्पत्य जीवनमा प्रवेश नगरेमा आदि अवस्थाहरुमा लोग्नेले स्वास्नीलाई अंश दिनुपर्ने व्यवस्थाहरु उल्लेख गरेको पाइन्छ। १९१० सालको मूलुकी ऐनले विधवा स्वास्नी मानिसको अंशधनको कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता देखि विधवाको अंशधनको पनि छुट्टै महलको व्यवस्था गरेको पाइन्छ। उक्त महलमा स्वास्नी मानिसले आफ्नो लोग्नेको सत्यमा रहि खेतिपाति गर्नु बस्नु अरु केही तवरले आर्जन गरी जिविका गरि रहेका स्वास्नी अर्को सित पोइल गई भने अघिल्लो लोग्नेको सत्यमा वस्दा कमाएको धनमाल, नगद जिन्सी, गहना केही पनि लिई जान पाउंदिन भन्ने व्यवस्था भएवाट विधवाले अंश पाउनको लागि आफ्नो मृतक लोग्नेको सत्य डगाउन नहुने सर्त रहेको पाईन्छ। खसमको सत्यमा रहेसम्म त्यस्ता विधवा स्वास्नी मानिसले लोग्नेको अंश पाउने समेत देखिन्छ। यसरी कानुनमा महिलाको सम्पत्ति सम्बन्धमा कानुनी रुपमा संहितावद्द रुपमा देखा परेको मुलकी ऐनले केही हदसम्म महिलाहरुकै हितको व्यवस्था गरेको पाइन्छ।

खण्डे मुलुकी ऐनमा महिलाको सम्पत्ति सम्बन्धी अधिकार

वि.सं. १९१० सालको मुलुकी ऐनमा थपघट गरी बनेको खण्डे मुलुकी ऐन पनि नेपालको एक बहुचर्चित लिखित कानुन थियो। यस ऐनमा ५ भिन्न भिन्न भागहरु भएकाले यसलाई पाँच भाग मुलुकी ऐन पनि भनिन्छ। त्यस ऐनमा भाग ३ मा अंशवण्डाको महल छ। अंशवण्डा गर्दा बाबु आमा छोरा छोरीहरुको जीय जीयैको गर्नु, सौतेनी अंश नगर्नु भन्ने व्यवस्थाले आमा हुने स्त्रीको लागि अंश प्राप्त गर्ने अधिकार भएको पाइन्छ। कसैका सौता स्वास्नी मात्र रहेछन् भने सौताले आफ्नो लोग्नेको अंशमा ऐन बमोजिम बाँकी बाँडी खान भनी ऐनले व्यवस्था गरिदिएकाले यो ऐनले स्त्रीहरुलाई आफ्नो लोग्नेको सम्पत्ति अंशीयारहरुको हैसियतले प्राप्त गर्ने अधिकार भएको पान्छ। यसै महलको अर्को व्यवस्थामा आफ्नो अंश समेत लिई वा अंशवण्डा भई नसके पनि मानो छुट्टिएर मऱ्यो भने उसको पूरा अंश नपाउने खण्ड मात्र पाउने, स्वास्नी मात्र वा उसपट्टिको सन्तान रहेनछ भने बाबु मरेपछि विधवाको सन्तानले ऐन बमोजिम खान पाउछन् भन्ने व्यवस्थाले स्वास्नी मानिसको लोग्नेको अंश प्राप्त गर्ने व्यवस्था थियो भन्न सकिन्छ। साथै वेश्या स्वास्नीले समेत अंश रोक्का गरी केही हिस्सा पाउने व्यवस्था समेत पाइन्छ। उक्त ऐनमा भनिएको छ- "खसमका सत्यमा बसेको ऐनले पूरा अंश पाउने व्यवस्था समेत गरेको छ। खसमका सत्यमा बसेको ऐनले पूरा अंश पाउने विवाहित विधवा, स्वास्नीले उसको लोग्नेले पाउने बमोजिमको अंश पाउछ भन्ने व्यवस्थाले हिन्दू विधि अनुसार आफ्ना परम्परा अनुसार विवाह भएको स्वास्नी मानिसले लोग्नेको सत्य नडगाए अंश पाउने कुरा स्पष्ट रुपमा पाउने उल्लेख गरिएको छ। यसैगरी विधवाले आफ्नो लोग्नेको मृत्यु पश्चात् संयुक्त परिवारबाट भिन्न हुन के कस्ता अवस्थामा मात्र सक्दछ भन्ने सम्बन्धमा अंश नभई एकाघरसँग बसेकी छोरा नहुने विधवा स्वास्नी, ३० वर्ष ननाघी सँगसँगै बस्ने हकवालाले आफू सरह खान लाउन पूण्य गर्न दिएसम्म अंश लिई भिन्न बस्न पाउदिन सोही बमोजिम नगरे ३० वर्षको उमेर पुगेकी भए पनि अंश लिई भिन्न बसी भिन्न खान हुन्छ। खसमका अंशको जग्गा छाडी माइती र अन्य गई बस्न हुँदैन भन्ने व्यवस्थाले गर्दा उतिखेर स्त्रीको न्यूनतम आवश्यकता हकवालाले पूरा गरिदिएसम्म अंश लिन नमिल्ने र पूरा गरी दिएन भने स्वतन्त्र जीवन व्यतित गर्न दिइने कुराको पुष्टि हुन्छ। यो खण्डे मुलुकी ऐनको समयमा कन्याले पनि अंश पाउने व्यवस्था देखिन्छ। ३५ वर्ष मुनिका उमेरको विवाह नभएकी छोरीले भाइ भिन्न हुँदा ऐन बमोजिम विवाह खर्च मात्र पाउने र ३५ वर्ष नाघेपछि पनि विवाह नभै माइत बसेकी छोरीले भाइ भिन्न हुँदा ऐन बमोजिम भाइ सरहको अंशको आधि अंश पाउछे भन्ने व्यवस्था पाइन्छ। यसबाट कन्याले पूरा अंश नपाई अंशको अंश मात्र पाउने देखिन्छ।

दशौं संशोधित मुलुकी ऐनमा महिलाको सम्पत्ति सम्बन्धी अधिकार

पटक पटक संशोधन हुँदै दशौं पटक संशोधित मुलुकी ऐनले महिलाको सम्पत्ति सम्बन्धी अधिकारको कानुनी व्यवस्था गरेको पाइन्छ। यस ऐनको अंशवण्डाको महलले नारीहरुलाई सम्पत्तिको अधिकारमा भरसक न्यूनीकरण गरेको छ। अंशवण्डा गर्दा बाबु, आमा, स्वास्नी, छोराहरुको जीयजीयै अंश गर्नु पर्छ भन्ने वाक्यांशले छोरी भन्ने शब्दलाई छोडेको छ। छोरीले अंश पाउने आधार ३५ वर्ष उमेर पुगेपछि मात्रै व्यवस्था गरिएको छ। यो व्यवस्था बनाउँदा हाम्रो कानुन के कुरामा अनभिज्ञ देखिन्छ भने छोरी ३५ वर्ष नपुग्दै दाजुभाई छुट्टि भिन्न हुँदा केवल विवाह खर्च मात्र पर सार्ने देखिन्छ। यदि विवाह खर्च पर सारी छोरी अविवाहित नै बस्न चाहेमा छोरा सरह अंश पाउने कि नपाउने ? यस विषयमा कानुनले छोरीको बारेमा वेवास्ता गरेको छ। अंशवण्डा गरी भिन्न भइसकेपछि ३५ वर्ष पुगेपछि विवाह नगर्ने छोरीले बाबु आमासंग संगै बस्न नचाहेमा उसले अंश वा सम्पत्ति कताबाट पाउने हो वा नपाउने के हो वा केवल पहिले नै तोकिएको विवाह खर्चमा भर पर्नु पर्ने हो यस बारेमा कानुन मौन देखिन्छ। नेपाल कानुनले छोरीलाई केही पनि व्यवस्था गरेको देखिदैन। अर्कोतिर ३५ वर्ष पुगेर अंश पाउने छोरीले पछि विवाह गरेमा विवाह खर्च बाहेक अरु सम्पत्ति नपाउने देखिन्छ। साथै कानुनमा बाबुले स्वास्नी, छोरालाई इज्जत आमद् अनुसार खान लाउन नदिए अंश दिनु पर्ने व्यवस्था गरिएको छ। तर छोरीलाई खान लाउन नदिए अंश दिनु पर्ने कुनै व्यवस्था छैन। यस बारेमा कानुन मौन देखिन्छ। साविकको मुलुकी ऐन १९१० ले ३५ वर्ष उमेर पुगेकी छोरीले भाइ सरह

अंश पाउने र अंश लिइसकेपछि विवाह गरे सो अंशको सम्पत्ति आफै भोग चलन गर्न पाउने तथा पोइल गएमा नपाउने व्यवस्था थियो।

स्वास्नीले लोग्नेको जीउ छउन्जेल लोग्नेको मन्जुरी विना अंश लिई छुट्टिन पाउँदिन। स्वास्नीलाई लोग्नेले इज्जत आमद् अनुसार खान लाउन दिनुपर्छ भनिएको छ। यहाँ लोग्ने स्वास्नी बीचको सम्बन्धको बारेमा केवल खान लाउन दिने भन्दा अरु कुनै गरेको छैन। अंशवण्डाकै अर्को व्यवस्थाले सम्पत्तिमा महिलाको भूमिकालाई गौण बनाइदिएको छ। परिवारमा महिला जातिको समेत मेहनत र परिश्रमले आर्जन गरिएको सम्पत्तिमा महिलाको स्थान दोस्रो दर्जाको रहेको छ।

एकाघरका स्वास्नी मानिसमा विधवा, बुहारी, छोरी आदिको मन्जुरी विना पनि पिता वा लोग्नेले पैत्रिक सम्पत्तिको चलमा सबै र अचलमा आधा आफू खुशी गर्न पाउने र आफ्नो पालाको आर्जनमा चल अचल सबैमा आफ्नो खुशी गर्न पाउने व्यवस्थाले एकाघरको सम्पत्तिमा स्वास्नीको कुनै अधिकार नरहेको देखिन्छ।

यस ऐनले "स्त्री अंश धन" मा स्पष्ट व्यवस्था गरेको छैन तर दाइजो र पेवा स्त्री धन हुन र भिन्न भई बसेका कन्या सधवा वा विधवा महिलालाई माइती मावली पट्टिका नातेदार र इष्टमित्रले दिएको चल अचल दाइजो पेवा हो। लोग्ने वा स्वास्नी पट्टिका अंशियारले सबै अंशियारले लिखित मन्जुरी गरी दिएको र लोग्ने पट्टिका नातेदार र इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढे बढाएको पेवा हुने कुरा उल्लेख छ।

पेवा, दाइजो स्त्री धन हो भने सधवा विधवा वा कन्याले आफ्नो आमा बाबु वा लोग्नेको तर्फबाट प्राप्त गरेको अंश स्त्री अंश, धन हो।

वर्तमान कानुनी व्यवस्था र मुलुकी ऐनको एघारौं संशोधनमा महिलाको सम्पत्ति सम्बन्धी अधिकार

नेपालमा परिष्कृत र संशोधित हुँदै आएको मुलुकी ऐन एघारौं पटक संशोधन भएको छ। प्रतिनिधिसभाको ११ औं अधिवेशन देखि विचाराधीन रहेको मुलुकी ऐन (एघारौं संशोधन) विधेयकलाई २० औं प्रतिनिधिसभाको अधिवेशनले केही संशोधन सहित पारित गरेको थियो। यस विधेयकले कतिपय भेदभावपूर्ण कानुनहरुलाई खारेज गरी महिलालाई विभिन्न हक अधिकार प्रदान गरेको भएता पनि अझै केही भेदभावपूर्ण प्रावधानहरु कायम रहेको पाइन्छ। यसरी उक्त विधेकयलाई पुन: संशोधन गर्नुपर्ने आवश्यकतालाई पनि नकार्न सकिदैन। जेहोस्, कानुनका दुई विद्यार्थीहरु मिरा ढुंगाना र मिरा खनालले संयुक्त रुपमा छोरीले पनि छोरा सरह पैत्रिक सम्पत्ति पाउनु पर्छ भनी ०५० साल जेठ १५ गते नेपाल अधिराज्यको संविधानको धारा १ बमोजिम संविधानसँग बाझिएको कानुन, संविधानको धारा ८८ (१) बमोजिम बदर घोषित गर्ने आदेश जारी गरी पाउँ भनी सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। यसैको फलस्वरुप छोरीले पनि छोरा सरह अंश पाउनु पर्छ भन्ने विषयले उतिखेर व्यापक बहस पाएको थियो। अन्तत: उक्त रिट निवेदनमा सम्पूर्ण नेपाली महिलाहरुको ऐक्यबद्धता रह्यो। फलस्वरुप लामो समयदेखि विचाराधीन अवस्थामा रहेको उक्त मुलुकी ऐन (एघारौं संशोधन) विधेयक ०५८ चैत १ गते प्रतिनिधिसभाले पारित गऱ्यो।

उक्त पारित विधेयकमा छोरीलाई पनि अंशियारको रुपमा स्वीकारेको कुरा स्वागत योग्य भएता पनि विवाह पश्चात् छोरीले प्राप्त अंश फिर्ता गर्नुपर्ने कानुनी प्रावधानबाट अंशमा छोरीको छोरा सरह पूर्ण अधिकार भने देखिदैन। यसबाट अझै पनि छोरी माथि गरिने भेदभाव प्रष्टिन्छ। त्यसैगरी विधवा महिलाले अंश लिई भिन्नै बस्न चाहेमा विवाहको हद १५ वर्ष र उमेर ३५ वर्ष पुग्नु पर्ने प्रावधानलाई हटाएको पाइन्छ। सधवाले आफूले चाहेको बखत लोग्नेबाट अंश जहिलेसुकै प्राप्त गर्न सक्दछे। साथै सम्बन्ध विच्छेद भएकी महिलालाई पनि अंश हक पाउने अर्थात् सम्बन्ध विच्छेद हुँदाको अवस्थामा नै लोग्ने र स्वास्नी बीच अंशवण्डा गर्नुपर्ने व्यवस्था गरिएको छ यदि सम्बन्ध विच्छेद गरेकी महिलाले अंश लिन नचाहेमा सो बापत लोग्नेबाट अर्को विवाह नगरुन्जेल वार्षिक वा मासिक खर्च भराई लिन चाहेमा त्यस्तो खर्च भराई दिन सक्ने व्यवस्था गरेको छ। यस ऐनमा छोरालाई मात्र नभई बाबुले छोरीलाई पनि छोरा सरह पालनपोषण गरी उचित शिक्षा दिक्षा, स्वास्थ्य उपचार गर्नु पर्ने दायित्वको व्यवस्था गरेको छ।

नेपाली महिलाले लामो संघर्षबाट छोरीलाई छोरा सरहको अंशियार दिलाउन केही हदसम्म सफल भएता पनि छोरीलाई पूर्ण अंशियारका रुपमा स्थापित गराउनका लागि महिलाहरुले अझै निरन्तर पहल गर्नु पर्ने आवश्यकता यथावत देखिएको छ। नेपालको वर्तमान कानुनले २१ औं शताब्दीमा पनि पुरुष सरह महिलालाई व्यवहारिक ऐन कानुनी र समान अधिकार प्रदान गर्न अझै असफल देखिन्छ। जे भएता पनि हालसम्म भएका प्रयासलाई क्रमश: सुधार गर्दै लगेमा विश्वका विकसित देशका महिला सरहका समानता नेपाली महिलाहरुले पनि प्राप्त गर्न सक्ने छन्। पुरुष सरह महिलाले पनि हरेक क्षेत्रमा सफलता प्राप्त गरेका छन्। यसको ज्वलन्त उदाहरणमा ०४६ सालको जनआन्दोलनमा महिलाहरुको योगदानलाई लिन सकिन्छ। आशा गरौं, नेपाली महिलाहरुको विगत र वर्तमानका यी उल्लेख्य योगदान र इतिहासलाई कसैले पनि कम आँक्ने छैनन् र महिलाहरुले पनि आफूलाई कमजोर ठानने छैनन्। महिला आन्दोलनमा थप अधिकार लिन जागरुक हुने ठाउँ वर्तमानलाई हेर्दा प्रशस्त देखिन्छ।

के तपाई मानवअधिकारप्रति रूची राख्नु हुन्छ ?

प्रत्येक शनिवार बिहान ८:३० बजे

रेडियो नेपालबाट प्रशारण गरिने

मानवअधिकार शिक्षा कार्यक्रम

सुन्न नभुलौं ।

मऱ्यौ भने ऐन बमोजिम सहुँला-बुझाउँला !



महाराज् छन् दर्बारमा हेर्न आउदैनन् ।
दुःखि जन्ले निन्रा निसाफ् सिधा पाउदैनन् ।
जागिरदार लोभि छन् निन्रा हेर्दैनन्,
मर्नु पर्ने शरीर हो विचार गर्दैनन् ।

– योगमाया न्यौपाने

भोजपुर जिल्लाको नेपाले डाँडा-५ मझुवा सानो सिम्लेमा योगमायाको जन्म भएको थियो। उनको जन्म वि.सं. १९१७ देखि १९२५ का बीच भएको अनुमान गरिन्छ। उनी आमा चन्द्रकला र पिता श्रीलाल उपाध्याय न्यौपानेकी एकमात्र छोरी थिइन। तत्कालीन समाजको सामान्य ब्राम्हण परिवारमा जन्मेकी योगमायाको विवाह ५-७ वर्षको उमेरमै भएको थियो। वैवाहिक जिवनमा उनी बाल विधुवा हुन पुगिन। त्यसबेलाको सामाजिक दृष्टिकोणमा उनी माथि अनेक प्रकारका लान्छानाहरु लगाइए। उनी माइतीको शरणमा पुगिन। माइतिमा पनि उनको जीवन सहज ढंगले चल्न सकेन। त्यसपछि उनी एक जना सहयोगीलाई लिएर भारतको आसाम पुगिन। त्यहाँ उनले दोस्रो विवाह गरिन। त्यहाँ उनको एक छोरी पनि जन्मेकी थिइन। तर दूर्भाग्य उनको दोस्रो पतिको पनि निधन भयो। पुनः उनले तेस्रो विवाह गरिन्। भनिन्छ, दोस्रो पतिबाट जन्मेकी छोरीका सम्बन्धमा भने धेरैलाई जानकारी नै छैन।

तेस्रो पतिबाट उनको अर्को छोरीको पनि जन्म भयो। तर त्यसपछि भने उनीहरु श्रीमान श्रीमती दुवैले सल्लाह गरी पूर्व कर्मको पश्चातापका लागि आफूहरु छुट्टिएर बस्ने निर्णय गरे। योगमाया नाबालक छोरी लिएर नेपाल आइन। नेपाल आएपछि उनले नेपाल लगायत भारतका विभिन्न तीर्थस्थलहरु घुमेर दिक्षा लिइन। अन्ततः उनी एक तपस्वीको रुपमा आफ्नो जन्म स्थलमा पुगेर कठिन योगसाधनामा लागिन र धारा प्रवाह प्रवचन दिन थालिन। उनका सयौंका संख्यामा भक्तहरु तयार भए। उनकी छोरी नैनकला उनको प्रमुख सहयोगीका रुपमा रहिन भने डण्डि स्वामी पण्डित प्रेमनारायण भण्डारीले योगमायाका प्रमुख सल्लाहकारका रुपमा काम गर्न थाले।

योगमायाले तत्कालीन समाजमा भएका अनेकौं भेदभाव र विसंगतिका विरुद्ध राणा सरकारलाई पनि घच्घच्याउन थालिन। उनले धनी-गरीब, ठूला-साना, माना पाथी, जातीय भेदभाव, सती प्रथा, दास दासी प्रथा, चर्को ब्याज, घुसखोरी, महिला माथिका भेदभाव लगायतका परम्पराका विरुद्ध राणा सरकारसंग सुधारको माग गरिन। भनिन्छ, योगमायाले आफ्ना प्रवचनहरु दिने क्रममा बोलेका कुराहरुलाई वि.सं. १९८८ साल तिर उनकी निरक्षर छोरीले लिपीबद्ध गरिन। योगमाया पनि निरक्षर नै थिइन।

उनले आफ्नो मागहरुलाई "धर्म राज्य" स्थापना हुनुपर्ने बताएकी थिइन तर सरकारले वेवास्ता गरेको महसुस गरिन। योगमाया सहित उनका २४० जना भक्तहरुले सरकारले माग पूरा नगरेकोमा अग्नि प्रवेश गरी आत्मादाह गर्ने सूचना वि.सं. १९९५ सालमा सार्वजनिक गरे। तत्कालीन सरकारले योगमाया लगायत ११ जनालाई पक्राउ गरी लामो समयसम्म जेलमा राखेको थियो। योगमायाले राखेका मागहरु पूरा गरिदिने र उनीहरुलाई "अब आइन्दा मर्ने छैनौं, मऱ्यौं भने ऐन कानुन बमोजिम बुझाउँला सहुँला" भनी कागज गराई सरकारले छोडेको थियो। त्यस क्रममा उनी राणा प्रधानमन्त्रीलाई भेट्न पटक पटक काठमाडौं आएकी थिइन। तर राजालाई भेट्न भने दिएको थिएन। सरकारले आश्वासन दिएर पनि आफ्ना माग पूरा गरी 'धर्मराज्य' स्थापना नगरेको ठानेर योगमाया र उनका भक्तहरुले पुनः जल समाधी लिएर आत्मादाहा गर्ने निर्णय गरे। त्यही निर्णय अनुसार वि.सं. १९९८ असार २२ गते हरिसयनी एकादशीका दिन योगमाया र उनका ६८ जना भक्तहरुले अरुण नदिको उर्लदो भेलमा हामफाली देह त्याग गरे।

योगमायाले प्रवचनमा व्यक्त गरेका वाणीहरुलाई उनका भक्तहरुले "सर्वार्थ योगवाँणी" का नाममा प्रकाशित गरिदिएका थिए। तर उक्त पुस्तक योगमायाले जल समाधी लिनु अघि प्रकाशित भयो वा पछि भन्ने सम्बन्धमा स्पष्ट छैन। यस अघि दुई पटक प्रकाशित भइसकेको 'सर्वाथ योगवाँणी' एउटामा कहिले प्रकाशित भएको भन्ने सम्बन्धमा उल्लेख छैन। त्यो प्रकाशित मिति उल्लेख नगरिएको योगवाँणीको अन्तिम पृष्ठमा मणी प्रेस, १० माइल कालिम्पोङ् लेखिएको छ। प्रथम १५००, द्वितीय १०००, २०१४/१२/१४/४ लेखिएको योवाँणीमा पूर्व ज्योति प्रेस गौहाटी लेखिएको छ।

योगमायाले आफ्नो धारा प्रवाह प्रवचनमा व्यक्त गरेका तत्कालीन समाजका वेथितिहरु आजको समाजमा पनि त्यत्तिकै सान्दर्भिक लाग्छन्। उनका वाणीहरु अध्ययन गर्दा उनी सामाजिक सुधारको पक्षपाति र अन्यायको विरोधी त छन् नै भविष्य वक्ताका रुपमा पनि देखा पर्छिन्। तर पनि उनी र उनको विद्रोहका सम्बन्धमा अझै विस्तृत अध्ययन जरुरी छ।

प्रस्तुति : गणेश भण्डारी

सर्वार्थ योगवाँणी को तेस्रो संस्करण सार्वजनिक

नेपालको सामाजिक तथा नारी जागरण आन्दोलनकी अग्रणी योगमाया न्यौपानेबाट व्यक्त वाँणीहरुको संकलन "सर्वार्थ योगवाँणी" को तेस्रो संस्करण यही साउन ४ गते काठमाडौंमा इतिहासकार ज्ञानमणि नेपालले एक कार्यक्रम बीच सार्वजनिक गर्नुभयो। राजसभा स्थायी समितिका सदस्य डा. स्वामी प्रपन्नाचार्यको सभापतित्वमा सम्पन्न उक्त पुस्तक सार्वजनिक कार्यक्रममा योगमायाको व्यक्तित्व, आन्दोलन र योगदानका विषयमा पनि चर्चा गरिएको थियो।

कार्यक्रमका सभापति डा. स्वामी प्रपन्नाचार्यले योगमाया न्यौपानेले राणाकालीन समयमा पनि तत्कालीन समाजका वेथितिका विरुद्ध खुलेर आवाज उठाएकी र राणा सरकारलाई चुनौती दिएको कुरा बताउनु भएको थियो। इतिहासकार ज्ञानमणि नेपालले योगमाया समाजलाई आर्थिक, सामाजिक, राजनीतिक र धार्मिक रुपमा सुधार गर्न खोज्ने एक विद्रोही नारी व्यक्तित्व भएको बताउनु भएको थियो। कार्यक्रममा राष्ट्रिय महिला आयोगका अध्यक्ष डा. दुर्गा पोखेलले समाज परिवर्तन र महिला जागरणको पक्षमा योगमायाले खेलेको भूमिकालाई आयोगले अझै खोज्नका लागि पहल गर्ने बताउनु भयो। त्यसैगरी सोही अवसरमा भाषाविद् बसन्त कुमार शर्माले योगमाया तत्कालीन अवस्थामा एक ठूलो संगठक भएको र आफ्ना अडानमा जीवन नै बलिदान गर्न सक्ने दृढ व्यक्तित्व भएकोले पनि उनी सम्मानित एवं उदाहरणीय भएको चर्चा गर्नुभयो। सोही कार्यक्रममा पूर्वमन्त्री हेमराज राईले योगमायाले संचालन गरेको आन्दोलनले तत्कालीन राज्यसत्ता हल्लिएको र तिब्र दमनमा उत्रिएको बताउनु भयो। योगमायाका भक्त तथा योगमायालाई देख्ने जान्ने ८४ वर्षीय हिरण्यप्रसाद भण्डारीले योगमायाको विलक्षण व्यक्तित्वको उल्लेख गर्दै त्यस्ता नारीहरुको जन्म भइरहे समाजमा सुधार आउने बताउनु भएको थियो।

वैकल्पिक समूह (वैकल्पिक सूचना प्रेषण तथा अध्ययन समूह) को तर्फबाट लेखनाथ भण्डारीको संयोजनमा पूर्व प्रकाशित 'सर्वार्थ योगवाँणी' को विवेचनात्मक अध्ययन, योगमायाको आन्दोलन र योगमायाको परिचय समेत समेटेर तयार पारिएको सो पुस्तकको प्रकाशन अस्मिता महिला प्रकाश समूहले गरेको हो।

खोई कहाँ छ महिला अधिकार ?

– अधिवक्ता, विष्णुबहादुर खत्री

"छोरी त अर्काको घर जाने जात, छोरीको विवाह पर नसर्दै गरिदिनु पर्दछ नत्र पाप लाग्छ", "छोरा पाए खसी छोरी पाए फर्सी"। आधा आकाश ढाकेका महिलाहरुका बारेमा हाम्रो समाजमा यस्तै थुप्रै भनाइ प्रशस्त सुन्न सकिन्छ।

विश्व एक्काइसौं शताब्दीमा प्रवेश गरिसकेको छ। हाम्रो नेपाली समाज भने पाप र पुण्य मै रुमल्लिरहेको छ। नेपाली समाज विशेष गरी हिन्दू धर्मबाट निर्देशित छ। हिन्दू धर्मका काली, लक्ष्मी, दुर्गा, सरस्वती नामबाट पुजिने महिलाहरु व्यवहारिक जीवनमा पीडादायी जीवन भोग्न बाध्य छन्। हिन्दू धर्मले नारीलाई माताको रुपमा श्रद्धा दिएको छ तर त्यही धर्मका आडमा समाजमा थुप्रै महिला माथि अमानवीय व्यवहार गरिदै आएको छ।

हिन्दू धर्मका अनुसार विवाहको एउटा प्रमुख उद्देश्य गर्भाधान गर्नु, सन्तान जन्माउनु हो। हिन्दू धर्मले सन्तानका रुपमा छोरालाई प्रमुखता दिएको छ। यस धर्मका अनुसार छोराले बाबु आमाको मृत्यु पश्चात् 'पु' नामक नरकबाट पार लगाउछ भन्ने मान्यता छ। धर्मशास्त्रका अनुसार छोराबाट स्वर्गलोक र नातिबाट सूर्यलोक प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ। आज पनि छोरा नपाउने महिला दर्जनौ पटक गर्भवती र सुत्केरी हुनु पर्ने अवस्था छ। पटक पटक गर्भवती हुनु पर्दा महिला शारीरिक र मानसिक रुपमा पीडित हुने मात्र होइन दैनिक कैयौ महिला मृत्युको शिकार हुन बाध्य भइरहेका छन्। आधुनिक चिकित्सा प्रणालीको विकास भइसकेको अवस्थामा कैयौ शहरिया बाबु, आमा गर्भ परीक्षण गराएर छोरा भए मात्र बच्चा पैदा गर्ने, छोरी देखियो भने गर्भ नै पतन गराउने गरेको पनि प्रशस्त घटनाहरु प्रकाशमा आइरहेका छन्। यसले गर्दा छोरीलाई जन्मन पाउने पहिलो अधिकारबाट समेत वंचित गरिने मात्र नभई गर्भवती महिलाको स्वास्थ्यमा समेत थुप्रै समस्या र अनेकौं रोग व्यथाबाट पीडित हुनु पर्ने अवस्था रहँदै आएको छ।

नेपालका उत्तरी सिमानाका जिल्लाहरु खासगरी सुदूर पश्चिमका गाउँहरुमा अझ पनि छाउपडि जस्ता प्रथा कायम छ। महिनावारी भएका बखत र सुत्केरी भएका समय महिलाहरुलाई पशु सरह व्यवहार गरिन्छ। उनीहरुलाई फोहोर, उज्यालो छिर्न नसक्ने सानो झुपडीमा राखिन्छ। जसले गर्दा उनीहरु शारीरिक र मानसिक रुपमा पीडित हुन्छन। त्यसैगरी सुदूर पश्चिमका गाउँहरुमा महिलाहरुलाई देवीका रुपमा मन्दिरमा चढाउने गरिन्छ। जसलाई हामी "देउकी प्रथा" भन्दछौं। आफ्नो मनको इच्छा पूरा हुने चाहनामा महिलालाई मन्दिरमा प्रसाद स्वरुप चढाउनु मानवता हो भन्न सकिदैन। देउकी जस्तै "झुमा प्रथा" पनि हाम्रो समाजमा आजसम्म विद्यमान छ। महिलाहरुले आफ्नो इच्छा विपरित मन्दिरमा बस्नुपर्ने, मन्दिरमा बसेपछि भगवानको प्रसादका रुपमा जीवन भर अविवाहित रहनु पर्ने जस्ता थुप्रै पीडा भोग्न उनीहरु बाध्य बनाइन्छन्। नेवारी समुदायमा बालिकालाई कुमारीका रुपमा मन्दिर चढाउने प्रथा पनि आजसम्म जस्ताको तस्तै राजधानी काठमाडौंमा रहेको छ।

बाल विवाह जस्तै अनमेल विवाह, वहुविवाह जस्ता समस्याबाट पनि महिलाहरु पीडित हुन्छन्। विवाहमा महिलाको निर्णय नहुँदा उमेर धेरै फरक गरेर साथै अन्य विभिन्न प्रकारले अमिल्दो विवाह गरी दिइन्छ। बाबु, दाइ, नातेदारले हेरेर निर्णय गरेका आधारमा महिला विवाह बन्धनमा बाँध्ने चलन गाउँमा मात्र होइन, शहरमा समेत छ। छोरा पाउने आशामा बहु विवाहले पनि महिलामा पीडा थप्न पुग्दछ।

हाम्रो समाजमा विधुवाप्रति गरिने सामाजिक व्यवहार सन्तोषजनक छैन। उनीहरु घर परिवार र समाजबाट अपहेलित भएका छन्। विधुवाहरुको चाहना हुँदाहुँदै पनि पुनः विवाह गर्ने सामाजिक अवस्था छैन। विधुवाको प्रतिकका रुपमा जिन्दगीभर फरक कपडा लगाएत विभिन्न दैनिक व्यवहारमा ख्याल गर्नुपर्ने अवस्था रहेको छ। उनीहरुलाई शुभ कामर्यमा अशुभ मान्ने गरिन्छ। कानुमा पनि विधुवा विवाहलाई प्रोत्साहन दिन सकेको पाइदैन। समाजले विधुवालाई पुनः विवाह गर्नुलाई स्वीकार्न सकेको छैन।

नेपालमा वेश्यावृत्तिमा लगाउन तथा अन्य विभिन्न उद्देश्यले महिलाहरुमा बेचबिखन पनि भइरहेको छ। नेपालबाट भारतका विभिन्न शहरहरुमा महिलाहरुलाई वेश्यावृत्तिमा लगाउन बेचबिखन भइरहेको छ। अशिक्षित, सोझा, गरीब महिलाहरुको सोझोपनको कारण नेपाली चेलीहरु बेचबिखनको शिकार भएका छन्। जसमा २० प्रतिशत महिला १ वर्ष मुनिका रहेको तथ्याक छ। चेलिबेटी बेचबिखन तथा वेश्यावृत्तिमा लगाउने जस्ता अमानवीय व्यवहारले एड्स जस्तो प्राणघातक रोग र यौन सम्बन्धी विभिन्न रोगहरुबाट महिलाहरु पीडित बन्न पुगेका छन्। हाल एड्स पनि नेपालको प्रमुख समस्या बन्दै आएको छ।

महिलाहरुलाई विज्ञापनको साधनका रुपमा, सजावटका रुपमा हेर्ने गरिन्छ। उनीहरुलाई टिभि, चलचित्र, फेशन शो आदिमा विज्ञापनका साधनका रुपमा प्रयोग गरिएको छ। कतिपय अवस्थामा पुरुषले प्रयोग गर्ने समानको विज्ञापनमा समेत महिलालाई प्रयोग गरिन्छ। महिलाहरु यौन व्यवहारप्रति अनुशासित र मर्यादित हुनु पर्दछ भन्ने मान्यता राखिन्छ तर पुरुषहरुमा त्यस्तो हुँदैन। पुरुषहरुको विवाह अघि होस् वा विवाह पछि घर बाहिरको यौन सम्बन्धलाई समाजले कम महत्व दिन्छ तर महिलाहरुलाई त्यति सहज छैन। महिलाको विवाह अघिको यौन सम्बन्ध र विवाह पछिको घर बाहिरको यौन सम्बन्धलाई चर्चाको विषय बनाउने गरिन्छ। विज्ञापन लगायतका अन्य थुप्रै प्रयोगमा महिला सहभागिता गलत तरिकाले गराउँदा पनि महिलाप्रतिको हेपाहा प्रवृत्ति, महिला विरुद्धका अपराध तथा बलात्कार र यौन शोषणमा वृद्धि भएको छ।

कतिपय अवस्थामा आर्थिक स्थिति कमजोर भएकाले जीवन गुजर्ना केही महिलाहरु देह व्यापारमा लाग्न बाध्य भएका पनि छन्। यसतर्फ सचेत महिलाहरुले र नागरिक समाज सबैले चेतना फैलाउनु आवश्यक छ। मध्य पश्चिमका दाङ लगायतका जिल्लाहरुमा वादी जातिहरुमा आर्थिक अवस्था कमजोर भएका कारण आजसम्म चेलिबेटीलाई देहव्यापारमा लगाउने गरेको पाइन्छ। सरकारी तथा गैर सरकारी संस्थाहरुले त्यसता जाति र महिलाहरुका लागि वैकल्पिक बाटो देखाएमा यस्ता प्रचलनमा कमी आउने छ।

नेपालमा राजनीतिक रुपमा महिला सहभागितामा कमी छ।

उनीहरु निर्णय गर्ने ठाउँमा छैनन्। भएका पनि तुलनात्मक रुपमा कमी छन्। समाजमा हुने निर्णय, व्यवहार र कानुन निर्माणमा पनि पुरुषहरुको बढी सहभागिता हुने भएकाले असमानता बढेको छ। कानुन निर्माण गर्ने व्यवस्थापिकामा महिला आवाज कमी भएकै कारण थुप्रै असमान कानुन रहँदै आएको छ। तुलनात्मक रुपमा महिला सहभागिता बढ्दो छ। २०१५ सालमा ०.९२ प्रतिशत महिला प्रतिनिधित्व भएकोमा २०४८ र ०५१ मा ३.४१ प्रतिशत हुँदै २०५६ को आम निर्वाचनमा ५.७३ प्रतिशत महिला प्रतिनिधित्व प्रतिनिधि सभामा भएको छ। यति हुँदाहुँदै पनि महोत्तरी जिल्लाका केही गाविस र अन्य जिल्लाका गाउँहरुमा पनि आजसम्म पनि महिलाले मतदान गर्न नपाएका तथ्यहरु छापामा आएका छन्। स्थानीय निकायमा धेरै महिला विजयी भएका छन्। तर पनि चुनावमा उम्मेदवार दिने समयमा ससुरा, श्रीमान, जेठाजु, इष्टमित्र, आदिले भनेका भरमा उम्मेदवारी दिने विजयी भएपछि आफ्नो काम, कर्तव्य, अधिकार थाहा नपाउने महिला थुप्रै छन्। यसैले उनीहरुलाई गाविस, नगरपालिकाको निर्णयमा र विकास निर्माणमा समेत सहभागी गराइदैन। उनीहरुको आवाज सुनिदैन। कानुनी व्यवस्था पूरा गर्न मात्र उनीहरुलाई विजयी गराइएको अवस्था छ। २०५२ असोजमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय स्थापना भइसकेको छ। राजनीति लगायत केही विषयमा महिला सहभागिता थोरै भए पनि उपलब्धी भएको छ। तर यसलाई अझ विस्तार गर्नु आवश्यक छ। राजनीति लगायत समाजका प्रत्येक गतिविधिमा महिला सहभागीतामा जोड दिंदै महिलाहरुलाई सम्मान दिन सक्यौ भने मात्र विकास सम्भव छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले मौलिक हकका रुपमा धारा ११ मा समानताको हकको स्पष्ट व्यवस्था गरेको छ। जुन प्रावधान अनुसार लिङ्गका आधारमा कुनै प्रकारको भेदभाव गर्न नपाइने संवैधानिक व्यवस्था छ। तापनि विद्यमान कानुनका विभिन्न बुँदाहरु समानता विपरित रहेका छन्। संसदको एक्कासौं अधिवेशनबाट मुलुकी ऐन एघारौं संशोधन विधेयक पारित भइसकेको छ। यसबाट मुलुकी ऐनमा रहेका केही असमान कानुनी व्यवस्थामा सुधार भएको छ। सोचे जति उपलब्धी हुन नसकेता पनि थोरै भए पनि उपलब्धी भएकोमा सन्तोष मानी आगामी दिनमा बाँकी हक अधिकारका लागि लड्नु पर्ने अवस्था छ। मानवअधिकार जहिले पनि जन्मसिद्ध, अहरणीय, प्राकृतिक र अविभाज्य हुन्छन्। एउटा अधिकार दिएर अर्को अधिकार खोस्न पाइदैन। महिला अधिकारका क्षेत्रमा यस्ता विवाद पटक पटक आउने गर्छ। सम्पत्ति, शिक्षा जस्ता विषयमा एउटा दिएर अर्को खोसिनु पर्ने आवाज उठेको पाइन्छ। वास्तवमा महिलाको व्यक्तित्व विकासका लागि जे जे अधिकार आवश्यक छ ती सबै अधिकार प्रदान गर्न सबै तयार रहन सक्नु पर्दछ। अधिकारलाई विकल्पका रुपमा प्रस्तुत गरिनु हुँदैन।

सेना लगायत शारीरिक वल प्रयोग हुने ठाउँमा महिला सहभागिता गराइदैन। ठाउँ पाए महिलाहरु जे पनि गर्न सक्छन् चाहे त्यो शारीरिक होस् वा बौद्धिक कार्य। उनीहरु कमजोर छैनन्। उनीहरुलाई मानसिक रुपमा कमजोर बनाइएको हो। हाम्रै समाजमा पनि धेरै महिलाले यो प्रमाणित गरिसकेका छन्। एउटा उदाहरण लिनु पर्दा काठमाडौंमा केही वर्ष अगाडिसम्म महिला सहभागिता नरहेको टेम्पो चालकमा आज महिला संख्या बढेको छ। शारीरिक बल प्रयोग हुने नेपाल प्रहरीमा पनि महिलाहरुको संख्या बढ्दो छ। शारीरक रुपमा महिला र पुरुष बीच केही भिन्नता अवश्य छ। तर त्यही कारणले महिला कमजोर छैनन्। उनीहरुलाई हाम्रो संस्कार, परम्परा र व्यवहारले कमजोर बनाएको मात्र हो। समाजमा सामाजिक लैङ्गिक विभेद छ। उनीहरुलाई अवसरबाट वन्चित गरेर मानसिक रुपमा कमजोर बनाएको छ।

समानताकै हक अन्तरगत समान कामका लागि समान ज्याला दिइनु पर्ने प्रावधान छ। महिला भएकै नताले समान कामका लागि समान ज्याला पाउनबाट उनीहरुलाई वन्चित गरिन्छ। महिलाहरु व्यापार, व्यवशाय, उद्योग, जागिर रोज्न स्वतन्त्र छैनन्। उनीहरुले घर परिवार, बाबु, श्रीमानको निर्णय पर्खनु पर्दछ। नेपाली महिलाहरु विशेषगरी अनुत्पादक कार्यमा व्यस्त हुन्छन्। उनीहरु घर भित्रका काम, परिवारको सेवा सुसार गर्ने, बच्चालाई खुवाउने, खाना बनाउने, भान्साको काम गर्न भाँडा सफा गर्न, कपडा धुने, घर आँगन सरसफाई गर्ने जस्ता कार्य गर्दछन्। विहानदेखि बेलुकासम्म काममा महिलाहरु जोतिएको जोतियै हुन्छन्। तर त्यसको कुनै मूल्य हुँदैन। कामको मूल्य नहुँदा काम गरेको जस्तो पनि देखिदैन। महिलाले घर व्यवहार सम्हालेको कारण पुरुषहरु घर बाहिर आय आर्जन गर्न सक्छन्। तर महिलाले घर व्यवहार नसम्हाल्ने बालबच्चाको रेखदेख नगर्ने हो भने पुरुष न आय आर्जन गर्न सक्छन् न त व्यक्तित्व विकासगर्न र स्वतन्त्र रुपमा घर बाहिर हिंड्न नै सम्भव हुन्छ। त्यसैले अप्रत्यक्ष रुपमा पुरुषका प्रत्येक गतिविधिमा महिलाको सहयोग सद्भाव रहेको हुन्छ।

वर्तमान संविधानको धारा ९ मा नागरिकता प्राप्त गर्ने सम्बन्धमा पनि वंशजका आधारमा बाबुको परिचयबाट मात्र नेपाली नागरिकता प्राप्त गर्न सकिने वयवस्था छ। बाबु थाहा नभएका वा पत्ता नलागेका बालबालिकाहरुलाई नागरिकता प्राप्त गर्न समस्या रहँदै आएको छ। आमाका आधारमा आमाको राष्ट्रियता र नागरिकका आधारमा नागरिकता प्राप्त गर्नबाट वन्चित हुनु पर्दछ। कथंकदाचित नागरिकता प्राप्त गर्न सकेता पनि धेरै झमेला झन्झट व्यहोर्नु पर्ने हुन्छ। संविधान संशोधनको विषयले आज राष्ट्र तातेको छ। संविधान संशोधन हुँदा यस्ता विषय पनि समेटिनु आवश्यक छ।

वर्तमान संविधानमा महिलाको अवस्था दयनीय भएकै कारण आरक्षणको व्यवस्था समेत गरेको छ। संविधानको धारा ११४ मा प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्येक राजनीतिक दलले अनिवार्य पाँच प्रतिशत महिला उम्मेदवार दिनु पर्ने प्रावधान छ। त्यसरी नै धारा ४६ मा प्रतिनिधि सभाबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एकल सक्रमणीय मतका आधारमा निर्वाचित हुने ३५ जना राष्ट्रिय सभा सदस्यमा ३ जना महिला हुनुपर्ने व्यवस्था छ। संविधानले महिला सहभागितामा वृद्धि गर्ने अपेक्षाले आरक्षण व्यवस्था गरेता पनि राजनीतिक दलहरुले महिलालाई आरक्षण कोटामा मात्रै सीमित गरेको अवस्था छ। जसले गर्दा महिला सहभागितामा उल्लेख्य प्रगति हुन सकेको छैन। संविधान संशोधन गर्दा महिला सहभागिता वृद्धिका लागि विशेष व्यवस्था गरिनु पर्ने अवस्था छ।

राज्यसँग अधिकार र शक्ति हुन्छ त्यसैले पनि यस्ता समस्या समाधानका लागि राज्यको भूमिका महत्वपूर्ण मानिन्छ। महिला हक, अधिकार र समानताका लागि महिला सम्बन्धी विशेष कानुन बनाउनु आवश्यक हुन्छ। कतिपय अवस्थामा महिला अन्याय, अत्याचार, शोषण, दमनबाट पीडित भएर पनि अदालतको ढोका घच्घच्याउन सक्तैनन्। त्यहाँ थुप्रै सामाजिक, आर्थिक समस्याले अप्ठ्यारो स्थिति सिर्जना गर्दछ। अदालतको ढोका समाउन पुगे पनि न्याय पाए जस्तो महसुस हुँदैन। पीडित महिलाका समस्या छिटो र छरितो तरिकाबाट फैसला गर्न पारिवारिक अदालत गठन गरी महिला इजलाशको छुट्टै व्यवस्था गर्नु पर्दछ। जसले गर्दा महिला पीडित भएका बखत छिटो, छरितो, सर्वसुलभ न्याय प्राप्त गर्न मद्दत पुग्दछ।

(लेखक मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, राष्ट्रिय समितिका उपाध्यक्ष हुनुहुन्छ।)

कविता

हत्या-हिंसा बन्द गर

– जीवन खड्का

हामीसँग खुसी थियो, उमंग थियो,
जोश थियो र जाँगर पनि थियो
संसार थियो, शान्त समाज थियो
र बुद्धको देश शान्ति क्षेत्र नेपाल थियो।
कोईलीका करुण स्वरहरु थिए,
न्याउलीका विरहपूर्ण रोदनहरु थिए।
ति रोदन बिर्साउने रमाईला भञ्ज्यांग थिए,
र थिए रमाईला चौतारीहरु।
जोस गयो जाँगर गयो
साथै गयो उमंग र खुशी पनि।

बाबा थिए, आमा थिए
छोरा-बुहारीहरु थिए र थिए दाजुभाई, दिदी-बहिनीहरु
बाबु मारिए, छोरा मारिए,
आमाको सिउँदो पुछियो, बुहारीको चुरा फुट्यो
सुन्दर र सुखमय परिवारमा
विनासकारी चट्यांग पऱ्यो।
देश भित्र नै दुस्मन जन्मिए, बैरी अन्मिए
एउटाको गोली अर्कोलाई लाग्यो
हर्केको गोलीले विर्खे ढल्यो
देश आतंकको भूमरीमा फस्यो।

शान्ति क्षेत्रको नाम
जाफ्ना र तोराबोरामा बदलियो
भञ्ज्यांग र चौतारीहरु
बारुद र बमको धुँवाले ढाकिए।

अहिले पनि मेरो देश छ
मेरो समाज छ र छ मेरो गाउँ पनि
तर किन बनायो र कस्ले बनायो
मेरो देश र समाजलाई
मसानघाट झन्दा पनि भययुक्त र त्रासदी पूर्ण ठाउँ ?
कति सस्तो छ मानव जीवन ?
किन होम्दैछौ निर्दोष जनतालाई
महायज्ञका तिल-जौ झैं
युद्धको विभिसिकामा ?
किन पुछि दिन्छौ निर्दोष आमाहरुका सिउँदो ?
किन फुटाई दिन्छौ बुहारीका हातका चुराहरु ?
किन टुटाईदिन्छौ सँगै जिउने जोडाहरु ?

सक्छौ भने बुद्धको भूमिलाई शान्तिक्षेत्रमै फर्काउ
देश भित्रै गृहयुद्ध नचर्काउ
निर्दोष जनतालाई आँशु र रगतमा डुबाउने
रुवाबासिको कोलाहल पूर्ण आतंक बन्द गर।
युद्ध कहिले शान्तिको पक्षमा हुँदैन
जनता युद्धको पक्षमा छैनन्
जनता शान्ति चाहन्छन्,
देश शान्तिको भिख मागिरहेको छ
नेपाल आमा आँशुले नुहाई रहेकी छिन्।
यदि तिमी नेपाल आमाका सपूत हौ भने
हतियार थन्क्याई हातमा शान्तिको दियो बाल
राष्ट्रको अस्मीता जोगाउन अघि सर
वास्तविक नेपालीको परिचय दिन
हत्या र हिंसा बन्द गर।

– इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि, रुकुम

इन्सेकद्वारा २०५९ जेठ १ र २ गते काठमाण्डौमा आयोजित बालअधिकार संरक्षक शिक्षकहरुको राष्ट्रिय भेलाले पारित गरेको

काठमाण्डौ घोषणा-पत्र

- मानवअधिकारको विश्वव्यापी घोषणा सन् १९४८ को धारा २५ र २६ को मनन गर्दै बालबालिकाको विशेष हेरचाह तथा शिक्षाको अधिकारमा जोड दिंदै,
- नेपालले अनुमोदन गरेको बालअधिकार सम्बन्धी महासन्धि सन् १९८९ ले प्रदत्त गरेका मान्यतालाई हृदयंगम गर्दै,
- बालबालिकाको बचावट, विकास र संरक्षण सम्बन्धी कार्य योजना र विश्व घोषणापत्र सन् १९९० लाई आत्मसात गर्दै,
- बालश्रम उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम सन् १९९५ ले लक्षित गरेका बूँदाहरुलाई ध्यानमा राख्दै,
- समाज विकास सम्बन्धी कोपनहेगन घोषणा पत्र सन् १९९५ ले बालहीत र विकासका लागि जाहेर गरेको प्रतिबद्धतालाई ध्यानमा राख्दै,
- अन्तर्राष्ट्रिय श्रम संगठनको अत्यन्त खराब अवस्थाको बालश्रम सम्बन्धी महासन्धि नं. १८२ लाई मनन गर्दै,
- सशस्त्र संघर्षमा बालबालिकाकाको प्रयोग सम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक प्रलेख सन् २००० लाई सान्दर्भिक र समयानुकूल रुपमा ध्यान दिंदै,
- बालबालिकालाई वेश्यावृत्ति गराउने, अश्लिल चित्रण सम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक प्रलेख सन् २००० लाई आत्मसात गर्दै,
- यसैगरी बालश्रम सम्बन्धी विभिन्न घोषणा पत्रहरुलाई अध्ययन मनन गर्दै,

श्री ५ को सरकारले अनुमोदन गरेका माथि उल्लेखित अभिसन्धिहरु, ऐच्छिक प्रलेख, घोषणा पत्र र प्रतिबद्धतालाई कार्यान्वयन गर्न बनेका राष्ट्रिय कानुनका आधारमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बालबालिकाको हक हित संरक्षण गर्न र बालअधिकारको प्रत्याभूति दिलाउन संचालन गरेका कार्यक्रम र क्रियाकलापमा आफ्नो प्रतिबद्धता जाहेर गर्दै हामी यस भेलामा सहभागी भएका ४० भन्दा बढी जिल्लाका संरक्षक शिक्षकहरु, इन्सेक आबद्ध संस्थाका प्रतिनिधिहरु र इन्सेक परिवार समेतको संयुक्त घोषणाको रुपमा **"बालबालिका र हाम्रो दायित्व"** भन्ने काठमाण्डौ घोषणा पत्र जारी गरेका छौं।

हाम्रो प्रतिबद्धता

- हामी बालबालिकाहरुलाई बाल सैन्यको रुपमा प्रयोग हुन दिने छैनौं।
- बालबालिकालाई श्रमिकको रुपमा प्रयोग गर्ने गराउने र उनीहरुको विकासमा अवरोध हुने काम हुन दिने छैनौं।
- सबै बालबालिकाका लागि शिक्षाको पहुँच समान हुनु पर्छ भन्ने हाम्रो दृष्टिकोण अनुरुप निःशुल्क शिक्षा र अनिवार्य शिक्षाका लागि कार्य गर्ने छौं।
- बालबालिकाको बेचबिखन र यौन शोषणको स्थितिलाई अन्त्य गर्न प्रयासरत रहने छौं।
- बालबालिकाको स्वास्थ्य रक्षा र आधारभूत आवश्यकता परिपूर्तिका लागि सदैव कार्यरत हुने छौं।

हाम्रो दायित्व

- **"सबैको लागि शिक्षा"** भन्ने नाराका साथ बालबालिकाको शिक्षाको अधिकारलाई कार्यान्वयन गर्ने गराउने । शिक्षा सर्वसुलभ र गुणस्तरयुक्त हुनु पर्ने कुरामा जोड दिने। छोरीलाई छोरा सरह पढाउनु पर्छ भन्ने धारणालाई स्थापित गराउने ।
- बालश्रमको अन्त्यका लागि बालश्रम विरुद्ध अभियानहरु संचालन गर्ने। बालबालिकालाई जोखिमयुक्त क्षेत्रमा काम गरेका भए उद्धार गर्ने र पुनर्स्थापना गर्ने।
- बालबालिका बेचबिखन एक अपराध भएकाले यसको विरुद्ध व्यापक जागरण पैदा गर्ने र त्यस्तो ओसार-पसार गर्ने व्यक्तिलाई कानुनको तहसम्म कारवाहीका लागि सुम्पिने।
- वर्तमान सन्दर्भमा बाल सैन्य प्रयोग हुने खतरा रहेकाले त्यस प्रवृत्ति विरुद्ध कार्यहरु गर्ने र सोको जानकारी सार्वजनिक गर्ने, गराउने।
- बालबालिकाको स्वास्थ्य सेवाको विस्तारका लागि दबाब सिर्जना गर्ने। उनीहरुलाई खान र बस्ने व्यवस्था जस्ता आधारभूत तहका आवश्यकता पूरा गर्नका लागि प्रत्येक जिल्लामा बालबालिका गृह संचालन गर्न माग गर्ने ।
- बालबालिकालाई अन्य अपराधी सरह जेलमा राख्ने व्यवस्था विरुद्ध आवाज उठाउने र सोको सार्वजनिक जानकारी गराउने। बाल इजलासलाई प्रभावकारी पार्न दबाबमूलक अभियानहरु संचालन गर्ने।
- बालबालिकालाई गरिने घरेलु हिंसा, जातीय भेदभाव र अमानवीय व्यवहार गर्नेहरुको विरुद्धमा कार्यहरु गर्ने ।
- बालबालिकाको सम्मान र प्रतिष्ठा बढाउन मायालु वातावरण दिने कार्यमा अभिप्रेरित गर्ने, बालबालिकाको संरक्षण, विकास र सामूहिक सहभागितामा कार्यहरु गर्ने।

यस घोषणा पत्रमा उल्लेखित बालबालिकाहरु प्रतिको हाम्रो प्रतिबद्धता र दायित्वलाई आ-आफ्नो कार्यक्षेत्रमा सफलतापूर्वक सम्पन्न गर्ने दृढताका साथ यो घोषणा पत्र पारित गरेका छौं।